सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२४ माघ २०८१, बिहीबार (6 Feb 2025, Thursday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २९१ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ गृह प्रशासनबाटै प्रताडित प्रेमिल अन्तरजातीय जोडीको बिलौना

शान्तिसँग बाँच्न पाऔँ, यस्तो अत्याचार कसैले भोग्न नपरोस्

नवराज मैनाली, सौरभ यादव

अन्तरजातीय प्रेमविवाह गरेकै कारण राज्यबाटै चरम अत्याचार भोगिरहेका सर्लाहीको बरहथवा नगरपालिका– १० का सत्येन्द्रकुमार राम (चमार) र १७ की नेहा रौनियारले शान्तिपूर्वक बाँच्ने वातावरण मिलाइदिन याचना गरेका छन्। जातकै कारण आफूहरूले जस्तो यातना कसैले भोग्न नपरोस् भनेर राज्य र समाजसँग आग्रह पनि गरेका छन्। प्रहरीको डरले लुकिछिपी बसिरहेका सत्येन्द्र र नेहा बुधबार राति नयाँ पत्रिकाको सम्पर्कमा आएका छन्। उनीहरूले अदालतमा विवाह दर्ता भइसक्दा पनि प्रहरीले पक्राउ गर्ने, कुटपिट गर्ने, धम्की दिने र विभिन्न मुद्दा चलाउने काम गर्दै आएकाले लुकिलुकी बस्नुपरेको बताएका छन्। गृहमन्त्री रमेश लेखककै निर्देशनमा खटिएको प्रहरीले भारतको बम्बैदेखि काठमाडौंको टीकाथलीसम्म आफूहरूमाथि ज्यादती गरेको उनीहरूको भनाइ छ। प्रहरीले गरेको अत्याचारको बेलिविस्तार उनीहरूले यसरी सुनाए :

हामीले प्रेम गरेका थियौँ, तर त्यसमा राज्यसंयन्त्रकै आँखा लाग्यो। त्यति वेलादेखि जारी हामीमाथिको अत्याचार विवाह गरिसकेपछि पनि यथावत् छ। गत मंसिरमा हामी बम्बै घुम्न गएका थियौँ। विदेशी भूमिमा पनि हामीमाथि राज्यशक्तिको दुरुपयोग रोकिएन। नेपालबाट गएका दुई प्रहरीले हामीलाई 'मोस्ट वान्टेड' भन्दै लेखटी-लखेटी पक्राउ गरे। पक्राउ मात्रै गरेनन्, कुटपिटसमेत गरे। के दलित र गैरदलितबिच प्रेम हुनु, विवाह गर्नु यति ठुलो अपराध हो ? गृहमन्त्री र प्रहरीलाई हामी सोध्न चाहन्छौँ- बम्बैसम्म पछ्याएर पक्राउ गर्नुपर्ने हामीले के अपराध गर्‍यौँ ?

> **नेपालबाट गएका दुई प्रहरीले हामीलाई बम्बैमा 'मोस्ट वान्टेड' भन्दै लेखटी-लखेटी पक्राउ गरे। पक्राउ मात्रै गरेनन्, कुटपिटसमेत गरे। के दलित र गैरदलितबिच प्रेम हुनु, विवाह गर्नु यति ठुलो अपराध हो ? गृहमन्त्री र प्रहरीलाई हामी सोध्न चाहन्छौँ- बम्बैसम्म पछ्याएर पक्राउ गर्नलाई हामीले के अपराध गर्‍यौँ ?**

दिल्ली हुँदै नेपाल लैजाने भन्दै हामीलाई बम्बैबाट हिँडाए। उनीहरूले आफूहरू गृहमन्त्री रमेश लेखकको आदेशमा आएको र नेपाल लगेर 'कोर्ट म्यारिज' गरिदिन्छौँ भनेका थिए। मनमा झन् त्रास बढ्यो- कतै लगेर दुवैजनालाई मारिदिन्छन् कि ! तर, दिल्ली पुगेपछि भाग्यले साथ दियो। केही पेपर नमिलेपछि दिल्ली विमानस्थलमा सोधपुछ भयो। उनीहरूले नक्कली पेपर बनाएका रहेछन्। त्यहाँको पुलिसले 'बात क्या हे' भनेर सोधे।

» पृष्ठ ११ मा क्रमशः

कपिलवस्तु जिल्ला अदालतबाट गत ३ पुसमा विवाह दर्ता प्रमाणपत्र पाएपछि सत्येन्द्र राम (चमार) र नेहा रौनियार। उनीहरूले यसको जानकारी गृहजिल्ला सर्लाहीको सिडिओ कार्यालयदेखि प्रदेशसम्ममा गराएका थिए। आफूहरू असुरक्षित रहेको भन्दै उनीहरूले शान्तिपूर्वक बाँच्ने वातावरण बनाइदिन प्रशासनसमक्ष लिखित आग्रह नै गरेका थिए। तैपनि ९ पुसमा प्रहरीले यो प्रेमिल जोडीलाई छुट्याउने मात्रै होइन, सत्येन्द्रलाई जेल पठाउने नियतसाथ जिल्ला अदालतमा बालविवाहको मुद्दा दायर गऱ्यो।

■ गृह र प्रहरीको दाबी अनि यथार्थ

अन्तरजातीय जोडीमाथि राज्यसंयन्त्रबाट गरिएको अत्याचारको समाचारबारे गृह मन्त्रालय र प्रहरीले खण्डन गरे पनि यथार्थ यस्तो छ

१ सुरुमा नेहाका बुबा सुरेन्द्रले सत्येन्द्रविरुद्ध प्रहरीकहाँ 'छोरीलाई अपहरण' गरेको उजुरी लगेर गएका थिए। पछि २५ कात्तिकमा बालविवाहको मुद्दा दर्ता गरे। प्रहरीले सत्येन्द्रलाई फसाउने नियतसहित तत्काल मुद्दा लियो र हतारमा त्यही दिन जिल्ला अदालत सर्लाहीबाट पक्राउ पुर्जी पनि जारी गरायो। जबकि, सत्येन्द्र र नेहाले त्यतिवेला विवाह नै गरेका थिएनन्।

२ नेहाका बुबा सुरेन्द्रको 'माथि'सम्मै राजनीतिक पहुँच थियो। सत्येन्द्र र नेहा घुम्न मुम्बई गएका वेला गृहमन्त्री रमेश लेखकसँग उनले मिटिङ नै गरे। त्यसपछि गृहमन्त्रीले आइजिपीलाई निर्देशन दिए र अपराध अनुसन्धान कार्यालय टेकुबाट तत्कालीन डिएसपी रुगम कुँवरको नेतृत्वमा विशेष टोली नै उनीहरूलाई पक्राउ गर्न भारत पठाइयो। जबकि, गम्भीर अपराधका फरार अभियुक्त पक्राउ गर्न गृहमन्त्री र आइजिपीको निर्देशनमा मात्रै यस्तो टोली पठाइने गरिन्छ। तर, प्रेमविवाह गर्न खोजेका जोडीलाई छुट्याउन मात्रै होइन, फसाउने नियतसहित राज्यसंयन्त्रको चरम दुरुपयोग गरियो।

३ भारत पठाइएको प्रहरी टोलीको सम्पूर्ण खर्च नेहाका बुबा सुरेन्द्रले व्यहोरेका थिए। त्यति मात्रै होइन, सत्येन्द्र र नेहालाई पक्राउ गरेपछि प्रहरी टोलीले 'हाम्रो यत्रो खर्च भयो, त्यो पैसा पनि चाहिन्छ' भनेर उनीहरूसँग पनि रकम माग गऱ्यो। नियत सफा थियो भने सुरेन्द्रको खर्चमा किन प्रहरी टोली पठाइयो ?

४ प्रहरीले मुम्बईदेखि दिल्लीसम्म उनीहरूलाई ल्याई पनि सकेको थियो। तर, दिल्ली विमानस्थलमा कागजात मिलेको नदेखिएपछि भारतीय प्रहरीले सोधपुछ गऱ्यो। त्यही क्रममा नेहाले हल्ला गरेपछि सम्भवतः 'विवादमा आउने' डरले प्रहरी पछि हट्यो। र, उनीहरूलाई उतै छाडेर नेपाल फर्कियो।

५ सत्येन्द्र र नेहाले ३ पुसमा जिल्ला अदालत कपिलवस्तुमा विवाह दर्ता गरे। त्यति मात्रै होइन, जिल्ला प्रशासन कार्यालय सर्लाहीलाई लिखित जानकारी गराउँदै 'आफूहरू असुरक्षित रहेको र सुरक्षाको वातावरण बनाइदिन' आग्रहसमेत गरे। यस्तै लिखित आग्रह छिमेकी जिल्लाहरूलाई पनि गराए। तर, नियोजित रूपमा गृह प्रशासन नै परिचालन गरिएकाले त्यसको सुनुवाइ हुने कुरै भएन।

६ राज्यसंयन्त्रको दुरुपयोग गर्दै कति अत्याचार गरियो भने अदालतमा विवाह दर्ता गरेपछि र स्थानीय प्रशासनलाई लिखित जानकारी गराउँदासमेत प्रहरी रोकिएन। ९ पुसमा प्रहरीले जिल्ला अदालतमा सत्येन्द्रविरुद्ध बालविवाहसम्बन्धी मुद्दा दायर गऱ्यो। रोचक त के छ भने अदालतले पनि कुनै कागजपत्र नहेरी सत्येन्द्रसँग ३० हजार धरौटी माग्यो।

७ त्यसपछि पनि अरू मुद्दामा फसाउने भन्दै प्रहरीले धाकधम्की दिइरहेकै छ। त्यसैले सत्येन्द्र र नेहा भूमिगत रूपमा बसिरहेका छन्। राष्ट्रिय मानव अधिकार आयोगमा घटना विवरण सुनाउन पनि उनीहरू बुधबार लुकी-लुकी जानुपऱ्यो।

गृह प्रशासनले अन्तरजातीय जोडीमाथि गरेको अत्याचारविरुद्ध बुधबार माइतीघरमा गरिएको प्रदर्शन। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाही गर्न दलहरूको माग



लज्जास्पद घटनाले संविधानको धज्जी उड्यो, अदालतप्रतिको जनविश्वास धर्मरायो
● **जितु गौतम**, पोलिटब्युरो सदस्य, एमाले

घटनाको सत्यतथ्य छानबिन गरेर संलग्न दोषीलाई कारबाहीको दायरामा ल्याइनुपर्छ
● **प्रकाश रसाइली स्नेही**, कांग्रेस केन्द्रीय सदस्य

यो अपराधबारे गृहमन्त्री रमेश लेखकले जवाफ दिनुपर्छ, कमजोरी भए कठघरामा उभिनुपर्छ
● **अजयशंकर नायक**, माओवादी नेता

कानुनविपरीतको काम जोसुकैबाट भए पनि दण्डनीय हुन्छ, यसमा कसैले छुट पाउनुहुँदैन
● **सन्तोष परियार**, प्रमुख सचेतक, रास्वपा



गृहमन्त्रीको कदम संविधानविपरीत छ, यस्तो कार्यमा संलग्न उनको राजीनामा माग्छौँ
● **गणेश विक**, सचिव, एकीकृत समाजवादी

अध्यादेशलाई लिएर सत्ता र प्रतिपक्षी आमने-सामने

विशेष समय हटाउने रणनीतिबाट सत्तापक्ष 'ब्याक', महेश बर्तौला र सन्तोष परियारबिच नोकझोक

एउटै व्यक्ति कतिपटक प्रधानमन्त्री हुन पाउने ऐनमै किटान गर्न प्रस्ताव

राष्ट्रिय सभाको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिमा सांसदहरूले भने- प्रधानमन्त्री हुने भनेर चलिरहेको होडलाई सीमामा बाँधौँ

(पृष्ठ ३)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

नक्कली भुटानी शरणार्थी प्रकरणका मुख्य आरोपी अस्पतालको सुविधासम्पन्न क्याबिनमा

मुख्य आरोपी केशव दुलाल र सानु भण्डारी पाँच दिनदेखि सिनामंगलस्थित नेपाल मेडिकल कलेजको सुविधासम्पन्न १७ नम्बर क्याबिनमा, धरौटीमा छुटेका आरोपीदेखि उजुरीकर्तासम्मको भेटघाट

नयाँ पत्रिका

पुर्पक्षका लागि जेल चलान भएका नक्कली भुटानी शरणार्थी प्रकरणका मुख्य दुई आरोपीलाई बिरामी भएको बहानामा अस्पतालको सुविधासम्पन्न क्याबिनमा राखिएको छ। केशव दुलाल र सानु भण्डारी पाँच दिनदेखि सिनामंगलस्थित नेपाल मेडिकल कलेजको १७ नम्बर क्याबिनमा छन्। बिरामी भएको कागज बनाएर उनीहरूलाई क्याबिनमा राखिएको हो।

मुद्दाका केही उच्चपदस्थलाई जोगाउने रणनीतिअनुसार जेल प्रशासनकै मिलेमतोमा त्यसरी अस्पतालको क्याबिनमा लगेर राखिएको स्रोत बताउँछ। क्याबिनमा विभिन्न व्यक्तिहरू लगेर

सानु भण्डारी केशव दुलाल

छलफल गराइएको छ। प्रहरी स्रोतका अनुसार अस्पतालमा सोही मुद्दामा धरौटीमा छुटेका अन्य आरोपीदेखि उजुरीकर्तासम्मलाई लगेर भेट गराइएको छ। 'अस्पतालको जमघट हेर्दा ठुलै चलखेलजस्तो देखिन्छ,' ती प्रहरी अधिकारीले भने।

दुवैलाई अस्पतालको एउटै क्याबिनमा लगेर राखिनु र सो मुद्दामा जोडिएका विभिन्न व्यक्तिलाई लगेर छलफल गर्नुले यसमा मिलेमतो प्रस्ट देखिएको छ। उनीहरूलाई राखिएको अस्पताल कांग्रेस सांसद डा. सुनील शर्माको हो। शर्मा र अभियुक्त केशव दुलाल पुराना साथी हुन्। दुवैको घर मोरङ हो। त्यही कारण शर्माले नै भर्ना हुनुपर्ने कागज बनाएर आफ्नै अस्पतालमा राखेर विभिन्न व्यक्तिहरूसँग बैठक बस्ने वातावरण मिलाएको स्रोत बताउँछ।

केन्द्रीय कारागारका जेलर कृष्णबहादुर कटवालले उनीहरू केएमसी अस्पताल भर्ना भएको पुष्टि गरे। 'एकजनालाई प्रोस्टेट र अर्कालाई मुटु दुख्ने समस्या भएको भन्ने मेडिकल कागजका आधारमा अस्पताल भर्ना गरिएको हो, उनीहरू आज (बुधबार) कारागार फर्किसकेका छन्,'

» पृष्ठ ११ मा क्रमशः

रविविरुद्ध समान कसुरमा एउटै सरकारी वकिलले दुई अदालतमा गरे ऐनको फरक व्याख्या

चितवनमा साहारा सहकारी मुद्दाको थुनछेक बहस नसकिएपछि रविलाई पठाइयो न्यायिक हिरासतमा

नयाँ पत्रिका

सरकारले रास्वपा सभापति रवि लामिछानेविरुद्ध उस्तै कसुरमा चार जिल्लामा फरक-फरक ऐनअनुसार मुद्दा चलाउँदा एउटै सरकारी वकिलले जिल्लाअनुसार फरक व्याख्या गरेका छन्। चितवनमा रविविरुद्ध संगठित अपराधमा मुद्दा नचलाएको भन्दै जिल्ला न्यायाधिवक्ता शान्तिप्रसाद लुइँटेललाई रातारात सरुवा गरेपछि उनको ठाउँमा बुटवल उच्च अदालतबाट तानिएका उपन्यायाधिवक्ता रवि न्यौपानेले बुधबार मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ अनुसार ठगी कसुर गरेको दाबी गरे। जबकि उनै न्यौपानेले बुटवलको सुप्रिम सहकारी अपचलनमा रविविरुद्ध लागेको समान कसुरमा माघ दोस्रो साता रुपन्देही जिल्ला अदालतमा बहस गर्दा सहकारी ऐन, २०७४ अनुसार कसुर गरेको जिकिर गरेका थिए।

काठमाडौं र चितवनमा रविविरुद्ध मुलुकी अपराध संहिताअनुसार तथा पोखरा र रुपन्देहीमा सहकारी ऐनअनुसार ठगी मुद्दा चलाइएको छ। सहकारीको बचत अपचलन गरेको उस्तै कसुरमा फरक-फरक ऐनअनुसार मुद्दा अभियोजन गरेकामा रविपक्षीय कानुन व्यवसायीहरूले रुपन्देही जिल्ला अदालतमा पनि प्रश्न उठाएका थिए। सहकारी ऐन सहकारीसँग आबद्धहरूलाई मात्र लाग्ने विशेष ऐन हो। विशेष ऐन लागू भएको अवस्थामा सोही ऐनअनुसार मुद्दा चलाउनुपर्ने कानुनी प्रावधान छ। त्यस्तै, सहकारी ऐनमा मूल अभियोजनपछि पूरक अभियोजन गर्न ६ महिनाको मात्र हदम्याद हुन्छ।

यसबाहेक रविविरुद्ध कास्कीमा सम्पत्ति शुद्धीकरण ऐन तथा कास्की, काठमाडौं र रुपन्देहीमा संगठित अपराधविरुद्धको ऐन पनि लगाइएको छ। चितवनमा भने उनलाई

» पृष्ठ ११ मा क्रमशः

रविविरुद्ध संगठित अपराधको मुद्दा नचलाएको भन्दै सरुवा गरिएका लुइँटेलमाथि छानबिन गर्न महान्यायाधिवक्ताले गठन गरे समिति

● **सञ्जीवराज रेग्मी**
नायब महान्यायाधिवक्ता

तीन-चार दिनमै यस्तो जाँचबुझ प्रतिवेदन आइसक्छ। उहाँको आचरणगत वा अभियोजनसम्बन्धी दायित्वबारे छानबिन समितिले जाँच्ने हो। उहाँमाथि छानबिन हुने भएपछि पदमा राखिरहन नमिल्ने भएकाले महान्यायाधिवक्ताको कार्यालय ल्याइएको हो। अहिले नै यसमा के कारबाही हुन्छ भन्न सकिन्न।

काठमाडौं/ साहारा सहकारी मुद्दामा चितवन जिल्ला अदालतमा रविविरुद्ध संगठित अपराधको मुद्दा नचलाउने न्यायाधिवक्ता शान्तिप्रसाद लुइँटेललाई रातारात सरुवा गरेको सरकारले उनीमाथि छानबिन पनि गर्ने भएको छ। महान्यायाधिवक्ताको कार्यालयले नायब महान्यायाधिवक्ता गोपालप्रसाद रिजालको संयोजकत्वमा छानबिन समिति गठन गरेको हो। उक्त समितिमा सहन्यायाधिवक्ता सूर्यराज दाहाल, उच्च अदालत सरकारी वकिल कार्यालय हेटौंडाका सहन्यायाधिवक्ता ईश्वरीप्रसाद ढकाल र महान्यायाधिवक्ताको कार्यालयका उपन्यायाधिवक्ता रुद्रप्रसाद आचार्य सदस्य छन्। यो समितिलाई साहारा सहकारीको बचत रकम अपचलन अभियोजनबारे छानबिन गरी प्रतिवेदन बुझाउन कार्यादेश छ।

नायब महान्यायाधिवक्ता सञ्जीवराज रेग्मीले एक साताभित्रै सरकारी वकिलमाथि छानबिन सकिने बताए। रेग्मीले भने, 'तीन-चार दिनमै यस्तो जाँचबुझ प्रतिवेदन आइसक्छ। उहाँको आचरणगत वा अभियोजनसम्बन्धी दायित्वको बारेमा छानबिन समितिले जाँच्ने हो। उहाँमाथि छानबिन हुने भएपछि पदमा राखिरहन नमिल्ने भएकाले महान्यायाधिवक्ताको कार्यालय ल्याइएको हो।' लुइँटेलको केही त्रुटि देखिए निजामती सेवा ऐनअनुसार कारबाही अघि बढ्ने उनको भनाइ छ। अभियोजनमा त्रुटि नदेखिए कुनै कारबाही नहुने र देखिए सचेत गराउनेदेखि गम्भीर त्रुटि भेटिए अन्य कारबाहीको व्यवस्था ऐनले गरेको रेग्मीको भनाइ छ। 'अहिले नै यसमा के कारबाही हुन्छ भन्न सकिन्न,' उनले भने।

सबैतिरका सरकारी वकिलले संगठित अपराधको कसुरमा मुद्दा चलाएकोमा चितवनका जिल्ला न्यायाधिवक्ताले उस्तै प्रकृतिको घटनामा उक्त मुद्दा नलगाउँदा प्रश्न उठेकाले लुइँटेलमाथि छानबिन चलिरहेको महान्यायाधिवक्ताको कार्यालयले जनाएको छ। कानुन, नियम र तथ्यका आधारमा अभियोजन हुनुपर्नेमा अन्यथा देखिएपछि त्यसको जवाफदेही अभियोजनकर्ता नै हुने भएकाले जाँचबुझका लागि समिति गठन भएको रेग्मीको भनाइ छ।

'यस्ता जाँचबुझ थुप्रै भइरहेका हुन्छन्। हाम्रा सरकारी वकिलमाथि जहाँ प्रश्न उठ्छ, त्यसको छानबिन महान्यायाधिवक्ताको कार्यालयले गर्छ। वकिल जवाफदेही हुनुपर्छ,' रेग्मीले भने। कार्यालय स्रोतका अनुसार लेनदेनको गम्भीर आरोप लागेपछि एक महिनाअघि २४ घण्टाभित्र हाजिर हुने गरी जिल्ला र सहायक जिल्ला न्यायाधिवक्तालाई झिकाएर जाँचबुझ गरिएको थियो।

३२ करोडमा बनेको सुदूरपश्चिमको ठुलो आयुर्वेदिक चिकित्सालय विशेषज्ञ सेवाविहीन

विशेषज्ञ जनशक्तिको अभावले ५० शय्याको चिकित्सालयमा १० शय्यामा मात्र सेवा

धनगढीमा **तेजराज भट्ट**

सञ्चालनमा आएको दुई वर्ष बितिसक्दा पनि धनगढीस्थित सुदूरपश्चिम प्रादेशिक आयुर्वेदिक चिकित्सालयमा विशेषज्ञ सेवा सुरु हुन सकेको छैन। जनशक्तिको अभावले न्यून संख्याका शय्याबाट सेवा दिइएको छ।

संघ सरकारले ३२ करोड लागतमा निर्माण गरेको भवनमा सुदूरपश्चिम सरकारले ५० शय्याको चिकित्सालय सञ्चालनमा ल्याएको छ। तर, विशेषज्ञ चिकित्सकको अभावका कारण हाल १० शय्यामा मात्र सेवा प्रदान भइरहेको छ।

चिकित्सालयका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा. रामकामेश्वर ठाकुरका अनुसार विशेषज्ञ जनशक्तिको अभावका कारण सामान्य सेवा मात्र उपलब्ध गराइँदै आएको छ। 'अहिले हामी सामान्य सेवा दिइरहेका छौँ। तर, विशेषज्ञ जनशक्ति नहुँदा विशेषज्ञ सेवा दिन सकेका छैनौँ। सेवा विस्तार गर्न प्रदेश सरकारसँग थप जनशक्ति माग गरेका छौँ,' उनले भने।

५० शय्याको चिकित्सालय सञ्चालन गर्न ११औँ तहको एकजना निर्देशक, ६ जना कन्सल्टेन्ट

» पृष्ठ ११ मा क्रमशः

चिकित्सालयलाई ५० शय्यामा चलाउन दरबन्दी थपको तयारी

● **डा. रामकामेश्वर ठाकुर**
मेसु, आयुर्वेदिक चिकित्सालय

५० शय्याको चिकित्सालय सञ्चालन गर्न चिकित्सकसहित ११४ जनाको दरबन्दी माग गरेका छौँ। प्रदेश सरकारले जनशक्ति थप गरे धेरैजसो विशेषज्ञ सेवा यहीँ उपलब्ध गराउन सकिन्छ।

● **गणेशबहादुर सिंह**, प्रवक्ता
सामाजिक विकास मन्त्रालय

प्रादेशिक आयुर्वेदिक चिकित्सालयको कर्मचारी संगठन संरचना स्वीकृतिको प्रक्रिया अगाडि बढेको छ। स्वीकृत भएपछि पदपूर्ति कार्य अगाडि बढ्छ।

सुर्तीजन्य पदार्थको प्याकेटमा अब शतप्रतिशत भाग छोप्ने गरी चेतावनीमूलक सन्देश छाप्नुपर्ने

काठमाडौं/ स्वास्थ्यमन्त्री प्रदीप पौडेलले क्यान्सर नियन्त्रणका लागि भन्दै सुर्तीजन्य पदार्थको प्याकेट पूरै छोप्ने गरी चेतावनीमूलक सन्देश राख्नेसम्बन्धी निर्देशिका स्वीकृत गरेका छन्। यो निर्देशिका ०८२ भदौदेखि कार्यान्वयनमा आउनेछ। यसअघिको ९० प्रतिशत भागमा चेतावनीमूलक सन्देश छाप्नुपर्ने व्यवस्थामा संशोधन गर्दै पौडेलले सुर्ती तथा चुरोटलगायत पदार्थको अगाडि र पछाडिको शतप्रतिशत भागमा यस्तो चेतावनी छाप्नुपर्ने निर्देशिका स्वीकृत गरेका हुन्। 'क्यान्सरको उपचार मात्र होइन, रोकथामका उपायको खोजी हाम्रो प्राथमिकता हो,' उनले भने, 'चुरोट र सुर्तीजन्य पदार्थको प्रयोग घटाएर नागरिकको जीवनरक्षा गर्न यस्तो निर्णय गरेका हौं।'

यस्ता चेतावनीमूलक सूचनाले सुर्ती तथा चुरोट सेवन छाड्नेको संख्या वृद्धि हुने विश्वभर भएका अध्ययनहरूले देखाएका छन्। नेपालमा हरेक वर्ष ३७ हजारको सुर्ती तथा चुरोट सेवनबाट ज्यान जाने गरेको मन्त्रालयको तथ्यांक छ। सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, च्यापर्स, पेटी तथा पार्सल प्याकेजिङमा सन्देश र चित्र छाप्ने तथा अंकित गर्ने निर्देशिका ०८१ स्वीकृत भएपछि अब चुरोट र सुर्तीको अगाडि र पछाडिको पूरै भागमा प्रयोगले पार्ने असरसम्बन्धी चेतावनीमूलक चित्र छापिनेछ। सिंगापुरको भाइटल स्ट्राटेजिजको एसिया प्यासिफिक कार्यालयका टोबाको कन्ट्रोल निर्देशक डा. तारासिंह बमले नेपालले गरेको यो नीतिले युवा, बालबालिकामा धूमपान रोक्न र सुर्तीजन्य पदार्थ सेवन गर्न छाड्नका लागि सहयोग गर्ने बताए। उनका अनुसार यो निर्देशिकालाई कार्यान्वयन गर्ने हो भने केही हदसम्म क्यान्सर नियन्त्रणसमेत हुनेछ। 'स्वास्थ्य मन्त्रालयले गरेको यो निर्णयले समुदायमा सुर्तीजन्य पदार्थ सेवन गर्नेको संख्या घटाउनेछ,' उनले भने, 'निर्देशिका समयसापेक्ष बनेको छ।' यस्तो चेतावनीका कारण थाइल्यान्डमा ८५ प्रतिशतले धूम्रपान छाडेको एक अध्ययनले देखाएको छ। नेपालमा समेत यस्तो चेतावनीले काम गरिरहेकामा अब संशोधित निर्देशिकाले सुर्ती-चुरोटको प्रयोगकर्ता घट्ने र क्यान्सर तथा अन्य रोगमा कमी हुने अपेक्षा गरिएको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए।

शाखा कार्यालय गाम्ने/गाभिने सम्बन्धी सूचना !!

यस सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. को तपसिल बमोजिमका शाखा कार्यालय मिति २०८१ माघ ३० गते बुधबार देखि लागुहुने गरी अर्को शाखा कार्यालयमा गाभिने भएकोले हाल गाभिने शाखा कार्यालयबाट प्रवाह भैरहेका सम्पूर्ण सेवाहरू गाभिएको शाखाबाट प्रवाह हुने भएकोले सम्पूर्ण बीमित, अभिकर्ता तथा अन्य सेवाग्राहिहरू, नियमनकारी निकाय लगायत सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धमा कुनै कठिनाइ उत्पन्न भएमा वा थप जानकारी आवश्यक भएमा तल उल्लेखित नं. मा सम्पर्क गर्नुहुन वा कम्पनीको केन्द्रिय कार्यालयमा सम्पर्क गर्नुहुन समेत अनुरोध छ।

सि.नं.	गाभिने शाखा कार्यालयको नाम र ठेगाना	गाभिएर सेवा निरन्तर हुने शाखा कार्यालयको नाम र ठेगाना	सम्पर्क नं.
१	जोमसोम शाखा घरपझोङ गाउँपालिका वडा नं. ३, मुस्ताङ	बेनी शाखा बेनी नगरपालिका वडा नं. ८, म्याग्दी	९८२०१०६१८६, ९८०२३०३४७०

SuryaJyoti जीवनको साथी
सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
केन्द्रिय कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाण्डौ | फोन : ०१-४५४५९४१/४२
इमेल : info@suryajyotilife.com | वेबसाइट : www.suryajyotilife.com

Sahas Urja Ltd.

SAHAS URJA
Kathmandu-01, Hattisar

Unaudited Statement of Financial Position
As on 29th Poush, 2081 (i.e. 13th January, 2025) 2nd Quarter FY 2081/82

Amount In NRs.

Particulars	FY 2081/82 2nd Quarter Ending	FY 2081/82 1st Quarter Ending	FY 2080/81 2nd Quarter Ending
Assets			
Non-Current Assets			
Property, Plant and Equipments	155,328,520	155,142,696	141,027,710
Less: Accumulated Depreciation	(106,572,608)	(102,963,880)	(91,918,673)
Total Property, Plant and Equipments	**48,755,912**	**52,178,816**	**49,109,037**
Computer Software	317,020	317,020	317,020
Less: Accumulated Amortization	(294,520)	(294,520)	(290,759)
Project Cost	16,813,740,288	16,812,267,228	16,517,908,222
Less: Accumulated Amortization	(1,131,390,745)	(982,482,755)	(523,549,326)
Total Intangible Assets	**15,682,372,044**	**15,829,806,973**	**15,994,385,157**
Project Development Cost (BGHEP)	31,554,906	19,827,371	-
Prepayments	6,222,498	6,049,214	9,151,288
Right of Use Assets	-	723,832	2,895,327
Investment in Associates	800,000,000	800,000,000	-
Total Non Current Assets	**16,568,905,360**	**16,708,586,206**	**16,055,540,809**
Current Assets			
Other Current Assets	625,508,311	707,696,192	631,388,318
Cash And Cash Equivalents	504,680,078	197,243,747	174,454,923
Financial Assets held at fair value through Profit or Loss	7,320,400	7,320,400	257,320,400
Total Current Assets	**1,137,508,789**	**912,260,340**	**1,063,163,641**
Total Assets	**17,706,414,148**	**17,620,846,546**	**17,118,704,450**
Equity & Liabilities			
Shareholder's Fund			
Share Capital	3,780,000,000	3,500,000,000	3,500,000,000
Reserve and Accumulated Profit/(Loss)	2,977,180,195	2,965,818,119	2,603,865,327
Total Shareholder's Fund	**6,757,180,195**	**6,465,818,119**	**6,103,865,327**
Revaluation Surplus	**5,396,290**	**5,396,290**	**5,396,290**
Non Current Liabilities			
Medium & Long Term Loan	8,914,672,121	9,110,218,558	10,426,172,505
Total Non Current Liabilities	**8,914,672,121**	**9,110,218,558**	**10,426,172,505**
Current Liabilities			
Accounts Payables	17,013,128	8,883,086	25,175,092
Provisions	22,356,552	23,120,314	-
Withholding & Retentions	51,631,674	51,631,674	80,828,290
Bridge Gap Loan	1,938,164,188	1,955,778,505	477,266,947
Total Current Liabilities	**2,029,165,543**	**2,039,413,579**	**583,270,328**
Total Equity & Liabilities	**17,706,414,148**	**17,620,846,546**	**17,118,704,450**

Unaudited Statement of Profit or Loss and Other Comprehensive Income
For the Period from 1st Shrawan 2081 to 29th Poush 2081 (i.e. 16th July, 2024 to 13th January, 2025)

Particulars	FY 2081/82 2nd Quarter Ending	FY 2081/82 1st Quarter Ending	FY 2080/81 2nd Quarter Ending
Revenue from Sale of Electricity	**1,615,657,719**	**867,157,292**	**1,533,670,835**
Less: Direct Expenses	(94,478,018)	(44,377,456)	(63,228,167)
Less: Amortisation of Project Cost	(304,479,157)	(155,571,167)	(298,959,823)
Gross Profit	**1,216,700,545**	**667,208,669**	**1,171,482,844**
Add: Other Income	1,889,562	726,948	-
Total Income	**1,218,590,107**	**667,935,617**	**1,171,482,844**
Less: Administrative Expenses	(41,258,847)	(18,331,733)	(49,459,782)
Less: Depreciation	(7,355,440)	(3,746,712)	(6,389,229)
Operating Profit/(Loss)	**1,169,975,820**	**645,857,172**	**1,115,633,833**
Finance income	-	-	-
Finance costs	(440,661,580)	(234,072,830)	(647,643,126)
Net Finance Cost	(440,661,580)	(234,072,830)	(647,643,126)
Profit Before Tax and Staff Bonus	**729,314,240**	**411,784,342**	**467,990,707**
Staff Bonus	(14,586,285)	(8,235,687)	(9,359,814)
Provision for Corporate Social Responsibility	(4,845,121)	(3,322,990)	-
Profit Before Tax	**709,882,834**	**400,225,665**	**458,630,893**
Deferred Tax - Surplus (Expenses)	-	-	-
Income Tax Expenses	-	-	-
Other Comprehensive Income	-	-	-
Total Comprehensive Income	**709,882,834**	**400,225,665**	**458,630,893**

Notes: The Financial Statements are prepared as per the Nepal Financial Reporting Standards (NFRS).

धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३ को अनुसुचि-१४, नियम २६ को उपनियम (१) सँग सम्बन्धित

आ. व. २०८१/०८२ को दोस्रो त्रैमासिक प्रतिवेदन

१) **वित्तिय विवरण**

(क) **त्रैमासिक अवधिको वासलात नाफा नोकसान विवरण :**
यस साहस उर्जा लि. को उपरोक्त त्रैमासिक अवधि सम्मको अपरिस्कृत वासलात र नाफा नोक्सान विवरण यसै साथ पेश गरिएको छ।

(ख) **प्रमुख वित्तिय अनुपातहरू/परिसुचकहरू :**

प्रति शेयर आम्दानी (वार्षिकिकरण गरिएको)	३७.५६	पी.इ. रेसियो (वार्षिकिकरण गरिएको)	१३.०७
प्रति शेयर नेटवर्थ	१७८.९०	तरलता अनुपात	०.५६
प्रति शेयर कुल सम्पतिको मुल्य	४६८.४२		

२) **व्यवस्थापकिय विश्लेषण :**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धि विवरण:**
समिक्षा अवधीमा परियोजनाबाट निरन्तर विद्युत उत्पादन भईरहेकोमा नदि प्रवाहमा क्रमीक रुपमा आएको कमीको कारण उत्पादनमा पनि सोही अनुरुपमा कमी हुदै गएको। उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले सम्पन्न PPA बमोजिम खरिद तथा भुक्तानी प्राप्त भईरहेको छ।

(ख) **व्यवस्थापनको विश्लेषणात्मक विवरण**
कम्पनीको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक साधारण सभा मिति २०८१/०७/०४ गते सम्पन्न भएको र उक्त वार्षिक साधारण सभाले संचालक समितिले प्रस्ताव गरे बमोजिम नयाँ परियोजना बुढीगण्डकी जलविद्युत आयोजना ३४१ मे.वा. (PROR Type) मा लगानी गर्ने निर्णय अनुमोदन गरेको साथै उक्त वार्षिक साधारण सभाले कम्पनीको नयाँ संचालक समिति गठन गरेको सम्वन्धमा नियामक निकायहरूमा तोकिएको समयमा नै जानकारी गराईएको थियो।

३) **कानुनी कारवाही सम्बन्धि विवरण :**
क) यस अवधिमा कम्पनीले वा कम्पनीको विरुद्ध कुनै मुद्दा दायर नभएको।
ख) कम्पनीको संस्थापक वा संचालकले वा कम्पनीको संचालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अभियोग गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कम्पनीको जानकारीमा नभएको।
ग) कम्पनी विरुद्ध कुनै आर्थिक अभियोग सम्वन्धमा कुनै मुद्दा नभएको तथा कम्पनीको संचालक विरुद्ध कुनै आर्थिक अभियोग दायर भएको कम्पनीलाई जानकारी नभएको।

४) **संगठित संस्थाको शेयर कारोबार सम्वन्धी विश्लेषण:**

क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको सेयर कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा:**
नयाँ परियोजनाको लागि आवश्यक पुँजी संकलनको लागि आर्थिक वर्ष ०८०।८१ को नाफाबाट ८ प्रतिशत बोनस शेयर र वोनस शेयर थप पश्चात कायम हुने पुँजीमा १:१ हकप्रद शेयर जारी गर्ने संचालक समितिको निर्णय वार्षिक साधारण सभाबाट पारित भएको छ। वार्षिक साधारण सभाको निर्णय बमोजिम बोनस शेयर नेपाल धितोपत्र बोर्डमा धितोपत्र दर्ता भएको तथा हकप्रद शेयर निष्काशनको अनुमतिको लागि नेपाल धितोपत्र बोर्ड समक्ष निवेदन पेश भएको छ। शेयरको मुल्य तथा कारोवार वजारले निर्धारण गर्ने हुदाँ यस कम्पनीको व्यवस्थापन शेयरको मुल्य तथा कारोबार प्रति तटस्थ रहेको छ। साथै प्रचलित कानुन बमोजिम सम्बद्ध निकायहरूलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी समयमा कम्पनीले उपलब्ध गराएको छ।

ख) **त्रैमासिक अवधिको शेयर कारोवार सम्बन्धी विश्लेषण:**
यस त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या :
नेपाल स्टक एक्सचेन्जको वेवसाइट www.nepalstock.com अनुसार।

शेयरको अधिकतम मुल्य रु	५७६.००	कुल कारोबार संख्या	४६,६६०
शेयरको न्युनतम मुल्य रु	४६३.००	कारोबार भएको कुल शेयर कित्ता	९०,०८,००३
शेयरको अन्तिम मुल्य रु	४९१.००	कारोबार भएको कुल दिन	५५

५) **समस्या तथा चुनौति :**
कम्पनीलाई निर्माण तथा संचालन अनुमती प्राप्त सोलुखोला (दुधकोशी) ८६ मे.वा. जलविद्युत परियोजना नदी प्रवाहमा आधारित भएको हुदाँ मौसमको प्रतिकुलताका कारण नदीको वहावमा आउन सक्ने उतार चढावबाट श्रृजना हुन सक्ने समस्याहरू विद्यमान रहेको छ। निर्मित संरचना, उक्त संरचनामा जडान भएका उपकरणहरू, मौसमको प्रतिकुलतामा उत्पन्न हुन सक्ने समस्या तथा विद्युत उत्पादनको क्रममा आउन सक्ने संभावित अन्य समस्या तथा चुनौतीहरूको सामना गर्न प्राविधिक रुपमा कम्पनी तयारी अवस्थामा रहेको छ।

६) **संस्थागत सुशासन**
प्रचलित कानुन बमोजिमका प्रकृया पुऱ्याई कम्पनीको संस्थागत सुशासन कायम गरिएको छ।

७) **सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**
यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म प्रबन्ध संचालक व्यक्तिगत रुपमा उत्तरदायीत्व लिन्छु। मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र यथार्थपरक छन्।

Bagamati Province Government
Ministry of Water Supply, Energy & Irrigation
Water Supply & Sanitation Division No. 2, Dhading

Invitation for Bids

Date of Publication: 2081-10-24 (2025 February 06)

1. Water Supply & Sanitation Division No. 2, Dhading **(WSSD2 Dhading)** invites following bids.

S. N.	Contract Identification Number	Description of Work	Bid Security Amount (NRs.)	Bid Validity / Bid Security Validity Period	Price of Bid Document (NRs.)	Last Date of Bid Submission/ Opening
1	NCB/GOODS/02/081/82/ WSSD2/ Dhading	Supply and Deivery of PE 100 (NS40) HDPE pipes, Dhading	2,50,000.00	90 days / 120 days	3,000.00	2081-11-25 ,12:00 Hours/13:00 Hours
2	SQ/GOODS/01/081/82/ WSSD2/Dhading	Supply and Delivery of GI Pipes	50,000	45 days/ 75 days	1,000.00	2081-11-11,11:00 Hours/12:00 Hours

2. **Bank Details**

Employer's Bank Account for Purchasing of Bid Document	Employer's Bank Account to Deposit Cash For the Bid Security
Rastriya Banijya Bank Ltd, Dhadingbesi, Dhading; Office Code Number: 3130230013; Revenue Account Number: 1000100200010000; Rajaswa (Revenue) Sirshak No: 14229	Rastriya Banijya Bank Ltd, Dhadingbesi, Dhading; Office Code Number: 3130230013; Account Name: Pra. Le. Ni. Ka. Dharauti Khata; Deposit Account Number: 1030100202030000

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the PPMO's website www.bolpatra.gov.np/egp for further details or contact the office of **Water Supply & Sanitation Division No. 2, Dhadingbesi, Dhading.** Email ID: pr3wssd2@gmail.com Phone no.: 010-520127.
4. In case of suppliers, it is mandatory to submit the official letter issued alone by the manufacturer for the sole purpose of sale.
5. All rights to accept, reject or partially accept the bid will be reserved in this office.
6. Bidder needs to submit their bid electronically by downloading the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp . Bid submitted by other means shall not be entertained.
7. The office will not be responsible if the E-bid is not registered in electronic submission or if the file is corrupted at the time of opening.
8. If the Last date of Purchasing and / or submission falls on government holiday, the next working day shall be consider as the last date. In such case the validity period of Bid Security shall remain the same as prescribed for the original last date of bid submission.
9. Matters not covered by this notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement regulations, 2064 and other prevailing Rules and Regulations.

Division Chief

CHAUTARA SANGACHOKGADHI MUNICIPALITY
Office of the Municipal Executive
Chautara, Sindhupalchok

Invitation for Electronioc Bids

Invitation for Electronic Bids for the Sukute Paryatan Prabardhanka Lagi Balefi Dekhi Simle Samma Footpath Aabam Pratikchhalaya Nirman, Ward no - 9 & 10

Contract Identification No: CSGM/NCB/WORKS-18/2081/082

First Date of publication: 2081/10/24 (06th Feb 2025)

The Chautara Sangachokgadhi Municipality Office, Chautara, Sindhupalchok invites electronic bids from nepali eligible Bidders for the Construction of the following works under NCB Procedures.

Contract Identification No	Description	Estimated Amount (Exclusive of VAT and Contingencies)	Bid Security Amount	Price of Bid Document	Bid Submission Last Date, Time	Bid Opening Date, Time
CSGM/NCB/ WORKS-18-/ 2081/082	Sukute Paryatan Prabardhanka Lagi Balefi Dekhi Simle Samma Footpath Aabam Pratikchhalaya Nirman, Ward no - 9 & 10	Rs. 94,51,461.86	Rs. 3,00,000.00	Rs. 3,000.00	2081/11/26 (10th Mar 2025) at 12:00 hrs	2081/11/26 (10th Mar 2025) at 13:00 hrs

1. Eligible Bidders may obtain further **office of Chautara Sangachokgadhi Municipality, Office of the Municipal Executive, Chuatara, Sindhupalchok, Contact no 011-620477 or may visit the website http://www.chautaramun.gov.np. or may visit PPMO website www.bolpatra.gov.np/egp.**
2. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the office account no. as specified below and the scanned copy (.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal Bank Limited, Chautara Branch
   Name of Office: Chautara Sangachokgadhi Municipality
   Account Number (Aantarik Rajashwo Khata for bid document fee): 05703000001001000001
   Dharauti Khata No. 05703000003000000001
   Office Code No: 801032701
   Rajaswa (revenue) Shirshak no: 14229
3. Electronic bids must be submitted through PPMO website **www.bolpatra.gov.np/egp.** on or before as mentioned above.
4. Pre-bid meeting shall be held at **Chautara Sangachokgadhi Municipality, office of the Municipal Executive, Chautara ,Sindhupalchok at 2081/11/13 (25th Feb 2025) on 13:00 hrs.**
5. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a scanned copy of the bid security in pdf format amounting to a minimum of above mentioned. which shall be valid for **30 days** beyond the validity period of the bid.
6. Bids shall be opened in the presence of Bidders' representatives who choose to attend at above mentioned date and time at the office of **Chautara Sangachokgadhi Municipality.**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders are advised to visit the site and assess the actual site conditions prior to submit the bid in their own cost.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the Bids without assigning any reason, whatsoever.
10. Any matter not covered by this notice shall be as per other mandatory information as per PPA and PPR. (With all amendments) of GON.
11. If there are any changes or correction in notice or on Bid document, the notice will be published in **Chautara Sangachokgadhi Municipality notice board, Municipality Official Website** and in bid addendum.

Chief Administrative Officer
Chautara Sangachokgadhi Municipality

अध्यादेशलाई लिएर सत्ता र प्रतिपक्षी आमने-सामने

विशेष समय हटाउने रणनीतिबाट सत्तापक्ष 'ब्याक', महेश बर्तौला र सन्तोष परियारबिच नोकझोक

■ **महेश बर्तौला**, प्रमुख सचेतक, एमाले

कार्यव्यवस्थामा आकस्मिक समय नराख्ने भनेको छ। कार्यव्यवस्थामा एउटा सहमति गर्ने र बाहिर अर्को गर्नुभएन। जे गर्ने हो कार्यव्यवस्थामा पहिले नै भन्नुपर्छ।

■ **सन्तोष परियार**, प्रमुख सचेतक, रास्वपा

सत्तापक्ष र सरकारलाई सजिलो बनाउन हामी चुप लागिदिनुपर्ने ? रास्वपाले संसद्मा के गर्ने भन्ने कुरा कांग्रेस, एमालेले भनेर गर्ने त होइन होला। कार्यव्यवस्थामा धेरै कुरा हुन्छ।

कमलराज भट्ट/नयाँ पत्रिका

सभामुख देवराज घिमिरेले अध्यादेशको विषयमा बोलाएको छलफलमा सत्ता र प्रतिपक्ष आमनेसामने भएका छन्। बिहीबार दुवै सदनमा स्वीकृतिका प्रस्तुत गर्ने कार्यसूची तय भएको अध्यादेशमा विपक्षी दलहरूले राखेको अस्वीकार प्रस्तावको प्रक्रिया तय गर्न सभामुख घिमिरेले बुधबार अपराह्न प्रमुख पाँच दलका प्रमुख सचेतकहरूलाई आफ्नो कार्यकक्षमा बोलाएका थिए।

उपसभामुख र कानुनमन्त्रीसमेत उपस्थित छलफलमा सत्तापक्षले प्रक्रिया लम्ब्याउन अध्यादेशमा अस्वीकार प्रस्ताव राखेको असन्तुष्टि जनाउँदै विपक्षीको आलोचना गरेको थियो भने प्रतिपक्षीले संसद्लाई मिनिमाइज गरेर, समितिमा भएको विधेयक फिर्ता नलिईकन अध्यादेश ल्याउनु संसद्को अपमान भएकाले नियमावलीबमोजिम अस्वीकार प्रस्ताव राखेको र सभाबाटै तथ्य-तर्क प्रस्तुत गर्ने जवाफ दिएका छन्। सत्ता र प्रतिपक्षीबिच आकस्मिक, विशेष समय चलाउने सवालमा पनि मतभेद भएको थियो भने पहिलो बैठकमा रास्वपाले गरेको विरोधको प्रसंगमा नोकझोक नै चलेको थियो।

सरकारले १८ फागुनमा पेस गरेका ६ वटा अध्यादेशलाई आज दुवै सभामा स्वीकृतिका लागि प्रस्तुत गर्दिंदै छ। अध्यादेशविरुद्ध माओवादी, रास्वपा, एकीकृत समाजवादी, नेमकिपाले ६६ वटा अस्वीकार प्रस्तावको सूचना दर्ता गराएका छन्। प्रतिनिधिसभा नियमावलीअनुसार अध्यादेश स्वीकृतिका लागि प्रस्तुत गर्नपूर्व अस्वीकार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत भई छलफल हुनेछ। अस्वीकार प्रस्ताव प्रस्तुत गर्ने सदस्यलाई पाँच मिनेट र छलफलमा भाग लिने सदस्यलाई तीन मिनेट दिने तय गरिएको छ। यसैगरी, बैठकको सुरुवातमा प्रमुख प्रतिपक्षी दलका नेता पुष्पकमल दाहाल प्रचण्डले सम्बोधन गर्ने तय भएको छ।

बैठकमा सत्तापक्षका मुख्य सचेतक महेश बर्तौलाले अध्यादेशबारे बैठक राखिएकोमै आपत्ति जनाएका थिए। साथै, विगतमा माओवादी सरकारमा हुँदा पटक-पटक अध्यादेश ल्याएको र अहिले सरकारविरुद्ध मोर्चाबन्दी गर्न लाइन लगाएर अस्वीकारको प्रस्ताव दर्ता गराएकोमा असन्तुष्टि जनाएका थिए।

बर्तौलालाई माओवादी प्रमुख सचेतक हितराज पाण्डेले प्रतिपक्षीले नियमावलीको अधिकार प्रयोग गरेको जवाफ दिएका थिए। 'समितिमा भएको विधेयक फिर्ता नलिईकन अध्यादेश ल्याउनु संसद्को अपमान हो। आजको बैठकमा पनि मैले सरकारले संसद्लाई मिनिमाइज गरेको भनेको छु। संसद्को नियमावलीअनुसार अस्वीकारको सूचना राखेकै छौं। सूचनाअनुसार आफ्नो अस्वीकारको तर्क प्रस्तुत गर्छौं,' उनले भने।

बर्तौलाले प्रमुख प्रतिपक्षी दलको नेताले बोल्ने भएकाले कार्यभारलाई हेरेर विशेष समय नराख्न पनि प्रस्ताव गरेका थिए। तर, पाण्डेले कार्यव्यवस्था परामर्श समितिबाट तोकिएको क्यालेन्डरको कुरा फेर्न नसकिने अडान लिए। 'क्यालेन्डर हाम्रो कार्यव्यवस्था परामर्श समितिबाट पारित गरिएको हो। त्यसकारण राखिएका विषयवस्तु हटाउनुपर्ने हो भने कार्यव्यवस्था बोलाउनुपर्‍यो। होइन भने क्यालेन्डरअनुसार अगाडि बढ्ने कुरा भयो,' उनले भने। प्रतिपक्षीको अडानपछि विशेष समय चलाउने तय भएको छ।

छलफलमा सत्तापक्षका मुख्य सचेतक महेश बर्तौलाले रास्वपाले संसदीय अभ्यास नबुझेको टिप्पणी गरेका थिए। अधिवेशनको पहिलो आकस्मिक समय मागेर नपाएपछि बहिष्कार गरेको विषयलाई बर्तौलाले बैठकमा उठाएका थिए। 'कार्यव्यवस्थामा आकस्मिक समय नराख्ने भनेको छ। कार्यव्यवस्थामा एउटा सहमति गर्ने र बाहिर अर्को गर्नुभएन। जे गर्ने हो कार्यव्यवस्थामा पहिले नै भन्नुपर्छ,' बर्तौलाले भनेका थिए।

बर्तौलाको भनाइको प्रतिवाद गर्दै रास्वपा प्रमुख सचेतक सन्तोष परियारले संसद्मा आफूहरूले के गर्ने भनेर नसिकाउन भनेका थिए। 'हामीले कांग्रेस, एमालेलाई सोध्ने हो र के गर्ने नगर्ने भनेर ?' उनले भनेका थिए। कार्यव्यवस्थामा छलफल गर्ने विषय राजनीतिक हुने भन्दै उनले भने, 'आकस्मिक समयमा गर्ने कुरा त सल्लाह गर्ने होइन होला। आकस्मिक रूपमा आएका विषय हुने होलान्। सत्तापक्ष र सरकारलाई सजिलो बनाउन हामी चुप लागिदिनुपर्ने ? रास्वपाले संसद्मा के गर्ने भन्ने कुरा कांग्रेस, एमालेले भनेर गर्ने त होइन होला। कार्यव्यवस्थामा धेरै कुरा हुन्छ। सबै नाटक गर्ने ठाउँ त होइन। कतिपय तत्समयमा आउने हुन्छ।'

■ जसपा नेपाललाई मनाउने सत्तापक्षको प्रयास

राष्ट्रिय सभामा निर्णायक रहेको जसपा नेपाललाई मनाउन सत्तापक्षले लबिङ तीव्र बनाएको छ। प्रधानमन्त्री केपी ओली, कांग्रेस सभापति शेरबहादुर देउवासहित सत्तापक्षका नेताहरूले जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र पदाधिकारीलाई अध्यादेश स्वीकृत गर्न सहयोग गरिदिन अनुरोध गरिरहेका छन्। तर, जसपाले निर्णय गरिसकेको छैन।

अध्यादेशबारे अध्ययन गर्न गठित कार्यदलका संयोजक एवं जसपा नेपालका उपाध्यक्ष राजकिशोर यादवले अध्यादेशअनुसार आफ्नो पार्टीको धारणा फरक-फरक हुन सक्ने प्रतिक्रिया दिएका छन्। 'अध्यादेशहरूलाई हामीले सोलोडोलो हेरेका छैनौं। अध्ययनका आधारमा स्पेसिफिक अध्यादेशमा हाम्रो फरक-फरक धारणा हुन सक्छ। एउटामा हामी सकारात्मक हुन सक्छौं। अर्कोमा जो गम्भीर प्रकारका असहमति छ भने त्यसलाई त्यही ढंगले हेर्छौं। तर, त्यो निर्णय संसदीय दलको बैठकबाटै हुनेछ,' उनले भने। कार्यदलले बिहीबार बिहान ११ बजे बस्ने संसदीय दलको बैठकमा प्रतिवेदन पेस गर्नेछ। संसदीय दलबाट अध्यादेश बारे के गर्ने निर्णय लिइनेछ। यादवले सत्ता र प्रतिपक्ष दुवैबाट अध्यादेशका सन्दर्भमा सहयोगका लागि अनुरोध आएको र यो स्वाभाविक भएको बताए। जसपा नेपालले सरकारलाई समर्थन दिएको छ, तर सरकारमा सहभागी छैन।

संविधानअनुसार अध्यादेश दुवै सभाबाट स्वीकृत भए मात्रै ६० दिनभित्र प्रतिस्थापन विधेयक ल्याउने प्रक्रियामा जानेछ। प्रतिनिधिसभामा सत्तापक्षको झन्डै दुईतिहाइ हाराहारी बहुमत छ। तर, राष्ट्रिय सभामा सत्तारूढ दलको स्पष्ट बहुमत छैन। सत्ताबाहिर रहेको उपेन्द्र यादवको जसपा नेपाल निर्णायक छ। संविधानको धारा ११४ (२) (क) मा संघीय संसद्को दुवै सदनमा पेस भएको अध्यादेश दुवै सदनले स्वीकार नगरेमा स्वतः निष्क्रिय हुने व्यवस्था छ। राष्ट्रिय सभामा अहिले माओवादी १८, कांग्रेस १६, एमाले ११ (मनोनीत एक), एकीकृत समाजवादी आठ, जसपा नेपाल तीन, लोसपा एक, राष्ट्रिय जनमोर्चा एक, स्वतन्त्र एकजना छन्। विपक्षीतर्फ माओवादी १८ (अध्यक्षसहित), एकीकृत समाजवादी आठ र जनमोर्चा एक गरी २७ सदस्य छन्। वामदेव गौतम अध्यादेशको पक्ष-विपक्षमा खुलेका छैनन्।

भारतीय पक्षले दोधारा-चाँदनी क्षेत्रमा एकलौटी दशगजा सीमांकन गर्न खोजेपछि विवाद

स्थानीय भन्छन्- नेपाली पक्षविनै दशगजा सीमांकन गर्न खोज्नु सीमा अतिक्रमणको प्रयास

दशगजा छुट्याउँदा कञ्चनपुरको दोधारा-चाँदनी- ८ धामीटोलमा ट्र्याक्टर लगाउँदै भारतीय पक्ष।

कञ्चनपुरमा **मोहन विष्ट**

सीमा सुरक्षा बल(एसएसबी)सहित भारतीय प्रशासनले कञ्चनपुरको दोधारा-चाँदनी नगरपालिका-८ धामीटोलमा एकलौटी तवरमा 'दशगजा छुट्याउने' काम गरेपछि विवाद उत्पन्न भएको छ। नेपाल-भारत ७६९(१६) नम्बर सीमा पिलर क्षेत्रमा भारतीय प्रशासनले ट्र्याक्टर ल्याएर एक्कासि दशगजा सीमांकन गर्ने भन्दै रेखांकन गर्न थालेपछि स्थानीय विरोधमा उत्रिएका छन्।

गत शुक्रबार भारतीय सीमा सुरक्षा बल(एसएसबी)ले उक्त क्षेत्रमा सीमांकन गर्न थालेपछि स्थानीय विरोधमा उत्रिएका हुन्। उनीहरूले भारतीय पक्षबाट दशगजा छुट्याउने निहुँमा सीमा अतिक्रमण गर्ने खोजेको आरोप लगाएका छन्। स्थानीयको विरोधपछि भारतीय सुरक्षाकर्मीहरू फर्किएका थिए।

स्थानीय युवा तमाङसिंह गुरुङले भारतीय पक्षले नेपाली पक्षको उपस्थितिविनै दशगजा छुट्याउने निहुँमा ट्र्याक्टर ल्याएर सीमांकन गर्न थालेपछि विरोध गरेको बताए। 'घरकै दुई दाजुभाइको अंशबन्डा गर्दा पनि दुवै पक्षको उपस्थितिमा हुन्छ,' उनले भने, 'यहाँ त दुई देशको कुरो हो, दशगजा छुट्याउने निहुँमा भारतीय पक्षले एकलौटी आएर रेखांकन गर्ने कुरा सुहाएन।' भारतीय पक्षले एकलौटी दशगजा छुट्याउने काम दादागिरी भएको उनले बताए।

अर्का स्थानीय कान्छा खत्रीले आफूहरूले वर्षौंदेखि उपभोग गर्दै आएको जमिनमा भारतीय पक्षले दशगजा छुट्याउने बहाना गर्नु जमिन हत्याउने कोसिस भएको बताए। खत्रीले हामीले पहिल्यैदेखि खाइपाई आएको र अहिले आएर उक्त जमिन दशगजामा देखाएको बताए। 'यो हाम्रो निजी विषय मात्रै रहेन, यसमा नेपाल सरकारको सरोकार हुनुपर्छ,' उनले भने, 'सीमा पिलर क्षेत्रमा रहेको जमिनको दशगजा छुट्याउने विषयमा दुवै पक्षको सहमति चाहिन्छ।'

■ **किशोरकुमार लिम्बू**, मेयर, दोधारा-चाँदनी नगरपालिका

मैले यस विषयमा सिडिओ साबसँग कुराकानी गरेको छु। यो सीमाको विषय हाम्रो मात्रै नभई समग्र सरकारको सरोकारको विषय हो।

दोधारा-चाँदनी नगरपालिकाका मेयर किशोरकुमार लिम्बूले भारतीय पक्षले नेपाली पक्षको उपस्थितिविनै दशगजा छुट्याउन थालेपछि स्थानीयले विरोध गरेको बताए। 'मैले यस विषयमा सिडिओ साबसँग कुराकानी गरेको छु,' उनले भने, 'यो सीमाको विषय हाम्रो मात्रै नभई समग्र सरकारको सरोकारको विषय हो।' नेपाली पक्षको उपस्थितिविनै एसएसबीले एकलौटी सीमांकन गरेको स्थान मान्य नहुने मेयर लिम्बूको भनाइ छ।

यसरी भारतीय पक्षले एकलौटी सीमांकन गरेपछि स्थानीयसहित राजनीतिक दल, संघ-संगठन विरोधमा उत्रिएका छन्। विप्लव नेतृत्वको नेकपा कञ्चनपुरका इन्चार्ज विष्णुप्रकाश उपाध्यायले भारतीय पक्षको दादागिरी नरोकिएको बताए। कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद सापकोटाले सीमासम्बन्धी प्राविधिक विषय भएकाले यस विषयमा धारणा दिन नमिल्ने बताए। प्रजिअ सापकोटाले सीमा विवाद कूटनीतिक रूपमा नेपाल सरकारले नै समाधान गर्ने बताए।

एउटै व्यक्ति कतिपटक प्रधानमन्त्री हुन पाउने ऐनमै किटान गर्न प्रस्ताव

राष्ट्रिय सभाको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिमा सांसदहरूले भने- प्रधानमन्त्री हुने भनेर चलिरहेको होडलाई सीमामा बाँधौं

■ **दिनेश थपलिया**, प्रमुख निर्वाचन आयुक्त

प्रधानमन्त्री कतिपटक हुने भनेर निर्धारण गर्ने कुरा राजनीतिक विषय हो। यसका लागि दलहरूले नै अग्रसरता लिएर कानुन बनाएर कार्यान्वयनमा जाँदा उपयुक्त हुन्छ।

नयाँ पत्रिका

संसदीय समितिमा एउटै व्यक्ति कतिपटक प्रधानमन्त्री हुन पाउने भनेर ऐनमा किटान गर्न प्रस्ताव आएको छ। राष्ट्रिय सभाको संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिले आयोजना गरेको छलफलमा सांसदहरूले धेरैपटक प्रधानमन्त्री हुने भनेर चलिरहेको होडलाई सीमामा बाँध्नुपर्ने प्रस्ताव गरेका हुन्।

स्थानीय तहका पदाधिकारीको पदावधि तय गरिएको, राष्ट्रपति र उपराष्ट्रपतिको पदावधि दुई कार्यकाल तोकिएको, समानुपातिकतर्फ दुई कार्यकाल मात्रै सांसद हुन पाउने गृहकार्य भएको भन्दै देशको कार्यकारी प्रमुखको पनि निश्चित कार्यकाल तोक्नुपर्ने उनीहरूको धारणा छ। समितिले बुधबार नेपालको निर्वाचन प्रणालीका सम्बन्धमा छलफल गर्न निर्वाचन आयोगका पदाधिकारी बोलाएको थियो। सोही छलफलमा सांसदहरूले प्रधानमन्त्रीको कार्यकालको विषय पनि उठाएका हुन्।

आयोगले आगामी एकीकृत निर्वाचन ऐनको विधेयकमा एउटा व्यक्ति समानुपातिकतर्फ दुईपटकसम्म सांसद बन्न सक्ने प्रस्ताव गरिएको जानकारी गराएको थियो। सांसदहरूले दुईपटकसम्म समानुपातिक सांसद बन्न पाउने प्रस्ताव उपयुक्त रहेको भन्दै प्रधानमन्त्रीको हकमा पनि कानुन चाहिने बताएका हुन्।

सांसद उदयकुमार बोहराले समानुपातिकमा दुईपटकभन्दा पनि आउन नपाउने प्रस्ताव उपयुक्त भएको बताए। 'यदि समानुपातिकमा माननीय दुईपटकभन्दा बढी लड्न नपाउने हो भने प्रधानमन्त्रीको सीमा किन नहुने ?' उनले प्रश्न गरे, 'स्थानीय तहमा दुई कार्यकाल छ, अब प्रधानमन्त्रीको पनि निश्चित कार्यकाल तोकौं। संविधान संशोधन वा ऐनमा सुधार के गरेर हुन्छ, गरौं।' बोहराले थ्रेसहोल्ड बढाउँदा निरंकुशता मौलाउने भन्दै विरोध जनाए।

सांसद राजेन्द्रलक्ष्मी गैरेले एउटै व्यक्ति सधैं प्रधानमन्त्रीको कुर्सीमा भइरहने प्रवृत्ति ठिक नभएको बताइन्। 'स्थानीय तहमा दुईपटक छ भने माथि केन्द्रमा प्रधानमन्त्रीको तीनपटक राखौं। एउटै व्यक्ति सधैं आउने कुरा ठिक लागेन,' उनले भनिन्। दुईपटक समानुपातिकमा आउने कुरा ठिक रहेको भन्दै उनले त्यसपछि प्रत्यक्षमा जानुपर्ने धारणा राखिन्।

सांसद जगप्रसाद शर्माले पनि प्रधानमन्त्री हुनेको सीमा तोक्नु जरुरी रहेको बताए। 'सबैको कार्यावधि छ। कतिपटक हुन पाउने समयावधि छ,' उनले भने, 'त्यसैगरी, प्रधानमन्त्रीको कार्यकाल पनि दुई हो वा तीनपटक कति हुन्छ निष्कर्षमा पुग्ने बहस हुनुपर्छ। यसमा निर्वाचन आयोगले सशक्त भूमिका खेलोस्,' उनले भने।

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले प्रधानमन्त्री कतिपटक हुने भनेर निर्धारण गर्ने कुरा राजनीतिक विषय भएको बताए।

प्रत्यक्षमै कोटा निर्धारणको माग

सांसदहरूले प्रत्यक्ष निर्वाचन प्रणालीलाई समावेशी बनाउन निश्चित आरक्षण सिट तोक्नुपर्ने धारणा राखेका छन्। सांसद विष्णुकुमारी सापकोटाले निर्वाचन विशेष क्षेत्र तोक्यो भने प्रत्यक्षतर्फबाटै प्रतिनिधित्व हुने बताइन्। सापकोटाले वडामा महिला अध्यक्ष हुने गरी कोटा छुट्याउनुपर्ने धारणा राखिन्।

सांसद दुर्गा गुरुङले प्रत्यक्षतर्फ महिलाको सिट प्रतिशत बढाउनुपर्ने बताइन्। राष्ट्रपति र उपराष्ट्रपतिमध्ये अनिवार्य रूपमा एकजना महिला हुनुपर्ने धारणा राख्दै उनले महिलाका लागि प्रत्यक्षतर्फ निश्चित आरक्षण निर्वाचन क्षेत्र तोक्न माग गरिन्। सांसद राजेन्द्रलक्ष्मी गैरेले महिलालाई चुनावमा उम्मेदवार बनाउनेभन्दा पनि निर्वाचित हुने ग्यारेन्टी हुनुपर्ने बताइन्। गैरेले राष्ट्रपति, उपराष्ट्रपति फरक लिंग वा समुदाय जे लेखे पनि महिला अनिवार्य आउनुपर्नेमा जोड दिइन्।

सांसद इन्दिरादेवी गौतमले निश्चित क्षेत्र तोक्नैपर्ने बताइन्। 'महिलाहरू प्रत्यक्ष चुनाव लड्न चाहन्छन्। तर, महँगो खर्चले सकेका छैनन्। त्यसैले निश्चित क्षेत्र महिलाका लागि तोकौं। त्यही समुदायबिच प्रतिस्पर्धा हुने गरी सुनिश्चित गरौं,' उनले भनिन्। सांसद मनरूपा शर्माले वडामा पनि प्रतिनिधित्व अनिवार्य बनाउनुपर्ने बताइन्। 'महिलाको छुट्टै निर्वाचन क्षेत्र कायम गरिनुपर्छ,' उनले भनिन्। सांसद कृष्णबहादुर रोकायले महिला, दलित, थारू, जनजाति प्रत्यक्षबाट आउन सक्नुपर्ने बताए। 'उहाँहरूलाई निर्वाचन लडाएर ल्याउन सकिन्छ। महिला महिला, जनजाति जनजाति लडाउने गरी निर्वाचन क्षेत्र तोक्न सकिन्छ। तर, स्थायी नहुने गरी समानुपातिक प्रतिनिधित्व गराउन सकिन्छ,' उनले भने।

अस्ट्रेलियामा रहेकी शिक्षिकालाई तलब दिने तीनजनाको जिम्मेवारी खोसियो

लहानमा **मणिलाल विश्वकर्मा**

विमलाकुमारी झा

'असाधारण' बिदा मागेर छोरी भेट्न अस्ट्रेलिया गएकी शिक्षिकाको हाजिरी गरिदिने र दसैंखर्चसहित चार महिनाको तलब निकासा प्रकरणमा जोडिएका नगर शिक्षा शाखाका प्रमुखसहित तीनजनाको जिम्मेवारी खोसिएको छ। सिराहाको गोलबजार नगरपालिका- ४ गोलबजारस्थित जनता नमुना (प्राविधिक) माविमा प्रावि द्वितीय तहमा कार्यरत शिक्षिका विमलाकुमारी झा 'असाधारण' बिदाको निवेदन दिएर तीन महिनादेखि अस्ट्रेलियामा रहे पनि विद्यालयको हाजिरी रजिस्टरमा उनको हाजिरी उल्लेख थियो। साथै, दसैंखर्चसहित चार महिनाको तलब निकासा भएको थियो। हाजिरीमा भने पछि टिपेक्स लगाइएको थियो।

नगरका प्रमुख प्रशासकीय अधिकृत हिरालाल पुरीका अनुसार बुधबार नगर शिक्षा समितिको बैठकले अस्ट्रेलियामा रहेकी शिक्षिका विमलाकुमारी झाको आव ०८१/८२ को पहिलो चार महिनाको तलब र दसैंखर्च निकासा सिफारिसमा शाखा प्रमुख सुबोधकुमार लामाको संलग्नता हो/होइन भन्ने छानबिनका लागि जिम्मेवारीबाट हटाइएको हो। 'छानबिनको अन्तिम किनारा नलाग्दासम्म उहाँको नाममा रहेको नगदी तथा जिन्सी सामान बरबुझारथ गर्न लगाई शाखाको कामकाजबाट जिम्मेवारीविहीन गराउने निर्णय भएको छ,' उनले भने। विद्यालयका प्रधानाध्यापक भरतप्रसाद साह र लेखा प्रमुख रामेश्वर साहलाई पनि बुधबारदेखि नै लागू हुने गरी छानबिनको अन्तिम किनारा नलाग्दासम्म नगरपालिकामा उपस्थित गराई ठाडो हाजिरीमा राख्ने र तलब-भत्ता रोक्ने निर्णय भएको उनले बताए।

छानबिन अवधिभर विद्यालयको दैनिक प्रशासनिक, आर्थिक र विद्यालय व्यवस्थापनका लागि अर्को व्यवस्था नभएसम्म सहायक प्रअ वीरेन्द्रप्रसाद यादवलाई प्रअको कामकाज गर्ने गरी जिम्मेवारी तोक्ने र लेखाको कामकाज गर्न कार्यरत शिक्षकमध्येबाट कामकाज गर्न व्यवस्था मिलाउने निर्णय भएको उनले बताए। उनका अनुसार पछिल्लो करिब आठ महिनादेखि विद्यालयमा अनुपस्थित शिक्षिका झाको तलब-भत्ता निकासामा शाखा प्रमुख, प्रअ र लेखा प्रमुखको मिलेमतो हुन सक्ने देखिएकाले तीनैजनाको जिम्मेवारी खोसिएको हो।

'असाधारण' बिदाको निवेदन दिएर छोरी भेट्न अस्ट्रेलिया उडेकी शिक्षिकाको आर्थिक वर्ष ०८१/८२ को पहिलो चौमास साउनदेखि कात्तिकसम्म र दसैंखर्चसहित दुई लाख ९६ हजार ३४५ रुपैयाँ ९५ पैसा निकासा गरेर अपचलन गरिएको आरोपसहित विद्यालयका एक शिक्षकले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा निवेदन दिएपछि घटना सार्वजनिक भएको थियो।

३८ युट्युब च्यानलमाथि कारबाही गर्न पत्राचार

काठमाडौं/ प्रेस काउन्सिल नेपालले ३८ युट्युब च्यानललाई कारबाही गरेको छ। झापाको शिवसताक्षी नगरपालिकामा घटेको एक घटनालाई 'अमला काण्ड' नाम दिई पीडित युवती, आरोपित ज्येष्ठ नागरिक, शिशु, पीडित परिवारका भिडियो/तस्बिरसमेत राखी सम्प्रेषण गर्ने युट्युबहरूलाई कारबाही गरिएको काउन्सिलले जनाएको छ। घटनालाई अतिरञ्जित गराई पीडित परिवारलाई अमर्यादित प्रश्न सोध्ने, संवेदनहीन बहसलाई प्राथमिकता दिई भ्युअर बढाउने उद्देश्यले चरित्रहत्या गर्ने किसिमबाट सनसनीपूर्ण बनाई सामग्री सम्प्रेषण भएपछि कारबाही गरिएको काउन्सिलले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

'प्रचलित ऐन, नियम, निर्देशिका, आचारसंहिता गम्भीर उल्लंघन गरेका, तर आफ्ना सम्पर्क विवरण नराखेका तथा मिडियाअन्तर्गत आबद्ध नभएका युट्युब च्यानललाई प्रचलित कानुनबमोजिम कारबाही गर्न नेपाल प्रहरी (साइबर ब्युरो)मा पत्राचार गरिएको छ,' काउन्सिलका सूचना अधिकारी सहप्रशासकीय अधिकृत रामशरण बोहराद्वारा जारी विज्ञप्तिमा भनिएको छ। काउन्सिलले युट्युब तथा फेसबुकबाट सम्प्रेषण भएका पत्रकारिताका मूल्य र मान्यताविपरीत, गलत, समाजमा घृणा, द्वेष, उत्तेजना/अफवाह फैलाउने, सामाजिक सद्भाव बिगार्ने त्यस्ता सामग्री हटाउन भनेको छ। 'आरोप र शंकाकै आधारमा आफैं अदालतभैं गरी अप्रमाणित विषयलाई दोषी करार गर्ने, वैयक्तिक गोपनीयता प्रतिकूल हुने, महिला/ज्येष्ठ नागरिक/बालबालिकाको आत्मसम्मानमा आँच पुऱ्याउने सामग्री क्षमायाचनासहित हटाउन प्रेस काउन्सिल नेपाल सम्बद्ध सबैमा आग्रह गर्दछ,' विज्ञप्तिमा भनिएको छ।

चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक
बाग्मती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०८१/१०/२४)

चौतारा सागाचोकगढ़ी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकबाट मिति २०८१/०९/१२ गते सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रित पुर्बक म्याद भित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रदाताको बोलपत्र मुल्यांकन गर्दा न्युनतम मुल्याङ्कीत सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोलपत्रदताको बोलपत्र स्वीकृत गरिने भएकोले सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. नं.	ठेक्का नं.	निर्माण कार्यको प्रकृति	न्युनतम मुल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक रु. (भ्याट, कन्टिजेन्सी र PS बाहेक)
१	CSGM/NCB/ WORKS-13/ 2081/082	Upgrading Works of Chautara Batase Khumbeshwor Road sector Package–II, Ward no-03	Om jaya bhadaure ganesh muktinath baba nirman sewa, Chautara Sangachokgadhi Municipality - 05, Sindhupalchok	१५,०३,७०३.६८

प्रमुख प्रशासकीय अधिकृत
चौतारा साँगाचोकगढी नगरपालिका

राज्यशक्तिको संरक्षणमा मौलाएको मनुवाद

अन्तरजातीय विवाह गर्ने जोडीमाथिको ज्यादतीमा स्वयं गृहमन्त्रीकै साथ र सहयोग रहेको देखिनु राज्य-संरक्षित मनुवादको भद्दा मजाक हो

● परशुराम रम्तेल

अग्रलेख

राज्य सबै जनताको अभिभावक हो। नेपालको संविधानमा नेपाल राज्य भन्नाले नेपाल, स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रात्मक, समाजवादउन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो भनी परिभाषित गरिएको छ। जनताको भलाइ गर्नु, सुरक्षा गर्नु, संविधान र कानुनमा भएका जनअधिकार जनतासमक्ष पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्नु राज्यको कर्तव्य हुने गर्छ। कानुनका दृष्टिमा देशका सबै नागरिक समान हुनेछन्, कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिनेछैन भनी संविधानको धारा १८ को समानताको हकमा व्यवस्था गरिएको छ। तर, राज्यसत्ताको पनि अति नै संवेदनशील निकाय गृह मन्त्रालय सम्हालेका गृहमन्त्रीले नै छुवाछुत र जातीय विभेदजन्य कार्य गर्दै हिँड्ने व्यक्तिलाई संरक्षण गर्नु वा अपराधजन्य कार्यमा दुरुत्साहन गर्नु निकै नै गम्भीर विषय हो। यही २२ माघमा नयाँ पत्रिका दैनिकमा 'कभर न्युज'को रूपमा 'अन्तरजातीय बिहे गर्ने दलित युवामाथि गृहमन्त्रीकै निर्देशनमा अत्याचार' शीर्षकमा समाचार छापियो। यसले सिंगो दलित आन्दोलनकर्मीलाई उद्वेलित र आक्रोशित बनाएको छ। सत्ता र राज्यशक्तिको बागडोर समाल्ने जिम्मेवार व्यक्ति र पात्रहरू नै दलित समुदायको अधिकारविरोधी भएर उभिनु, संविधान र कानुनविरोधी हर्कतमा लाग्नु, दलितमाथि विभेद गर्नेको पक्षपोषणमा राज्यशक्तिको चरम दुरुपयोग गर्नु विडम्बना हो।

नेपाली समाज वर्णाश्रम व्यवस्थामा आधारित भई लामो समयदेखिको विभेदकारी नीति र विधिका आधारमा सञ्चालित हुँदै आएको हुनाले अझै पनि जातजाति, धर्म वा लिंगका आधारमा भेदभाव कायमै छ। सर्लाही जिल्लाको बरहथवा नगरपालिका-४ का सत्येन्द्रकुमार राम र सोही नगरपालिका-५ की नेहा रौनियारले लामो समयको प्रेमसम्बन्धपछि दुवैको उमेर पुगेको आधार पेस गरी कपिलवस्तु जिल्ला अदालतमा यही ३ पुसमा 'कोर्ट म्यारिज' गरेका थिए। एक गरिब चमारका छोराले धनाढ्य व्यापारी रौनियारको छोरीलाई विवाह गरेको भनी उनका बाबु सुरेन्द्र रौनियरले जात नमिलेका आधारमा उनीहरूलाई अनावश्यक रूपमा प्रहरी प्रशासन र राज्यशक्तिको आडमा अत्याचार गरेका थिए। आफूले आत्मादेखि नै आफ्ना प्रेमी सत्येन्द्रकुमारलाई प्रेम गरी विवाह गरेको सर्वोच्च अदालतमा बयान दिएकी नेहालाई आफ्नै बाबुद्वारा घरमा बन्धक बनाइएकामा अन्ततः सर्वोच्च अदालतका न्यायधीशद्वय हरिप्रसाद फुयाँल र बालकृष्ण ढकालको इजलासले दुवैको विवाह गर्ने उमेर पुगेर विवाह गरेको अवस्थामा परिवारबाट छुटाउने प्रयास गलत भएको ठहर गर्दै उनका पति सत्येन्द्रकुमार रामको जिम्मा लगाएको छ। यस घटनाबाट स्पष्ट हुन्छ, नेपाली समाजमा अझै पनि दलितमाथिको जातीय विभेद कायम छ। सत्ता र शक्तिको आडमा दलित समुदायका व्यक्तिमाथि नितान्त व्यक्तिगत मानिएको प्रेम र विवाहको मामलामा पनि अनेकथरी मुद्दा लगाई प्रपञ्च रचेर विभिन्न खालका शारीरिक तथा मानसिक यातना दिएर हैरान पार्ने गरेको देखिन्छ। देशकै उच्च ओहदामा पुगेका गृहमन्त्रीजस्तो जिम्मेवारीमा रहेका व्यक्ति पनि यस्तो गलत कार्यमा लाग्नु उदेकलाग्दो विषय बनेको छ।

शक्ति र प्रभुत्वको सिद्धान्तको प्रभाव : म्याक्स वेबरले शक्ति केवल सम्पत्ति र धनमा मात्र आधारित नभई राजनीतिक, धार्मिक र सामाजिक संस्थामा पनि हुने उल्लेख गरेका छन्। नेपालको सन्दर्भमा शक्ति संरचनाले राज्य, राजनीतिक दल, जातीय संरचना र अन्य सामाजिक तत्त्वका आधारमा पनि प्रभाव पार्ने देखिन्छ। दलित समुदायलाई लामो समयदेखि शासनसत्ताबाट विमुख पारिएको हुनाले उनीहरूको शक्ति कमजोर रहेको देखिन्छ। शक्ति र प्रभुत्वको सिद्धान्तअनुसार शासक वर्गले विचारधारात्मक रूपमा मात्रै नभएर हरेक संरचना र व्यवहारमा पनि शासित वर्ग र समुदायलाई लाद्दै नियन्त्रण गर्छ। यस घटनामा पनि त्यही शक्ति र प्रभुत्वको सिद्धान्तबमोजिम मधेशी दलितमाथि सत्ताको शक्तिलाई दुरुपयोग गरेको देखिन्छ। एउटा जिल्ला अदालतले उमेर पुगेको आधारमा 'कोर्ट म्यारिज'को प्रमाणपत्र दिनु र अर्को जिल्ला अदालतले त्यसलाई बेवास्ता गर्दै बालविवाहको फर्जी मुद्दा दर्ता गरी दुःख दिनु भनेको राज्यसत्ता र शक्तिको दुरुपयोग मात्रै नभई कानुनी प्रक्रियामा पनि गम्भीर लापरबाही हो। यसले स्वतन्त्र कानुनी राज्यलाई ठाडै चुनौती दिएको देखिन्छ। सानालाई ऐन, ठुलाबडालाई चैन भनेझैं शक्ति र प्रभुत्वको सिद्धान्तका कारणले गर्दा समाजमा यस्ता विभेदकारी घटना घटाउनेहरू उम्कँदै आएका छन्। यसर्थ, राज्यपक्ष यसमा विशेष गम्भीर हुन आवश्यक छ।

राज्यशक्तिको चरम दुरुपयोग : यस घटनामा गृहमन्त्री, आइजिपीलगायत राज्यका जिम्मेवार पदमा आसीन भएका व्यक्ति मुछिनु लोकतान्त्रिक गणतन्त्रका लागि निकै दुःखद छ। दलित समुदायमाथि हुने गरेको छुवाछुत तथा भेदभावजन्य कार्यलाई संवैधानिक रूपमै गम्भीर सामाजिक अपराधका रूपमा घोषणा गरिसकेको सन्दर्भमा त्यस्ता गलत कार्य गर्ने अपराधीलाई कानुनी कारबाही प्रक्रिया अगाडि बढाउनुपर्नेमा रक्षक नै भक्षक भनेझैं उल्टो गैरकानुनी कार्य गर्ने व्यक्ति र प्रवृत्तिलाई संरक्षण गर्नु राज्यशक्तिको चरम दुरुपयोग हो। सत्ता र शक्तिविहीन भएका, कमजोर र पहुँच पुग्न नसकेका वर्ग र समुदायको पक्षमा राज्य जहिले पनि उभिनुपर्छ। प्राकृतिक न्यायको सिद्धान्तले पनि यही कुराको वकालत गर्छ। तर, यस घटनामा जो होचो, उसैको मुखमा घोचो भनेझैं कमजोर र आवाजविहीनविरुद्ध सिंगो राज्यसत्ताको शक्ति र पहुँच खर्चिनु राज्यशक्तिको चरम दुरुपयोग मात्रै नभई मानव अधिकारको दृष्टिकोणबाट पनि गम्भीर उल्लंघन हो। निज सत्येन्द्र रामलाई प्रहरीले गिरफ्तार गरी कुटपिटसमेत गरेको उनी स्वयंले बताइरहेका छन्। राज्यशक्तिको चरम दुरुपयोग गरी प्रेमिल जोडीले कानुनसम्मत अदालतमै उपस्थित भएर कोर्ट म्यारिज गर्दा पनि यस्तो ज्यादती गर्नुले इतिहासमै सबैभन्दा बलियो स्थिर सरकारको दाबी गर्ने केपी ओली सरकारलाई नराम्ररी गिज्याइरहेको छ।

> एउटा जिल्ला अदालतले उमेर पुगेका आधारमा 'कोर्ट म्यारिज'को प्रमाणपत्र दिनु र अर्को जिल्ला अदालतले त्यसलाई बेवास्ता गर्दै बालविवाहको फर्जी मुद्दा दर्ता गरी दुःख दिनु भनेको राज्यसत्ता र शक्तिको दुरुपयोग मात्रै नभई कानुनी प्रक्रियामा पनि गम्भीर लापरबाही हो

राज्य-संरक्षित मनुवाद : नेपाली समाजमा वर्णाश्रम व्यवस्थाका आधारमा दलित समुदायमाथि राज्यसत्ताको विभेदकारी नीति, विधि र कानुन बनाएर उत्पीडन र ज्यादती हुँदै आएको कुरा छर्लंगै छ। विगतको सामन्तवादी राज्यसत्ताले सुनियोजित रूपमा धार्मिक र सांस्कृतिक मूल्य-मान्यताको विकास गरी यो समुदायमाथि जघन्य र अमानवीय उत्पीडन गऱ्यो। तर, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक युगमा पनि दलित समुदायले विगतकैजस्तो असमानता, विभेद, सामजिक बहिष्करण, कुटपिट, हत्या, अपहरण व्यहोर्नुपर्ने अवस्था आउनु लाजमर्दो विषय हो। मनुवादका प्रवर्तक मनुले समाजमा महिला र दलितलाई दमन गर्नुपर्छ, हिंसा गर्नुपर्छ, कुनै पनि अधिकार दिइनुहुन्न, स्वतन्त्रता दिइनुहुन्न भन्ने सिद्धान्तको प्रतिपादन गरी मनुस्मृति ग्रन्थ तयार गरे। जसको परिणाम आजको एक्काइसौं शताब्दीमा पनि यो समुदायले परिचय दिनासाथ अपमान व्यहोर्नुपर्ने, आफूखुसी प्रेम र विवाह गर्न नपाउने, प्रेम गरेकै कारणले मारिनुपर्नेजस्ता जघन्य घटना हुँदै आएका छन्। राज्यका जिम्मेवार निकायमा रहेका व्यक्तिबाट आफ्नो पदीय दायित्व र गरिमालाई नै बिर्सेर यस्ता अपराधजन्य कार्यमा संलग्न हुनु भनेको राज्य कति गैरजिम्मेवार छ भन्ने स्पष्ट हुन्छ। पछिल्लो चरणमा देशैभरि राज्यद्वारा संरक्षित भएर दलित समुदायमाथि विभिन्न खालका उत्पीडन, ज्यादती र हत्याका घटना घटिरहेका छन्। राज्यसत्ताको महत्त्वपूर्ण र नीति-निर्माण गर्ने तहको जिम्मेवार निकायमा बस्नेहरूको दलित मुद्दा र अधिकारप्रतिको बुझाइ असाध्यै निम्छरो रहँदै आएको छ। दलित अधिकार कार्यान्वयनको विषय उठ्नेबित्तिकै आफू सानो छँदाको बालीघरे दलितलाई सम्झने अनि दलितलाई अधिकार दिनुहुन्न भन्ने सोच, चिन्तन र प्रवृत्तिले काम गर्ने गरेको देखिन्छ। केही महिनाअघि कम्युनिस्ट आन्दोलनका वरिष्ठ नेता वामदेव गौतमले संविधानबाटै 'दलित' शब्द हटाउनुपर्छ भन्ने अभिव्यक्ति दिनुले पनि दलित मुद्दा र अधिकारप्रति समाजमा मनुवादी प्रवृत्ति कति धेरै हाबी छ भन्ने प्रस्ट हुन्छ। यस अन्तरजातीय विवाह गर्ने जोडीमाथिको ज्यादतीमा स्वयं गृहमन्त्रीकै साथ र सहयोग रहेको देखिनु राज्यसंरक्षित मनुवादको भद्दा मजाक हो। यसले दलित समुदायको अधिकारलाई थप कुण्ठित मात्रै नगरी स्वयं राज्यसंरचना दलितप्रति कति निर्मम र आपराधिक मानसिकताबाट प्रस्तुत हुने रहेछ भन्ने पनि स्पष्ट भएको छ। अतः यस्ता जघन्य र मानवताविरुद्धका घटनामा दलित अधिकारकर्मी मात्रै नभई सबै चेतनशील जनसमुदाय एकताबद्ध भई उभिनुपर्छ।

छानबिन र कारबाही : राज्यसंरक्षित यस घटनामा संलग्न पीडित नेहाका बुबा, प्रहरी अधिकृत, गृहमन्त्रीलगायत सबै पक्षलाई राज्यले छानबिनको दायरामा ल्याउन आवश्यक छ। पूर्वगृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष रवि लामिछानेमाथि पनि सहकारी ठगी प्रकरणमा कानुनी प्रक्रिया अघि बढिरहेको सन्दर्भमा बहालवाला गृहमन्त्री पनि दलितमाथि अपमान गर्ने, विभेद गर्ने, अधिकार कटौती गर्ने र उत्पीडन गर्ने कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संलग्न भएको कुरा सार्वजनिक रूपमा आइरहेको सन्दर्भमा राज्यको सम्बन्धित निकायले तत्काल उचित छानबिन प्रक्रिया अघि बढाउन जरुरी छ। यस घटनामा संलग्न सम्बन्धित सबै व्यक्ति र पक्षले पनि छानबिनको कानुनी प्रक्रियालाई सघाउ पुऱ्याउन आवश्यक देखिन्छ। नेपाली दलित आन्दोलनले सकारात्मक ढंगले आफ्नो अधिकारको लडाइँ निरन्तर अगाडि बढाइरहेको सन्दर्भमा यस्ता विभेदजन्य र आपराधिक घटनाका सवालमा पनि सडक आन्दोलनलाई थप व्यवस्थित र घनीभूत बनाउनुपर्ने देखिन्छ। दलितमाथि न्याय दिनुको सट्टा देश सञ्चालनको जिम्मा लिने गृह प्रशासन स्वयं गैरकानुनी र मानव अधिकारविरोधी कार्यमा लाग्नु निकै गम्भीर विषय हो। राज्यसत्ता सञ्चालन गर्नेहरू, राज्य संरचनाका विभिन्न निकायमा रहने राष्ट्रसेवक, प्रहरी प्रशासनलगायत निकायमा कार्यरत जनशक्तिले कानुनी राज्यलाई कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपर्छ। सत्ता र शक्तिको आडमा राज्यशक्तिको चरम दुरुपयोग गरिनु सबैभन्दा ठुलो र अक्षम्य अपराध हो। तसर्थ, नेपाल सरकारले यस घटनाबारे तत्काल एउटा उच्चस्तरीय छानबिन समिति गठन गर्नुपर्छ। त्यसैगरी छुट्टै स्वायत्त संस्थाका रूपमा काम गरिरहेको राष्ट्रिय मानव अधिकार आयोगले पनि तथ्यसत्य छानबिन गरी छुवाछुत र जातीय विभेद तथा मानव अधिकारको गम्भीर हनन भएको यस घटनामा ज्यादतीपूर्ण कार्यमा संलग्नमाथि कानुनी कारबाहीको दायरामा ल्याइनुपर्छ।

(संविधानसभाका सदस्य रम्तेल अनुसन्धाता हुन्)

---

३ प्रश्न

सर्वोच्च अदालतका पूर्वन्यायाधीश **बलराम केसी**लाई

आफूले चाहेजस्तो मुद्दा दायर गर्न नमान्ने जिल्ला न्यायाधिवक्तालाई सरुवा गर्नुले के संकेत गर्छ ?

यसले एकदमै असामान्य अवस्थाको संकेत गरेको छ। यसले स्वच्छ सुनुवाइ हुन दिँदैन। सबैभन्दा ठुलो कुरो कुनै पनि घटनामा मुद्दा चल्ने या नचल्ने भनेर निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई दिइनु नै महागल्ती थियो। महान्यायाधिवक्ता राजनीतिक व्यक्ति भएकाले उसमाथि राजनीतिक दबाब पर्नु स्वाभाविक हो। सक्षम र इमानदार महान्याधिवक्ता भएमा उसले मेरा मातहतका वकिलले जे निर्णय गर्छन्, कानुनले जे बोल्छ, त्यही हुन्छ, त्यसमा म तलमाथि गर्न दिन्नँ भन्न सक्नुपर्थ्यो। तर, अहिले त्यस्तो अवस्था देखिन्न। सरकारले जे गरिरहेको छ, त्यो द्वेषपूर्ण कार्य हो। यो मानव अधिकार र मौलिक हकको समेत गम्भीर उल्लंघन हो। यसले कानुनी शासनको अवहेलना गरेको छ।

यसले न्याय व्यवस्थापनमा सत्ताको छाया परेको देखिन्न ?

महान्यायाधिवक्ता न्यायपालिकाको अंग होइन। त्यसैले, महान्यायाधिवक्ताले गरेका कामको असर न्यायपालिकाबाट हुने न्याय निरूपणमा पर्दैन। महान्यायाधिवक्ता सरकारको कानुनी सल्लाहकार हो। सरकार प्रमुखको व्यक्तिगत तजबिजीमा राजनीतिक नियुक्ति पाउने महान्यायाधिवक्ताको मुख्य काम सरकारलाई कानुनी सल्लाह, सुझाव दिनु मात्र हो।

यसले भविष्यमा न्याय क्षेत्रमा कस्तो नजिर बसाउला ?

यसले भविष्यमा पक्कै पनि गलत नजिर बसाउँछ। जो सत्तामा पुग्छ, उसले सत्ता र शक्तिको आडमा विपक्षीमाथि प्रतिशोध साध्न सक्छ। विरोधीमाथि झुटा र प्रतिशोधपूर्ण मुद्दा लगाउन सक्छ। सत्तापक्षकाले जेजस्ता अपराध गरे पनि उन्मुक्ति पाउने र उसले जे गरे पनि हुन्छ भन्ने अत्यन्त गलत नजिर बस्न सक्छ।

प्रेरक प्रसंग

भालुको सन्देश

विजय र राजु सानैदेखिका साथी थिए। एउटै गाउँका हुनाले उनीहरू साथसाथै हुर्किए। उनीहरू सँगसँगै स्कुल जान्थे। राजु विजयलाई निकै माया पनि गर्थे। विजयको एउटा गोडामा पोलियो भएको थियो। उनी गोडा खोच्याएर हिँड्थे।

दुवै साथी एक दिन बिदामा जंगलको बाटो हुँदै कतै जाँदै थिए। जाँदाजाँदै उनीहरूले टाढाबाट एउटा अजंगको भालु आफूहरूतिरै आइरहेको भालु देखे। भालु देख्दा स्वाभाविक रूपमा उनीहरू दुवै डराए। भालु झन्-झन् नजिक आइसकेपछि रुख चढ्न सिपालु राजु, हत्तपत्त नजिकैकै रुखमा चढे। उनले आफ्ना साथीबारे रत्तिभर चिन्ता लिएनन्। विनोद आफ्नो कमजोर खुट्टाकै कारण रुख चढ्न सक्दैनथे। उनलाई आफ्नो मृत्यु नजिक-नजिक आइरहेको भान भयो।

विजयले एकछिन ठन्डा दिमागले सोचे। उनले कतै सुनेका थिए, कुनै पनि जनावरले लासलाई आक्रमण गर्दैन। त्यसैले, उनी भुइँमा लम्पसार परेर सुते र शान्त भई सास रोके। भालुले उनको नाकनजिकै आएर सुँघ्यो। सास रोकेका उनलाई मरेको ठान्यो र कुनै हानि नपुऱ्याई आफ्नो बाटो लाग्यो।



भालु त्यहाँबाट टाढा पुगिसकेपछि राजु हतार-हतार रुखबाट ओर्लिए र विजय भएको ठाउँमा पुगे। डरले निलोकालो भएको अनुहार लिएर उनले विजयलाई प्रश्न गरे- भालुले तिमीलाई केही त गरेन नि ? अनि, तिम्रो काननिर आएर भालुले केही भन्दै थियो जस्तो लागेको थियो। भालुले तिम्रो कानमा भन्यो चाहिँ के मित्र ?

राजुको प्रश्न सुनिसकेपछि विजय एकछिनै मौन रहे। केहीबेरको मौनतापछि गम्भीर हुँदै उनले भने- खासै त्यस्तो त केही भनेन। तर, तिमीलाई रुखतिर देखाउँदै भन्यो- यस्ता निर्दयी स्वार्थी साथीबाट अलि टाढै बस्नू।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

शक्ति हुनेले जे गरे पनि हुन्छ ?

नेपाल बाल संगठनको जग्गा हिनामिना प्रकरणमा प्रमुख आरोपीलाई उन्मुक्ति दिन प्रहरी नै लागिपरेको खबरले सत्ता र प्रभावशाली व्यक्तिले कानुनी प्रक्रिया कसरी आफ्नो स्वार्थअनुसार तोडमोड गर्छन् भन्ने कुरा पुनः पुष्टि गरेको छ। अनाथ बालबालिकाको नाममा रहेको सम्पत्ति कौडीको भाउमा व्यापारीलाई दिनु र त्यो अन्यायलाई कानुनी छानबिनबाटै उन्मुक्ति दिन खोज्नु राज्यसंयन्त्रको नैतिक दिवालियापनको उदाहरण हो। लाखौँको भाडा बुझ्नुपर्ने जग्गाबाट मासिक आठ लाख मात्रै उठाउने र अनाथ बालबालिकालाई राज्यकोषबाट थोरै रकम दिँदै संकटमा पार्ने व्यवस्था तानाशाही मानसिकताको उपज हो। सरकार, प्रशासन र न्याय प्रणालीको यस्तो चरित्रले स्पष्ट पार्छ- सत्तामा बसेकाहरूले आफूलाई कानुनभन्दा माथि ठान्छन्।

● **सन्तोष सिम्खडा**, टोकियो, जापान
santoshsimkhada679@gmail.com

महान्यायाधिवक्ताको दादागिरी

सहकारी ठगी प्रकरणमा एकपछि अर्को जिल्लामा मुद्दा खेपिरहेका रास्वपाका सभापति रवि लामिछानेविरुद्ध संगठित अपराधमा मुद्दा नचल्ने भनी सहकारी ठगीको मात्र मुद्दा दायर गरेका चितवनका जिल्ला न्यायाधिवक्ता शान्तिप्रसाद लुइँटेललाई सरुवा गरेर महान्यायाधिवक्ता रमेश बडालले आफ्नो पदीय हैसियतको दुरुपयोग गरेका छन्। उनले मैले जे भन्छु, मातहतका सबैले त्यो मान्नुपर्छ भन्ने मानसिकता राखेर शक्तिको दादागिरी देखाएका छन्। यसरी आफूले भनेझैं मुद्दा नचलाउँदा मातहतका जिम्मेवार कर्मचारीलाई सरुवा गर्ने कार्य भर्त्सनायोग्य छ।

● **गायत्री विश्वकर्मा**
सामाखुसी, काठमाडौं

असन्तुष्ट स्वर समयमै सुन

'असन्तुष्ट स्वर समयमै सुन्दैन सिंहदरबार' शीर्षकको समाचार पढियो। हाम्रो देशमा संघीयतामार्फत गाउँगाउँमा सिंहदरबार पुऱ्याएको उद्घोष दलहरूले उहिल्यै गरेका हुन्। तर, अहिलेसम्म पनि आफ्ना आवाज सुनाउन दूरदराजका पीडित नागरिक संघको सिंहदरबारसम्मै धाउनुपर्ने बाध्यता हटिसकेको छैन। तैपनि, संघीय सिंहदरबारसम्म धाउँदा पनि त्यहाँका सुन्नुपर्ने अधिकारीले पीडितका आवाज पटक्कै सुन्दैनन्। जसले गर्दा पीडितले चर्को सास्ती झेल्नुपरिरहेको अवस्था छ। पीडितको आवाज विस्फोट बन्नुअघि नै सुनिएन भने त्यसले धेरैलाई लाने पक्का छ।

● **गोविन्द तामाङ**
रामहिटी, काठमाडौं

संसद्‌ले अध्यादेश के गर्ला ?

शुक्रबारदेखि सुरु भएको संसद्‌को पाँचौं अधिवेशनको पहिलो दिन सरकारले ल्याएको अध्यादेशबारे पक्ष-विपक्षमा निकै चर्चा चल्यो। अहिलेका अध्यादेशमा राम्रा-नराम्रा दुवै पक्ष छन्। यसमा राष्ट्रलाई ठुलो क्षति हुने विषय पनि छन्। संसद्‌मा गहन छलफल गरी राम्रा कुरालाई राखेर नराम्रालाई हटाउन सके मात्र देश र जनताको हित हुनेछ।

राम्रा पक्ष : १. सरकारी फाइल ट्र्याकिङ गर्ने, सात दिनभन्दा बढी फाइल रोक्नेलाई कारबाही गर्ने, ढिलासुस्ती हटाउने। २. आइटी कम्पनीलाई सहज बनाउने, विदेशमा कम्पनी खोल्न दिने, सफ्टवेयर निर्यातलाई प्राथमिकता दिने। ३. नयाँ कम्पनी खोल्न र आवश्यक भएमा बन्द गर्न सहज बनाउने। विदेशी लगानीका कम्पनीको लाभांश लान सजिलो बनाउने व्यवस्था राम्रो छ।

नराम्रा पक्षहरू : अध्यादेशमा बन, खोलाको जग्गा पनि वितरण गर्न सकिने गरी व्यवस्था छ। नयाँ अध्यादेशमा उद्यमी व्यापारीले जतिसुकै नाफा खाए पनि हुने व्यवस्था छ। पहिले २० प्रतिशतभन्दा बढी नाफा लिन नपाइने र कसैले लिएमा कालोबजारीमा मुद्दा चल्ने प्रावधान थियो। त्यो व्यवस्था हटाउँदा बजारमा महँगी चुलिएको छ। सरकारले ल्याएको नयाँ अध्यादेशमा कालोबजारी वा राजस्व छलीमा तीन करोडसम्म बिगो भएको कसुरमा मुद्दा नचलाई उन्मुक्ति दिइएको छ। यो व्यवस्था कसको हितमा छ यो ?

● **गोपाल देवकोटा**, जोरपाटी, काठमाडौं
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

भन्सार वृद्धि : ट्रम्पको प्रत्युत्पादक कदम

वास्तवमा मेक्सिकन मजदुरले अमेरिकालाई त्यहाँको कर्पोरेट मुनाफा र उपभोक्तालाई अनुदान दिइरहेका छन्

देश/विदेश

● एलेक्स गोन्जालेज ओर्मेरोड

धेरै ढिलाइपछि ट्रम्प प्रशासनले मेक्सिको र क्यानडाबाट आउने अधिकांश सामानमा २५ प्रतिशत भन्सार महसुल लगाउने मिति ४ फेब्रुअरीलाई तोकेको थियो। अमेरिकी सञ्चार माध्यमले टकिला, एभोकाडो र बियरजस्ता वस्तुलाई लिएर चासो राखे पनि यसको प्रभाव यतिमै सीमित छैन। अमेरिकी परिवारले धेरै क्षेत्रमा मूल्यवृद्धिको सामना गर्नुपर्नेछ। गहिरो रूपमा एकीकृत व्यापार भएको क्षेत्रमा भन्सार महसुल बढाउनु विनाशको मार्ग रोज्नुजस्ते हो। अमेरिका-मेक्सिको सम्बन्धलाई नै लिऔं, मेक्सिको अमेरिकाको सबैभन्दा ठुलो व्यापारिक साझेदार हो, जहाँ हरेक मिनेटमा १२ लाख डलरभन्दा बढीको सामान सीमापार हुन्छन्। तर, यसको आर्थिक महत्त्वलाई सर्धै नजरअन्दाज गरिन्छ, किनभने अमेरिकामा मेक्सिकोलाई प्रायः असफल र अपराधग्रस्त (लागुऔषध दुर्व्यसनीको राज्य) नार्को-राज्यका रूपमा चित्रण गरिन्छ। वास्तवमा यही छवि ट्रम्पलाई संकटकालीन अधिकार प्रयोग गरेर भन्सार महसुल बढाउन आवश्यक थियो।

जब अमेरिकी राष्ट्रपति अमेरिकालाई मेक्सिकोको आवश्यकता छैन भन्छन्, तब उनी पूर्ण रूपमा गलत छन्। वास्तवमा यी महसुल लगाउँदा मुद्रास्फीति बढ्नेछ, किनभने अमेरिकाले उत्पादन नगर्ने सामानका लागि अमेरिकी उपभोक्ताले बढी तिर्नुपर्नेछ। यति मात्र नभई यसले ट्रम्पले जोगाउन चाहेका उद्योग नै कमजोर हुनेछन्। मेक्सिको सरकारले अपनाउने कुनै पनि प्रतिशोधात्मक कदमले अमेरिकी उपभोक्ता र व्यापारीका लागि अवस्था थप खराब हुनेछ।

अमेरिकी सञ्चार माध्यमको सतही विश्लेषणमा पर्ने बियरजस्ता उत्पादनमाथि पनि यस अविवेकी निर्णयले ठुलो असर पार्ने देखाउँछ। मेक्सिको बियरको प्रमुख उत्पादक र निर्यातक हो। तर, यो उद्योग टिकाइराख्न उसले अमेरिकी जौ निर्यातको ७५ प्रतिशत खरिद गर्छ। यदि अमेरिकाबाट माग घट्दा मेक्सिकोको बियर उत्पादन प्रभावित हुन्छ भने यसको प्रत्यक्ष असर अमेरिकी जौ उत्पादकलाई पनि पर्नेछ। यस्तै स्थिति सीमापार आपूर्तिमा निर्भर हजारौं अन्य उत्पादनका लागि पनि लागु हुन्छ। उदाहरणका लागि प्रतिक्रियामा कुनै ट्रम्प समर्थकले 'यसलाई सहनुहोस् र अमेरिकामा बनेको सामान किन्नुहोस्। आपूर्ति शृंखलाहरू फेरि सामान्य हुनेछन्' भन्न सक्छ। यस्तो जवाफ तब मात्र सजिलो हुनेछ, जब सबै कुरा अमेरिकामा स्थानान्तरण गर्न सम्भव हुन्छ।

उत्तर अमेरिका (महादेश) को अटोमोबाइल उद्योगलाई नै हेरौं। यो अमेरिका-मेक्सिको-क्यानडा क्षेत्रभरि फैलिएको छ र युएसएमसिए (उल्लिखित मुलुकबिच व्यापार सम्झौता) को सहयोगले चलिरहेको छ, जसले अमेरिका र मेक्सिकोबिच सवारीसाधनको आवागमनलाई सहज बनाउँछ, ताकि प्रत्येक देशले हरेक गाडी र ट्रकमा मूल्य थप्न सक्छन्। ट्रम्पको तर्कअनुसार भन्सार महसुलले अटोमोबाइल उद्योगीलाई सबै उत्पादन अमेरिकामा ल्याउन र सबै मूल्य आफूसँग राख्न बाध्य पार्नेछ। तर, यसो हुन सम्भव छैन। अटोमोबाइल उद्योगमा स्वचालनबाट पूरा गर्न गाह्रो हुने र उच्च-सीप आवश्यक पर्ने, तर न्यून वेतनका काम प्रायः मेक्सिकोमा गरिन्छ। अमेरिका वा क्यानडामा कुनै पनि शिल्पी श्रमिकले मेक्सिकन मजदुरले जति तलब स्विकार्दैनन्। तर, यी मजदुरले सवारी उत्पादनको प्रत्येक चरणमा महत्त्वपूर्ण काम पूरा गर्छन्। नतिजा सस्तो गाडी सिर्जना हुन्छ र यसले अमेरिकामा राम्रो तलब दिने रोजगारीमा योगदान पुऱ्याउँछ। यही प्रणालीकै

तस्बिर : हेनरी रोमेरो/रोयटर्स

कारण नै अमेरिका संसारको पाँचौं ठुलो अटोमोबाइल निर्यातक बन्न सकेको हो र क्यानडा एवं मेक्सिको यसका प्रमुख ग्राहक हुन्। यो स्थिति केवल मेक्सिकन शिल्पी मजदुरको मद्दतले मात्र कायम राख्न सकिन्छ, किनभने यिनकै कारण गाडीको मूल्य घट्छ। अर्थात्, चीन र अन्य स्थापित अटोमोबाइल निर्माण गर्ने देशमाथि लगाइएका भारी भन्सार महसुलका बाबजुद अमेरिकामा बनाइएका गाडीको मूल्य कम राखिराख्न सजिलो हुनेछ। ट्रम्पको त्रासदीपूर्ण विशाल निर्वासनको समयमा ध्यान दिन योग्य कुरा के छ भने यदि उत्पादन स्थानान्तरण अमेरिकामा लागू गरिएमा कम्पनी अवैध श्रमिकलाई न्यूनतम तलबमा रोजगार दिन प्रेरित हुनेछन् र यस्तो कृषि एवं निर्माण उद्योगले पहिल्यैदेखि गरिरहेका छन्। तथापि, ट्रम्प एक विषयमा सही छन्, अर्थात् उत्तर अमेरिकी महादेशीय व्यापारमा एक पक्षले अरूलाई अनुदान दिइरहेका छन्। तर, यो अनुदान अमेरिकाले मेक्सिको वा क्यानडामा मात्र दिइरहेको होइन। वास्तवमा मेक्सिकन मजदुरले अमेरिकालाई त्यहाँको कर्पोरेट मुनाफा र उपभोक्तालाई अनुदान दिइरहेका छन्। तसर्थ, परिस्थितिलाई सुधार्ने मौका अझै छ।

उता ट्रम्प र अमेरिकी आर्थिक राष्ट्रवादीले मेक्सिकनलाई आफ्नो औद्योगिक रोजगारी 'चोरी' गरेको आरोप लगाउँदै गर्दा मेक्सिको भने उत्तर अमेरिकी आपूर्ति शृंखलालाई थप बलियो बनाउन र मेक्सिकनलाई जति ज्याला दिने कम्पनीको व्यवहारको सामना गरिरहेका अमेरिकी मजदुरका वास्तविक चिन्तालाई सम्बोधन गर्ने काम गर्दै छ। मेक्सिकन सरकारले यस्तो रोजगारीमा न्यूनतम तलब दोब्बर गरेर र ट्रेड युनियनलाई सुदृढ बनाउनका लागि कदम उठाएको छ। यद्यपि श्रम लागत प्रतिस्पर्धी राखेको छ। यदि अमेरिकी मजदुर साँच्चै आफ्ना रोजगारलाई जोगाउन चाहन्छन् र ट्रम्पको द्वेषी भाष्यमा नफस्ने हो भने अमेरिकी र मेक्सिकन युनियनबिच अन्तर्राष्ट्रिय सहकार्य गर्नु उचित हुनेछ, जसले सीमापार दुवै पक्षका मजदुरको अधिकारलाई सुदृढ बनाउन मद्दत पुऱ्याउनेछ। सन् २०२६ मा युएसएमसिएको समीक्षा यस विषयमा छलफलका लागि उत्तम अवसर हुनेछ। तर, व्यापार सम्झौता त्यति लामो समय नटिकेमा मजदुर आफैंले पहल गर्नुपर्नेछ।

*(पत्रकार एवं लेखक ओर्मेरोड द मेक्सिको पोलिटिकल इकोनोमिस्टका संस्थापक हुन

प्यालेस्टिनीलाई अन्यत्र सारेर गाजालाई कब्जामा लिने ट्रम्पको प्रस्ताव

वासिंटन डिसी/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गाजापट्टी उनको देशको नियन्त्रणमा राख्ने र त्यहाँका लाखौं प्यालेष्टिनीलाई छिमेकी देशमा पुनर्वास गर्ने प्रस्ताव अघि सारेका छन् । अमेरिकाको भ्रमणमा रहेका इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुसँगको भेटघाटपछि आयोजना गरिएको संयुक्त पत्रकार सम्मेलनमा ट्रम्पले उक्त घोषणा गरेका हुन् । ट्रम्पको छेउमा उभिएर नेतन्याहुले ट्रम्पलाई इजरायलको 'सबैभन्दा ठुलो मित्र'को रूपमा प्रशंसा गर्दै उनको 'संकुचित दायराभन्दा बाहिर गएर सोच्ने इच्छा'को प्रशंसासमेत गरे ।

वासिंटनमा आयोजित पत्रकार सम्मेलनमा नेतन्याहु र ट्रम्प

गाजामा बीस लाखभन्दा बढी प्यालेस्टिनी बसोवास गरिरहेका छन् । त्यति ठुलो जनसंख्याको पुनर्वास कसरी गर्ने र गाजामाथिको अमेरिकी अतिक्रमण कसरी हुने भन्नेबारे कुनै विवरण नदिई प्रस्ताव ल्याइएको छ । ट्रम्पले गाजामा विस्फोट नभएका धेरै बम रहेकाले बस्न जोखिमपूर्ण भएको दाबी गरे । उनले भग्नावशेष हटाएर र आर्थिक पुनर्विकास गरेर युद्धबाट क्षतिग्रस्त क्षेत्रलाई 'अविश्वसनीय' बनाउने बताएका छन् । गाजा प्यालेस्टिनीहरूका लागि पुनर्निर्माण नगरिने संकेत गर्दै ट्रम्पले भने, 'त्यस भूमि अब पुनर्निर्माण गरिनु हुँदैन, आखिर त्यो त्यही क्षेत्र हो, जहाँ मानिस मरेका छन् र त्यहाँ दयनीय जीवन बिताएका छन्,' उनले भने ।

अहिले गाजाको अधिकांश भाग इजरायलको निरन्तरको बमबारी तथा स्थल आक्रमणका कारण तहसनहस भएको छ । गाजायुद्ध सन् २०२३ अक्टोबर ७ मा हमासले इजरायलमाथि आक्रमण गरेपछि सुरु भएको थियो । उक्त आक्रमणमा इजरायली आधिकारिक आँकडाका आधारमा एएफपीको गणनाअनुसार अधिकांश सर्वसाधारणसहित एक हजार दुई सय १० जनाको मृत्यु भएको थियो । इजरायलको जवाफी कारबाहीमा हमास नियन्त्रित क्षेत्रको स्वास्थ्य मन्त्रालयका अनुसार गाजामा अधिकांश नागरिकसहित कम्तीमा ४७ हजार पाँच सय १८ जनाको मृत्यु भएको छ । संयुक्त राष्ट्र संघले यी आँकडालाई विश्वसनीय मान्छ ।

■ विश्वव्यापी विरोध

अमेरिकाले गाजापट्टी नियन्त्रणमा लिने विचारको छिमेकी इजिप्ट र जोर्डन सरकारले विरोध जनाएका छन् । तर, ट्रम्पले मध्यपूर्वमा 'सर्वोच्च नेतृत्व'ले यस योजनामा समर्थन जनाएकाले ती दुई मुलुकलाई गाजावासीलाई लिन दबाब बनाइने बताए । सन् २००७ देखि गाजामाथि एकल नियन्त्रण कायम गरेको हमासले भने प्रस्तावलाई अस्वीकार गर्दै यसलाई 'नश्लीय' विचारको संज्ञा दिएको छ । 'अमेरिकी नश्लीय दृष्टिकोण हाम्रा मानिसलाई विस्थापित गर्ने र हाम्रो मुद्दालाई समाप्त पार्ने इजरायली अति दक्षिणपन्थी स्थितिसँग मेल खान्छ,' हमास प्रवक्ता अब्देल लतिफ अल-कानोउले एक वक्तव्यमा भने ।

पश्चिम किनारामा स्थित प्यालेस्टिनी अथोरिटीका राष्ट्रपति महमुद अब्बासले प्रस्तावलाई अस्वीकार गरेका छन् । गाजाका प्यालेस्टिनीले पनि ट्रम्पको पुनर्वास विचारको विरोध गरेका छन् । प्यालेस्टिनीलाई गाजाबाट निकाल्ने कुनै पनि प्रयासले सन् १९४८ मा इजरायली सेनाले गरेको प्यालेस्टिनीको सामूहिक विस्थापनको घटना अर्थात् 'नक्बा'को अँध्यारो स्मृतिलाई जगाउनेछ ।

अहिले भने युद्धविराम सम्झौताअन्तर्गत ४३ दिनका लागि युद्ध रोकिएको छ । ट्रम्पको प्रस्ताव सार्वजनिक भएपछि साउदी अरेबियाले प्यालेस्टिनी राज्य स्थापना नभएसम्म इजरायलसँग औपचारिक सम्बन्ध नराख्ने बताएको छ । गाजा प्रस्तावलाई लिएर ट्रम्पले कडा विरोधको सामना गर्नुपर्ने देखिन्छ । इजिप्ट, जोर्डन र युद्धविराम मध्यस्थकर्ता कतार सबैले गाजाबाट प्यालेस्टिनीलाई सार्ने ट्रम्पको सुझावलाई अस्वीकार गरेका छन् । टर्कीका विदेशमन्त्री हकान फिदानले प्यालेस्टिनीलाई स्थानान्तरण गर्ने कुरा 'न त हामीले, न त क्षेत्रले स्वीकार गर्न सक्ने' कुरा भएको बताए । चीनले पनि यस प्रस्तावको विरोध गरेको छ । त्यहाँका विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले भने, 'चीनले सधैं प्यालेस्टिनीमाथि प्यालेस्टिनीहरूको शासन हुनुपर्ने वकालत गर्दै आएको छ । गाजाको युद्धपछिको शासनको आधारभूत सिद्धान्त पनि यही हुनुपर्ने हाम्रो मान्यता छ । हामी गाजाका बासिन्दाको जबर्जस्ती स्थानान्तरणको विरोध गर्छौं ।'

इतिहासमा आज

फेब्रुअरी ६

सन् १८४० : बेलायत राजमुकुट र न्युजिल्यान्डका माओरी जातिका ५०० भन्दा बढी मुखियाबिच 'वाइतांगी सन्धि'मा हस्ताक्षर भयो । सन्धिले माओरी जाति ब्रिटिस रैती हुने र माओरी जातिले उपभोग गर्दै आएको जमिनको बेलायतले संरक्षण गर्ने सामझदारी भएको थियो । यस सन्धिपछि न्युजिल्यान्ड औपचारिक रूपमा बेलायती उपनिवेश बन्यो ।

सन् १६८५ : निःसन्तान राजा चार्ल्स द्वितीयको मृत्युपछि उनका भाइ जेम्स द्वितीय बेलायतका राजा बने । उनी दमनकारी शासनका कारण सन् १६८८ को गौरवशालीबाट सत्ताच्युत हुन पुगेका थिए ।

सन् १८९९ : अमेरिकी सिनेटले शान्ति सम्झौता अनुमोदन गरेसँगै 'स्पेन-अमेरिकाबिचको युद्ध' अन्त्य भयो । यस युद्धको परिणामस्वरूप स्पेनिस उपनिवेश क्युवा स्वतन्त्र भयो भने गुआम र प्युटो रिकोमाथि अमेरिकी शासन स्थापित भयो । त्यस्तै स्पेनले उसको एसियाली उपनिवेश स्पेन अमेरिकालाई दुई करोडमा बेच्ने सहमतिसमेत जनाएको थियो ।

सन् १९४५ : चर्चित रेग्गी गायक बब मार्ली आजै जन्मिएका थिए ।

सन् १९५९ : अमेरिकी इन्जिनियर ज्याक विल्वीले 'इन्टिग्रेटेड सर्किट(आइसी)' आविष्कार गरे, जुन खोजका लागि किल्वीले सन् २०००मा गएर भौतिक शास्त्र विधामा नोबेल पुरस्कार जिते ।

सन् १९६४ : फ्रान्स र बेलायतले दुई देशलाई छुट्याएको समुद्री भाग 'इंग्लिस च्यान'मुनिबाट रेलको सुरुङमार्ग बनाउने सहमति जनाए ।

सन् १९६७ : कम्युनिस्ट देश अल्बानियामा सांस्कृतिक क्रान्तिको घोषणा । देशभरबाट धर्मको नामोनिसान मेटाउने र देशलाई विश्वको पहिलो नास्तिक देश बनाउने अभियान ।

सन् २०१८ : इलन मस्कको रकेट कम्पनी 'स्पेस-एक्स'ले त्यो समयको विश्वको सबैभन्दा शक्तिशाली रकेट 'फाल्कोन हेभी' प्रक्षेपण गऱ्यो ।

दिल्लीमा केजरिवालको पार्टी हार्न सक्ने प्रक्षेपण

नयाँदिल्ली/ भारतको राजधानी क्षेत्र समेटिएको 'युनियन टेरिटोरी' दिल्लीमा बुधबार विधानसभा निर्वाचन भयो । निर्वाचनमा प्रधानमन्त्री नरेन्द्र मोदीको हिन्दु राष्ट्रवादी दल 'भारतीय जनता पार्टी (भाजपा)' र आम आदमी पार्टी(आप)बिच कडा प्रतिस्पर्धा हुने अपेक्षा छ । निर्वाचन समाप्त भएपछि जारी अधिकांश एक्जिट पोलाहरूले भने यस पटक भाजपाले आपलाई उछिन्ने सम्भावना देखाएका छन् । आफ्नो एक्जिट पोलमा 'डिभी रिसर्च'ले भाजपाले ३६ देखि ४४ सिट जितेर स्पष्ट बहुमत ल्याउने र दोस्रो स्थानको आपले २६ देखि ३४ सिट ल्याउने बताएको छ । 'पोल डायरी'को एक्जिट पोल नतिजा अनुसार भाजपाले ४२ देखि ५० सिट जित्ने र आप १८ देखि २५ सिटसहित दोस्रो स्थानम रहने देखाएको छ । 'चानक्य स्ट्रेटेजी'को पोल नजिताले पनि भाजपाले बहुमत ल्याउने प्रक्षेपण गरेको छ । यी सबै मतसर्वेक्षणले कग्रेसले भने धेरैमा तीन सिट जित्ने देखाएको छ । केही पोलमा भने आप भाजपाभन्दा अगाडि देखिएको छ ।

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
कोशी प्रदेश
विराटनगर, मोरङ्ग

बोलपत्र स्विकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति : २०८१/१०/२४)

यस कार्यालयबाट मिति २०८१/०९/१५ गतेको सौर्य दैनिकमा प्रकाशित वोलपत्र आह्वानको सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता भएका वोलपत्रहरु मध्ये तपशिल बमोजिमका वोलपत्रदाताहरुको वोलपत्र न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भइ स्विकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

तपशिल

सि.न.	विवरण	छनौट गरिएको वोलपत्रदाताहरु	कवोल अंक (मु.अ.क.समेत)
1	Upgrading of of Ranipath dekhi Malaya road samma thalaha marga ma sadak Istarounnati, Biratnagar-13, Morang (Contract No : IDO/MOR/NCB/RW-170/081-82)	M/S Avion Nirman Sewa, Siraha-7, Siraha	3052957.00
2	Upgrading of Ariya Maharajthan dekhi Bhalkhuda Jangal Hundai Samir miya ko Ghar Samma Mato thatha Garvel, Ratuwamai 1, Morang (Contract No : IDO/MOR/NCB/RW-171/081-82)	M/S Kashyap Construction, Buddhiganga, Morang	1538860.00
3	Upgrading of Damrabhitta Purba siba mandir jodiyeko Bato Menuka Dahal ko ghar hudai Prahari choki samma sadak, Ratuwamai -8 Morang (Contract No : IDO/MOR/NCB/RW-172/081-82)	M/S Jaya Rajaji Baba Construction and Suppliers, Tokha, Kathmandu	1614708.61
4	Upgrading Mahesh Tajpuriya ko Ghar Dekhi Purba Pipal Bot Hundai Harsalu Das Ko Ghar Hundai Culvert samma Sadak, Ratuwamai -3, Morang (Contract No : IDO/MOR/NCB/RW-173/081-82)	M/S Kashyap Construction, Buddhiganga, Morang	1622111.01
5	Upgrading of Kadam Mahato ko ghar Dekhi Pachim Louwali Danga , Ratuwamai -3, Morang (Contract No : IDO/MOR/NCB/RW-174/081-82)	M/S Kashyap Construction, Buddhiganga Morang	1701224.80
6	Upgrading of Pariyarpur Bata Pipra Field Hudai Nahar Samma Niskine Bato, Ramdhuni - 5 , Sunsari (Contract No : IDO/MOR/NCB/RW-175/081-82)	M/S Bhimashankar Construction, Gadhi, Sunsari	2004166.53
7	Upgrading of Nadhiyatok Mohanlal Thandar Ko Ghar Dekhi Purwa Kahartole-Birtatole Samma Bato, Gramthan-1 , Morang (Contract No : IDO/MOR/NCB/RW-176/081-82)	M/S Stone Bridge Construction Pvt.Ltd, Tarkeswor, Kathmandu	1493112.15
8	Upgrading of of B.P. Sewa Kendra Dekhi Beldangi Road, Sunbarshi-9, Morang (Contract No : IDO/MOR/NCB/RW-177/081-82)	M/S Riddhima Construction, Buddhiganga Morang	1506515.00
9	Upgrading of Nengda Chowk Dekhi Jhangad Tole Samma Ko Bato, Katahari-5, Morang (Contract No : IDO/MOR/NCB/RW-178/081-82)	M/S Debika Construction, Buddhiganga Morang	2177877.41
10	Upgrading of Sitaram Aa. Bi. Dekhi Kalithan Hudai Sikti Samma Road, Sunbarshi-7, Morang (Contract No : IDO/MOR/NCB/RW-179/081-82)	M/S Riddhima Construction, Buddhiganga Morang	1467982.00
11	Upgrading of Maheshpur Pragatitole Kha Jane Bato Nirman, Katahari-1, Morang (Contract No : IDO/MOR/NCB/RW-180/081-82)	M/S Jaya Rajaji Baba Construction and Suppliers, Tokha, Kathmandu	1411545.03
12	Upgrading of Swastha Chauki Jane Haraichamode Sadak Nirman, Sundarharaicha-12, Morang (Contract No : IDO/MOR/NCB/RW-181/081-82)	M/S Madi R.K.D. Construction, Itahari, Sunsari	2323106.74
13	Upgrading of Suryodhaya Marga, Biratnagar 3, Morang (Contract No : IDO/MOR/NCB/RW-101/081-82)	M/S Y.S. Nirman Sewa Pvt.Ltd, Gokarneshwor, Kathmandu	3337710.71

QATAR मा रोजगार Yemek Doha Catering
पुर्व स्वीकृती मिति: २०८१/१०/२३ चलानी नं. ६०२३२४९४ LT No.: 318269

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब QR	मासिक तलब ने.रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्ताका काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधी
१.	ELECTRICIAN (GENERAL)	40	कामसा दख	1200	४६,८००।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	रु०		२ वर्ष

यात्रुवेसमा गरिने मेडिकल खर्च काममले गर्ने र जति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च काममले व्यहोर्ने	यात्रुवेसमा गरिने विमा खर्च काममले व्यहोर्ने र जति लाग्ने	रोजगारदाता फीमा हुने /लाग्ने र काममले व्यहोर्ने	हवाई टिकट काममले दिने र जति लाग्ने	भिसा शुल्क काममले दिने र जति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	कल्याणकारी कोष	श्रमिकमैत्रीकरण शुल्क	सेवा शुल्क
कामदार आफैंले	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैंले	हुने- रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. २,३०००/- कामदार आफैंले	रु. १,४००/- कामदार आफैंले	रु. ७,००/- कामदार आफैंले	रु.१०,०००/-

अन्तरवार्ता २०८१ फागुन १ गते (13 Feb., 2025) यस प्रा. लि. को कार्यालय गौशला काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट अनुमतिप्राप्त अन्तरदाता: १. आफ्नो नागरिक वैध राहदानी भएकाहरु मात्र कम्पनीमा भई रहेका कामदार होला । हामीसंगको रकममा भएकाहरु अनिवार्यरुपमा निशुल्क । २. आफ्ना काम गर्न जाने मुलुकका रहेको श्रमसुरक्षा कोष, कल्याणकारी कोष, श्रमिक मैत्री कम्पनी, राहुले सेवा, सुविधा र अन्य सर्तहरु राम्रो भए कम्पनीमा हाजीर भएकाहरु । ३. विदेश जानुअघि आफ्ना आफ्ना मुलुकका रहेको श्रमसुरक्षा कोष, कल्याणकारी कोष, श्रमिक मैत्री कम्पनी, राहुले सेवा, सुविधा र अन्य सर्तहरु राम्रो भए कम्पनीमा हाजीर भएकाहरु । ४. यस विज्ञापनमा उल्लेख भएका सर्तहरु राम्रो भएकाहरु । ५. कामका विषय जाँच सेवाकर्मी एजेन्टहरु एजेन्ट नहुँदा अनावश्यक रुपमा पैसा नदिनुहोला । ६. यस विज्ञापनमा उल्लेख भएका सर्तहरु राम्रो भएकाहरु । ७. यस विज्ञापनमा थप केही कुराहरु भए वैदेशिक रोजगार विभाग, कुवैतमा, नवाजिसकेकाहरुका सम्पर्क राख्नुहोला ।

POWER EMPLOYMENT PVT. LTD.
Lic. No.: 1194/073/074
Gaushala-9, Kathmandu, GPO Box : 43435, Tel. : 01-4583830, 4588308
Email : poweremployment.np@gmail.com

माउन्टेन इनर्जी नेपाल लि.
Mountain Energy Nepal Ltd.

पोष्ट बक्स नं. २१७२९, वडा नं. ३०, डिल्लीबजार, काठमाण्डौ, नेपाल । फोन नं : ०१-४५३७७०५
फ्याक्स नं. ०१-४५३०५६२ । E-mail: info@mountainenergy.com.np | URL: www.mountainenergy.com.np

Statement of Financial Position as on 29th Poush, 2081

Particulars	As at 29th Poush, 2081 (Unaudited)	As at 30th Ashwin, 2081 (Previous Quarter)	As at 29th Poush, 2080 (Previous Year)
ASSETS			
Non-current assets			
Property, plant and equipment	29,190,309	28,008,527	28,615,443
Intangible assets	5,642,286,533	5,706,875,752	5,900,643,418
Intangible assets under development	76,875,584	76,875,584	75,490,204
-Research on Mistri Khola Cascade Project	76,875,584	76,875,584	75,490,204
Goodwill (arising on acquisition of Aadhishakti)	13,738,722	13,896,035	14,367,976
Deferred tax assets	-	-	2,811,393
Total non-current assets	**5,762,091,148**	**5,825,655,898**	**6,021,928,434**
Current assets			
Trade and other receivables	1,029,576,157	1,150,775,113	760,521,826
Prepayments	38,558,325	37,392,487	27,242,427
Loan and advances	30,020,991	28,299,848	25,661,316
Cash and cash equivalents	338,320,865	65,181,102	291,490,120
Total current assets	**1,436,476,338**	**1,281,648,550**	**1,104,915,689**
Total assets	**7,198,567,486**	**7,107,304,448**	**7,126,844,123**
EQUITY AND LIABILITIES			
Equity			
Share capital	2,602,715,708	2,263,231,050	1,968,027,000
Retained earnings	1,240,453,414	1,330,212,345	1,521,715,583
Total equity	**3,843,169,122**	**3,593,443,395**	**3,489,742,583**
Liabilites			
Non-current liabilities			
Loans and borrowings	2,832,089,608	2,919,735,105	3,227,686,842
Deferrd tax liabilites	37,656,298	34,575,412	-
Total non-current liabilities	**2,869,745,906**	**2,954,310,517**	**3,227,686,842**
Current liabilities			
Trade and other payables	87,495,458	60,190,999	58,224,698
Loans and borrowings	398,157,000	499,359,537	351,190,000
Total current liabilities	**485,652,458**	**559,550,536**	**409,414,698**
Total liabilities	**3,355,398,364**	**3,513,861,053**	**3,637,101,540**
Total equity and liabilities	**7,198,567,486**	**7,107,304,448**	**7,126,844,123**

MOUNTAIN ENERGY NEPAL LTD.
Statement of Profit or Loss and other Comprehensive Income
For the period ended 29th Poush, 2081

Particulars	As at 29th Poush, 2081 (Unaudited)	As at 30th Ashwin, 2081 (Previous Quarter)	As at 29th Poush, 2080 (Previous Year)
Revenue	798,106,491	496,019,781	735,292,064
Insurance Claim for loss of profit	80,629,646		
Cost of sales			
-Amortization on Project Assets	(129,178,444)	(64,589,225)	(129,178,444)
-Other Direct Costs	(80,089,537)	(44,415,920)	(94,046,701)
Gross profit	**669,468,156**	**387,014,636**	**512,066,919**
Administrative expenses	(17,778,978)	(10,034,182)	(17,800,849)
Depreciation and amortisation	(871,934)	(429,010)	(805,743)
Operating profit	**650,817,244**	**376,551,444**	**493,460,327**
Finance income	1,441,240	1,352,741	4,290,671
Finance costs	(124,089,998)	(65,182,094)	(135,979,383)
Staff Bonus	(10,563,370)	(6,254,442)	(7,235,432)
Profit before tax	**517,605,116**	**306,467,649**	**354,536,183**
Income tax expenses			
Current tax	(6,053,475)	(1,938,231)	(6,756,250)
Deferred tax income/(expense)	509,743	863,793	2,284,055
Profit for the period	**512,061,384**	**305,393,211**	**350,063,988**
Other comprehensive income	-	-	-
Total comprehensive income	**512,061,384**	**305,393,211**	**350,063,988**

1. Notes to quarterly unaudited financials.

1.1 The unaudited financial statements for the Second Quarter ended Poush 29, 2081 of the FY 2081/82 are reviewed by Audit Committee and authorized to publish by Board of Director of the Company.

1.1.1 Commercial Operation Date and Life of Hydropower Project:

Life (License Period):

- Tadi Khola (Thaprek), license period is valid till 2103 Mangsir 05.
- Mistri Khola license period is valid till 2103 Kartik 19.

Commercial Operation Date (COD):

- Tadi Khola (Thaprek) started commercial operation from 2069 Chaitra 14.
- Mistri Khola started its commercial operation from 2078 Ashadh 03.

1.2 Revenue:

1.2.1 Sale of Electricity:

For the Second quarter ended on Poush 29th ,2081 of the Financial Year 2081/2082, revenue from sale of electricity generated by Tadi Khola HEP (5 MW) is NRs. 80,508,665 and by Mistri Khola HEP (42 MW) is NRs. 717,597,826.

Revenue for the period is based on terms of the PPA agreement with Nepal Electricity Authority.

Insurance Recovery: Mistri Khola HEP was affected by unprecedented flooding resulting in claim for loss of profit, consequently, compensation of Rs. 85,629,646 received for loss of profit as per the term of insurance, which is recognized as revenue.

1.2.2 Arbitral Award by NEPCA (Tribunal) & High Court, Patan

With regard to the dispute between Mountain Energy Nepal Limited & Nepal Electricity Authority, Nepal Council of Arbitration (NEPCA), the Tribunal has awarded the dispute in favor of Mountain Energy Nepal Limited via letter Ref No. 306/080/81 dated 27 October 2023.

Nepal Electricity Authority had appealed against the award of NEPCA to the Honorable High Court, Patan, vide case registration no 080-FJ-0091; for which the Arbitral decision was upheld by the High Court in favor of Mountain Energy Nepal Limited on 05th May 2024.

Moreover, payment from NEA has not been received as per the decision of Tribunal and Patan High Court.

1.3 Amortization:

Both the Projects, Tadi Khola and Mistri Khola Project have recognized an Intangible Asset for the right to sell electricity to NEA as specified in PPA through construction of projects assets under the service concession agreement.

Tadi Khola Project Assets, accounted as Intangible assets, are amortized over remaining useful life (Operation License period) of 338 months. The useful life of project asset is the tenure calculated from commercial date of operation. The amortization expense is included in the Cost of Sales.

Mistri Khola Project Assets, accounted as Intangible assets, are amortized over remaining useful life (Operation License period) of 304.5 months. The useful life of project asset is the tenure calculated from commercial date of operation. The amortization expense is included in the Cost of Sales.

Final project construction completion certificate is dated Ashwin 12, 2078. Hence, all the expenses relating to the project up to Ashwin 12, 2078 are capitalized.

1.4 Taxation:

Mistry Khola project is in tax holiday up to Ashad 02, 2088, then after for next five years, tax concession is 50% of applicable tax rate.

100% tax concession period of Tadi Khola HEP ended on Chaitra 13, 2079 and for the next five years, tax concession at the rate of 50% on applicable tax rate is available. Accordingly, tax liability on taxable income of Tadi Khola project is calculated applying the concessional rate of 10% from Chaitra 14, 2079. 100% tax concession period of Mistri Khola HEP is available till Ashadh 02, 2088.

Interest income is not tax exempted as per Section 11 of Income Tax Act, 2058, consequently tax liability on Interest Income has been calculated at the rate of 25% on proportionate basis after deducting the staff bonus.

1.5 Related Party Transitions:

There is no related party transaction during the reporting period.

1.6 Key Financial Ratio:

In NRs.

Period	Earnings Per Share (Quarterly)	Net Worth Per Share	Current Ratio	P/E Ratio
This Quarter End	19.67	147.66	2.96	31.06
Previous Quarter End	13.49	158.77	2.29	48.93
Corresponding Previous year's Quarter End (Audited)	17.79	177.32	2.70	36.82

1.7 Challenges

Internal

- Retention of skilled human Resources
- Managing Operational Efficiency

External

- Impact of Climate Change on amount of Rain/Snow Fall in Catchment area
- Suppler Risk as vendors of major project assets is of foreign origin.
- Foreign exchange rate

1.8 Management Analysis

Electricity generation from Mistri Khola HEP was halted for the period from 15th Jestha 2081 to 20th Shrawan 2081 due to unprecedented flooding at the project's dam site, adversely affected normal operation of Intake Pond and Settling Basin. Normal generation of electricity at this plant resumed from 21st Shrawan 2081.

Both the projects (Tadi Khola-HEP and Mistri Khola HEP) are operating satisfactorily. The debt service and loan related to Tadi Khola-HEP has been settled fully.

1.9 Analysis of Share Transactions :

• The Major Highlights of Share Transactions During the Quarter are as follows:

Maximum Price NPR	Minimum Price NPR	Closing Price NPR	Total Turnover	Traded Volume	Transaction Days
758.00	585.00	611.00	2,079,570,935	2,949,217	58

2. Corporate Governance

The Company has regular Board of Directors and Audit Committee meetings. The management team meet regularly for the smooth running of the Company.

3. Declaration from Management

I take the responsibility for the accuracy of financial and other information detailed in this report for the 6 months period end on Poush 29, 2081 of FY 2081/82 and hereby declare that financial and other information detailed in this report are true, based on records and facts, and are complete to the best of my knowledge and that information necessary for taking informed decision by the investors are not concealed.

एन आई सी एशिया बैंक लिमिटेड
NIC ASIA
एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११७८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही ओप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल वमोजिमको चल अचल सम्पत्ति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण
१)	**१) ऋणी: नयन कुमार श्रेष्ठ** स्थायी ठेगाना: मोरङ जिल्ला, वविया‌विर्ता गा.वि.स वडा नं. ९, हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १०, बाबु: सह बहादुर श्रेष्ठ, बाजे: भीम सेन श्रेष्ठ तथा **ऋणी: श्रृजना श्रेष्ठ** स्थायी ठेगाना: मोरङ जिल्ला, विराटनगर गा.प. वडा नं. १०, हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १०, बाबु: कृष्ण बहादुर श्रेष्ठ, ससुरा: सह वहादुर श्रेष्ठ, पति: नयन कुमार श्रेष्ठ
	धितोको विवरण
	भीम सेन श्रेष्ठको नाति, सह वहादुर श्रेष्ठको छोरा, मोरङ जिल्ला, वविया‌विर्ता गा.वि.स वडा नं. ९ स्थायी ठेगाना भई मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १० बस्ने नयन कुमार श्रेष्ठको नाममा मालपोत कार्यालय विराटनगर, मोरङको लगतमा दर्ता कायम रहेको मोरङ जिल्ला, बखरी गा.वि.स. वडा नं. ६/ख स्थित कित्ता नं. ४०६३ को क्षेत्रफल ०-०-१०-० (विगाहा) को घरजग्गा तथा सो घर जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।
	२) कर्जाको किसिम: व्यक्तिगत कर्जा **ऋणी: नयन कुमार श्रेष्ठ** स्थायी ठेगाना: मोरङ जिल्ला, वविया‌विर्ता गा.वि.स वडा नं. ९, हालको ठेगाना : मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १०, बाबु: सह बहादुर श्रेष्ठ, बाजे: भीम सेन श्रेष्ठ
	जमानीकर्ता: श्रृजना श्रेष्ठ, स्थायी ठेगाना: मोरङ जिल्ला, विराटनगर न/गा.प. वडा नं. १०, हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १०, बाबु: कृष्ण बहादुर श्रेष्ठ, ससुरा: सह वहादुर श्रेष्ठ, पति: नयन कुमार श्रेष्ठ
	३) कर्जाको किसिम: व्यक्तिगत कर्जा **ऋणी: श्रृजना श्रेष्ठ** स्थायी ठेगाना: मोरङ जिल्ला, विराटनगर न/गा.प. वडा नं. १०, हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १०, बाबु: कृष्ण बहादुर श्रेष्ठ, ससुरा: सह वहादुर श्रेष्ठ, पति: नयन कुमार श्रेष्ठ
	जमानीकर्ता: नयन कुमार श्रेष्ठ स्थायी ठेगाना: मोरङ जिल्ला, वविया‌विर्ता गा.वि.स वडा नं. ९, हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १०, बाबु: सह बहादुर श्रेष्ठ, बाजे: भीम सेन श्रेष्ठ
२)	**१) ऋणी फर्म: वरुण ज्वेलर्स,** प्रोप्राईटर तथा जमानीकर्ता: भीम बहादुर विश्वकर्मा दर्ता नं.: वाणिज्य विभाग, वाणिज्य कार्यालय विराटनगरमा प्रा.फ.र.नं. २४७६२/०६९/०७०, दर्ता मिति: २०६९/०६/१४, ठेगाना: जिल्ला मोरङ इन्द्रपुर गा.वि.स. वडा नं. ४
	धितोको विवरण
	१) बल बहादुर विश्वकर्माको नाति, विर बहादुर विश्वकर्माको छोरा, संखुवासभा जिल्ला, सित्तलमाटी गा.वि.स.वडा नं.३ स्थायी ठेगाना भइ हाल मोरङ जिल्ला, सुन्दरहरैंचा न.पा. वडा नं. १२ बस्ने भीम बहादुर विश्वकर्माको नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गको लगतमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, हरैंचा गा.वि.स.वडा नं. ९(हाल: सुन्दरहरैंचा न.पा. १२) स्थित कित्ता नं. २३६३ को क्षेत्रफल ०-०-१०-० (विगाह)को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत। २) वरुण ज्वेलर्स को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण ।
	२) कर्जाको किसिम: व्यक्तिगत कर्जा **ऋणी: तारा रसाइली** स्थायी ठेगाना: संखुवासभा जिल्ला, सित्तलमाटी गा.वि.स.वडा नं.३, हालको ठेगाना: मोरङ जिल्ला, सुन्दरहरैंचा न.पा. वडा नं. १२, बाबु: डम्बर बहादुर खाति, ससुरा: विर बहादुर विश्वकर्मा, पति: भीम बहादुर विश्वकर्मा
	जमानीकर्ता: भीम बहादुर विश्वकर्मा स्थायी ठेगाना: संखुवासभा जिल्ला, सित्तलमाटी गा.वि.स.वडा नं.३, हालको ठेगाना: मोरङ जिल्ला, सुन्दरहरैंचा न.पा. वडा नं. १२, बाबु: विर बहादुर विश्वकर्मा, बाजे: बल बहादुर विश्वकर्मा
प्रकाशित मितिः २०८१/१०/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसीलमा उल्लिखित ऋणीले उपभोग गर्नु भएको ऋण/ कर्जा निज ऋणीले बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धित सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत/ संस्थागत/धितो जमानतकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी कर्जाको सम्पूर्ण बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला। अन्यथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना/बाँकी बक्यौता रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन, परिपत्र, सूचना अनुसार सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ।

साथै सुरक्षण वापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण बाँकी बक्यौता लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सूचित गरिन्छ।

तपसिल

दमौली शाखा, तनहुँ

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण		
१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय, गोरखामा प्रा.फ.र.नं. २७८७/०७५/०७६ अन्तर्गत मिति २०७५/११/०६ मा दर्ता कायम भएको **शिद्ध अकला स्टोर्स** फर्म दर्ता ठेगानाः व्यास न.पा.-२, तनहुँ स्थायी लेखा नं. ६०९२५८२९३ मितिः २०७५/११/०७ **प्रोप्राइटरः मदन संग्रौला** **कर्जा शिर्षकः ओभरड्राफ्ट कर्जा**	**मदन संग्रौला** ना.प्र.नं. ४४१०२०/४५१ जारी मितिः २०६७/०७/२४ जि.प्र.का. गोरखा बाबुको नामः दल बहादुर संग्रौला बाजेको नामः केशरी प्रसाद संग्रौला स्थायी ठेगानाः धुँवाकोट-३, गोरखा हालको ठेगानाः पालुङ्गटार न.पा.-८, गोरखा	**दल बहादुर संग्रौला** ना.प्र.नं. ३२७८, जारी मितिः २०४३/०९/०४ जि.प्र.का. गोरखा बाबुको नामः केशरी प्रसाद संग्रौला बाजेको नामः नरहरि संग्रौला स्थायी ठेगानाः धुँवाकोट-३, गोरखा हालको ठेगानाः पालुङ्गटार न.पा.-८, गोरखा	**प्रमीसा कार्की** ना.प्र.नं. ४३३०२८/२३७ जारी मितिः २०७०/०२/२७ जि.प्र.का. तनहुँ बाबुको नामः कृष्ण बहादुर कार्की पतिको नामः मदन संग्रौला ससुराको नामः दल बहादुर संग्रौला स्थायी ठेगानाः बन्दीपुर-२, तनहुँ हालको ठेगानाः पालुङ्गटार न.पा.-८, गोरखा
संयुक्त ऋणीको विवरण		**व्यक्तिगत जमानत दिनेको विवरण**	
२. **दल बहादुर संग्रौला** ना.प्र.नं. ३२७८ जारी मितिः २०४३/०९/०४ जि.प्र.का. गोरखा बाबुको नामः केशरी प्रसाद संग्रौला बाजेको नामः नरहरि संग्रौला स्थायी ठेगानाः धुँवाकोट-३, गोरखा हालको ठेगानाः पालुङ्गटार न.पा.-८, गोरखा **कर्जा शिर्षकः आवधिक कर्जा**	**मदन संग्रौला** ना.प्र.नं. ४४१०२०/४५१ जारी मितिः २०६७/०७/२४ जि.प्र.का. गोरखा बाबुको नामः दल बहादुर संग्रौला बाजेको नामः केशरी प्रसाद संग्रौला स्थायी ठेगानाः धुँवाकोट-३, गोरखा हालको ठेगानाः पालुङ्गटार न.पा.-८, गोरखा	**प्रमीसा कार्की** ना.प्र.नं. ४३३०२८/२३७ जारी मितिः २०७०/०२/२७ जि.प्र.का. तनहुँ बाबुको नामः कृष्ण बहादुर कार्की पतिको नामः मदन संग्रौला ससुराको नामः दल बहादुर संग्रौला स्थायी ठेगानाः बन्दीपुर-२, तनहुँ हालको ठेगानाः पालुङ्गटार न.पा.-८, गोरखा	**मस्यौरी संग्रौला** ना.प्र.नं. २/२९२३ जारी मितिः २०४६/०३/०९ जि.प्र.का. गोरखा पतिको नामः दल ब. संग्रौला ससुराको नामः केशरी प्रसाद संग्रौला स्थायी ठेगानाः धुँवाकोट-३, गोरखा हालको ठेगानाः पालुङ्गटार न.पा.-८, गोरखा

बुटवल मुख्य शाखा, रुपन्देही

ऋणीको विवरण		
१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयमा प्रा.फ.र.नं. ४८३०२/०७७ अन्तर्गत मिति २०७७/०६/२० मा दर्ता कायम भएको **सायन एण्ड सायरा सप्लायर्स एण्ड फेस हाउस** फर्म दर्ता ठेगाना : तिलोतमा न.पा. - १४, रुपन्देही स्थायी लेखा नं. ६१३९२१२५७ मिति २०७७/०६/२० **प्रोप्राइटरः दिव्या थापा** **कर्जा शिर्षकः ओभरड्राफ्ट कर्जा**	२. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयमा प्रा.फ.र.नं. ४६२४१/०७६/७७ अन्तर्गत मिति २०७६/१०/२७ मा दर्ता कायम भएको **सायन एण्ड सायरा एग्रो** फर्म दर्ता ठेगानाः तिलोतमा न.पा. - १४, रुपन्देही स्थायी लेखा नं. ६१३०१८९४६ मिति २०७६/१०/२७ **प्रोप्राइटरः अमृता थापा मगर** **कर्जा शिर्षकः ओभरड्राफ्ट तथा फोर्स कर्जा**	३. नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सिद्धाथनगर, रुपन्देहीमा प्र.फ.नं.घ.उ.का. १५६७९/०७४/७५ अन्तर्गत मिति २०७५/०१/२३ मा दर्ता कायम भएको **उन्नती पशुपंक्षी फार्म** फर्म दर्ता ठेगानाः देवदह - २, रुपन्देही स्थायी लेखा नं. ६१४५५९२४८ मिति २०७७/०९/०६ **प्रोप्राइटरः बासुदेव पुन** **कर्जा शिर्षकः ओभरड्राफ्ट तथा आवधिक कर्जा**
व्यक्तिगत जमानत दिनेको विवरण			
डम्बर बहादुर पुन ना.प्र.नं. २१७४४ जारी मितिः २०५९/०६/११ जि.प्र.का. रुपन्देही बाबुको नामः विर बहादुर पुन बाजेको नामः थमान पुन स्थायी ठेगानाः टिकुलीगढ - ७, रुपन्देही हालको ठेगानाः तिलोतमा न.पा. - १४, रुपन्देही	**मिरा कुमारी पुन** ना.प्र.नं. २१७४३ जारी मितिः २०५९/०६/११ जि.प्र.का. रुपन्देही बाबुको नामः विर बहादुर पुन बाजेको नामः थमान पुन स्थायी ठेगानाः टिकुलीगढ - ७, रुपन्देही हालको ठेगानाः तिलोतमा न.पा. - १४, रुपन्देही	**विर बहादुर पुन** ना.प्र.नं. ४६९४ जारी मितिः २०४६/०२/२६ जि.प्र.का. रुपन्देही बाबुको नामः थमान पुन बाजेको नामः चन्द्र सिह स्थायी ठेगानाः टिकुलीगढ - ७, रुपन्देही हालको ठेगानाः तिलोतमा न.पा. - १४, रुपन्देही	**बासुदेव पुन** ना.प्र.नं. ३७१०१६/२/३३८०८ जारी मितिः २०६४/०१/१३ जि.प्र.का. रुपन्देही बाबुको नामः विर बहादुर पुन बाजेको नामः थमान पुन स्थायी ठेगानाः टिकुलीगढ - ७, रुपन्देही हालको ठेगानाः तिलोतमा न.पा. - १४, रुपन्देही
अमृता थापा मगर ना.प्र.नं. ३७२०३७/६२७९६, जारी मितिः २०६७/०७/२४ जि.प्र.का. रुपन्देही बाबुको नामः चक्र बहादुर थापा मगर पतिको नामः डम्बर बहादुर पुन ससुराको नामः विर बहादुर पुन स्थायी ठेगानाः रुद्रपुर - ७, रुपन्देही हालको ठेगानाः तिलोतमा न.पा. - १४, रुपन्देही	**हेमादेवी पुन** ना.प्र.नं. ४६९५, जारी मितिः २०४६/०२/२६ जि.प्र.का. रुपन्देही बाबुको नामः इन्द्र बहादुर थापा पतिको नामः विर बहादुर पुन ससुराको नामः थमान पुन स्थायी ठेगानाः टिकुलीगढ - ७, रुपन्देही हालको ठेगानाः तिलोतमा न.पा. - १४, रुपन्देही	**दिव्या थापा** ना.प्र.नं. ४११०४५/७९९०६, जारी मितिः २०६६/०३/१५ जि.प्र.का. गुल्मी बाबुको नामः लाल बहादुर थापा पतिको नामः बासुदेव पुन ससुराको नामः विर बहादुर पुन स्थायी ठेगानाः रुपाकोट - ६, गुल्मी हालको ठेगानाः तिलोतमा न.पा. - १४, रुपन्देही	

बर्दिबास शाखा, महोत्तरी

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
गणेश साह तेली ना.प्र.नं. ८६४४२७९६ जारी मितिः २०५८/१०/२८ ई.प्र.का. गौशाला, महोत्तरी बाबुको नामः महेन्द्र साह तेली बाजेको नामः जुगेश्वर साह तेली स्थायी ठेगानाः गौशाला-४, महोत्तरी हालको ठेगानाः गौशाला न.पा.-४, महोत्तरी **कर्जा शिर्षकः घर तथा सवारी साधन कर्जा**	**राधा देवी** ना.प्र.नं. १८२०६९/३८७ जारी मितिः २०६७/०२/३१ ई.प्र.का. गौशाला, महोत्तरी बाबुको नामः योगेन्द्र साह तेली पतिको नामः गणेश साह तेली ससुराको नामः महेन्द्र साह तेली स्थायी ठेगानाः गौशाला न.पा.-४, महोत्तरी

पोखरा सभागृह चोक शाखा, कास्की

ऋणीको विवरण		
१. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता.नं. २८६४४६/०७८/०७९ अन्तर्गत मिति २०७८/११/३० मा दर्ता कायम भएको **सेन्ट्रल डिपार्टमेन्ट स्टोर प्रा.लि.** कम्पनी दर्ता ठेगानाः पोखरा म.न.पा.-१३, कास्की स्थायी लेखा नं. ६१०२४०८६१ मिति २०७८/१२/११ **संचालकः बिनोद भुजेल** **कर्जा शिर्षकः ओभरड्राफ्ट तथा आवधिक कर्जा**	२. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा प्रा.फ.र.नं. १९६५७/०७७/०७८ अन्तर्गत मिति २०७७/०६/१२ मा दर्ता कायम भएको **समन्ना कस्मेटिक** फर्म दर्ता ठेगाना : पोखरा म.न.पा.-१३, कास्की स्थायी लेखा नं. ६१२८९२२७१ मिति २०७६/१०/०९ **प्रोप्राइटरः संगिता भुजेल** **कर्जा शिर्षकः आवधिक कर्जा**	३. **बिनोद भुजेल** **कर्जा शिर्षकः घर कर्जा**
व्यक्तिगत जमानत दिनेको विवरण		
बिनोद भुजेल ना.प्र.नं. १२७८०८, जारी मितिः २०५८/०४/१६ जि.प्र.का. कास्की बाबुको नामः राम बहादुर भुजेल बाजेको नामः धन बहादुर भुजेल स्थायी ठेगानाः पोखरा-११, कास्की हालको ठेगानाः पोखरा म.न.पा.-१३, कास्की	**संगिता भुजेल** ना.प्र.नं. १५४५४२, जारी मितिः २०६१/११/२१ जि.प्र.का. कास्की बाबुको नामः तेज बहादुर भुजेल पतिको नामः मनोज भुजेल ससुराको नामः राम बहादुर भुजेल स्थायी ठेगानाः हंसपुर-१, कास्की हालको ठेगानाः पोखरा म.न.पा.-१३, कास्की	**राम बहादुर भुजेल** ना.प्र.नं. २१९, जारी मितिः २०४५/०२/०२ जि.प्र.का. कास्की बाबुको नामः धन बहादुर भुजेल बाजेको नामः देउ मान भुजेल स्थायी ठेगानाः पोखरा-११, कास्की हालको ठेगानाः पोखरा म.न.पा.-१३, कास्की
चन्द्रा राना ना.प्र.नं. १६१७०१, जारी मितिः २०६२/०६/१२ जि.प्र.का. कास्की बाबुको नामः बुद्धि बहादुर राना पतिको नामः बिनोद भुजेल ससुराको नामः राम बहादुर भुजेल स्थायी ठेगानाः भलाम-६, कास्की हालको ठेगानाः पोखरा म.न.पा.-१३, कास्की	**धर्ममाया भुजेल** ना.प्र.नं. १७३ जारी मितिः २०४५/०२/०२ जि.प्र.का. कास्की पतिको नामः राम बहादुर भुजेल ससुराको नामः धन बहादुर भुजेल स्थायी ठेगानाः पोखरा-११, कास्की हालको ठेगानाः पोखरा म.न.पा.-१३, कास्की	**मनोज भुजेल** ना.प्र.नं. १०६४८४ जारी मितिः २०५७/०२/२९ जि.प्र.का. कास्की बाबुको नामः राम बहादुर भुजेल बाजेको नामः धन बहादुर भुजेल स्थायी ठेगानाः पोखरा-११, कास्की हालको ठेगानाः पोखरा म.न.पा.-१३, कास्की	**बसन्त भुजेल** ना.प्र.नं. ४६१००१/५०९२ जारी मितिः २०६५/०८/१६ जि.प्र.का. कास्की बाबुको नामः राम बहादुर भुजेल बाजेको नामः धन बहादुर भुजेल स्थायी ठेगानाः पोखरा-११, कास्की हालको ठेगानाः पोखरा म.न.पा. -१३, कास्की

नोटः
१. **ऋणी सेन्ट्रल डिपार्टमेन्ट स्टोर प्रा.लि. का लागि बिनोद भुजेल, चन्द्रा राना, राम बहादुर भुजेल र धर्ममाया भुजेलको जमानत रहेको।**
२. **ऋणी समन्ना कस्मेटिकका लागि संगिता भुजेल, बिनोद भुजेल, मनोज भुजेल र धर्ममाया भुजेलको जमानत रहेको।**
३. **ऋणी विनोद भुजेलका लागि चन्द्रा राना, राम बहादुर भुजेल, बसन्त भुजेल, मनोज भुजेल र धर्ममाया भुजेलको जमानत रहेको।**

नोटः ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्टः ०१-५९७०६००

अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार २४ माघ ०८१

सरकारी खर्च घटाउने फितलो मापदण्ड

नयाँ गाडी तथा फर्निचर खरिदमा रोक लगाउनेदेखि परामर्श सेवा लिन नपाइनेसम्मका मापदण्ड पुरानै

'विशेष परिस्थितिमा', 'सकेसम्म', 'उपलब्ध भएसम्म', 'सम्भव भएसम्म', 'अत्यावश्यक नभई', जस्ता 'लुप होल'

कृष्ण रिजाल/नयाँ पत्रिका

सरकारले सार्वजनिक खर्च कटौतीका लागि भन्दै नयाँ गाडी, फर्निचर तथा पत्रपत्रिका खरिदमा रोक लगाउनेदेखि परामर्श सेवा लिन नपाइनेसम्मका मापदण्ड बनाएको छ। तर, कार्यान्वयन गर्ने कर्मचारीलाई 'उम्कने बाटो' तथा तजबिजी दिएर मापदण्ड फितलो बनाइएको छ। यसले गर्दा विगतमा झैँ सरकारी खर्च कटौतीको मापदण्ड कार्यान्वयन हुन नसक्ने देखिन्छ।

सरकारले सार्वजनिक खर्चलाई मितव्ययी, पारदर्शी र प्रभावकारी भन्दै 'सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०८१' बनाएको हो। अर्थ मन्त्रालयले मापदण्ड बुधबार सार्वजनिक गरेको हो। चालू खर्च बढ्दै जानु, तर लक्ष्यअनुसार राजस्व नबढ्दा सरकारलाई स्रोत व्यवस्थापनमा धौधौ परिरहेको छ। यस्तो अवस्थामा मापदण्ड बनाएर अनुत्पादक तथा फजुल खर्च कटौती गर्नु मनासिब देखिन्छ। मापदण्डमा सवारीसाधन, इन्धन, फर्निचर, भ्रमण, कार्यक्रम, परामर्श सेवालगायतको खर्च कटौती गर्ने प्रावधान राखिएका छन्। तर, 'विशेष परिस्थितिमा', 'सकेसम्म', 'उपलब्ध भएसम्म', 'सम्भव भएसम्म', 'अत्यावश्यक नभई'जस्ता शब्द राखेर मापदण्डलाई फितलो बनाइएको छ। यस्ता 'लुप होल'ले मापदण्ड कार्यान्वयन हुन नसक्ने सार्वजनिक खर्च पुनरावलोकन आयोगका तत्कालीन अध्यक्ष डिल्लीराज खनाल बताउँछन्।

पुँजीगत खर्च मासिक १० प्रतिशत गर्नैपर्ने

नयाँ मापदण्डअनुसार आर्थिक वर्षको पहिलो त्रैमासमा न्यूनतम १० प्रतिशत पुँजीगत खर्च गर्नुपर्नेछ। 'आयोजनाको कार्यान्वयन गर्दा प्रथम त्रैमासिक अवधिभित्र न्यूनतम दश प्रतिशत र असार मसान्तभित्र शतप्रतिशत नतिजा हासिल हुने गरी कार्ययोजना बनाउनुपर्ने मापदण्डमा उल्लेख छ, 'सम्बन्धित मन्त्रालयले विकास आयोजनाको अनलाइन अनुगमन गरी विनियोजित बजेटअनुरूप खर्च हुने पद्धति सुनिश्चित गर्नुपर्नेछ।'

पदाधिकारीलाई एकभन्दा बढी सवारी सुविधा लिन रोक

सरकारी सुविधा प्राप्त गर्ने पदाधिकारीलाई एकभन्दा बढी सवारीसाधन उपलब्ध नगराइने भएको छ। तर, तोकिएको अवस्थामा भने एकभन्दा बढी सवारी उपलब्ध गराउन सकिने मापदण्डले व्यवस्था गरेको छ। पदाधिकारीले प्रयोग गर्ने सवारीसाधन उपयोग गर्दा कार्यालयको तर्फबाट करारमा छुट्टै सवारीचालक नियुक्त गर्न वा कार्यालयको अन्य सवारीचालक उपयोग गर्न नपाइने भएको छ। सरकारी सवारीसाधन सुविधा पाउने कर्मचारीलाई त्यस्तो सुविधाबापतको रकम उपलब्ध गराइसकेपछि थप इन्धन वा सानातिना मर्मतबापत रकम नदिइने मापदण्डले तोकेको छ।

विगतमा झैँ परिणाम नदिने गरी मापदण्ड बनाइयो

● **डिल्लीराज खनाल**, तत्कालीन अध्यक्ष, सार्वजनिक खर्च पुनरावलोकन आयोग

अनुत्पादक तथा फजुल खर्च भारी मात्रामा कटौती गर्ने गरी मापदण्ड आउनुपर्ने थियो। निश्चित संरचना, कार्यक्रम वा चालू प्रकृतिका बजेट ठोसरूपमै कटौती गरेर खर्च घटाउन सकिन्थ्यो। तर, विगतमा बनाइएको र हाल ल्याइएको मापदण्ड त्यस्तै देखिन्छ। लक्ष्यअनुसार राजस्व बढ्न नसकेका कारण सरकारलाई अनिवार्य दायित्वका खर्च जुटाउनै धौधौ परिरहेको छ। यस्तो अवस्थामा ठुलो आँटका साथ खर्च कटौतीको मापदण्ड बन्नुपर्ने थियो। तर, परिणाम नदिने मापदण्ड बनाइयो। अझ कोसिस गरिने, प्रयत्न गरिने, सम्भव भएसम्म, सकेसम्म भन्नेजस्ता शब्द राखेर मापदण्डलाई कार्यान्वयन गरे पनि हुने नगरे पनि हुने गरी फितलो बनाइयो।

नयाँ चारपांग्रे सवारीसाधन खरिद नगरिने

सरकारले बनाएको नयाँ मापदण्डअनुसार नयाँ चारपांग्रे सवारीसाधन गरिद नगरिने भएको छ। अहिले भएकै सवारीसाधनलाई मितव्ययी ढंगले मर्मत गरी उपयोग गरिनुपर्ने मापदण्डले व्यवस्था गरेको छ। 'नेपाल सरकारको स्रोत, वैदेशिक अनुदान तथा वैदेशिक ऋणबाट स्वास्थ्य सेवा सञ्चालन, सुरक्षा निकाय र प्रचलित कानुनले तोकेको पदाधिकारीका लागि, कन्टिन्जेन्सी रकमबाट निर्माण तथा अनुगमनसँग सम्बन्धित कामका लागि र निर्वाचन कार्यक्रम सञ्चालन गर्ने प्रयोजनका लागि अर्थ मन्त्रालयबाट सहमति प्राप्त भएकोमा अन्य अवस्थामा चारपांग्रे सवारीसाधन खरिद गरिनेछैन' मापदण्डमा उल्लेख छ।

२० वर्ष पुगेका सवारीसाधनलाई विद्युतीयमा रूपान्तरण गरिनुपर्ने

नयाँ मापदण्डअनुसार मर्मत गरेर पनि उपयोगमा आउन नसक्ने र २० वर्ष अवधि पुगेको सरकारी सवारीसाधनलाई विद्युतीय सवारीसाधनमा रूपान्तरण गरिनुपर्नेछ। 'यस्ता सवारीसाधन लागत प्रभावकारिताका आधारमा विद्युतीय सवारीसाधनमा रूपान्तरण गर्न सकिने वा नसकिने विषयमा सम्बन्धित सरकारी निकायले दुई महिनाभित्र यकिन गर्नुपर्नेछ' मापदण्डमा उल्लेख छ।

कुनै सवारीसाधन प्राविधिक कारणले सञ्चालन हुन नसक्ने देखिएमा सम्बन्धित सरकारी निकायले यो मापदण्ड प्रारम्भ भएको मितिले चार महिनाभित्र अनिवार्य रूपमा प्रचलित कानुनबमोजिम लिलाम बिक्री वा धुल्याई रजिस्ट्रेसन रद्द गर्नुपर्ने व्यवस्था गरिएको छ।

क्यालेन्डर र डायरी छपाइमा रोक, कागज प्रयोग घटाइने

नयाँ मापदण्डले सूचना तथा प्रसारण विभागबाहेक अन्य सरकारी निकायले क्यालेन्डर र डायरी छपाइ गर्न नपाउने व्यवस्था गरेको छ। त्यस्तै, सरकारी खर्चमा शुभकामना कार्ड छपाइ सन्देश प्रकाशन वा प्रसारण गर्न पाइनेछैन। कार्यालयको कामसँग सम्बन्धित पुस्तक र पत्रपत्रिका मात्र खरिद गरिनुपर्नेछ। सरकारी निकायबिच पत्राचार गर्दा उपलब्ध भएसम्म सरकारी इमेल तथा विद्युतीय माध्यममार्फत गर्ने गरी कागजको प्रयोगलाई कम गर्ने मापदण्डमा तोकिएको छ।

तालिम, गोष्ठी तथा सेमिनार आफ्नै हलमा गर्नुपर्ने

खर्च कटौती गर्ने नयाँ मापदण्डअनुसार सरकारी निकायले तालिम, गोष्ठी, सेमिनार, छलफल, बैठक, अन्तर्क्रियजस्ता कार्यक्रम उपलब्ध भएसम्म अनलाइन प्रविधिको माध्यमबाट सञ्चालन गर्नुपर्नेछ। त्यस्ता कार्यक्रम भौतिक रूपमा गर्नुपरेमा सम्भव भएसम्म आफ्नै वा सार्वजनिक सभाहल वा बैठक कक्षमा गर्नुपर्ने तोकिएको छ। सरकारी निकायले तोकिएको जिम्मेबारीमा पर्ने अवस्थामा बाहेक कुनै पनि निकायले नेपाल सरकारको स्रोत र वैदेशिक ऋणबाट खर्च व्यहोर्ने गरी आवासीय गोष्ठी या कार्यशाला आयोजना गर्न पाइनेछैन उल्लेख छ।

वैदेशिक भ्रमणको मनोनयनका लागि पूर्वस्वीकृति लिनुपर्ने

मापदण्डले तोकेअनुसार अर्थ मन्त्रालयको पूर्वसहमति नलिई वैदेशिक भ्रमणका लागि मनोनयन गर्न पाइनेछैन। नेपाल सरकारको स्रोतबाट कुनै पनि पदाधिकारीको विदेश भ्रमण स्वीकृत गर्नुअघि अर्थ मन्त्रालयको पूर्वस्वीकृति लिनुपर्ने मापदण्डमा तोकिएको छ। सरकारी निकायको पदाधिकारीले आयोजनासम्बद्ध निर्माण व्यवसायी वा परामर्शदाताको खर्चमा विदेश भ्रमण गर्न पाउनेछैन।

सकेसम्म पुरानै फर्निचर प्रयोग गर्नुपर्ने, कार्पेट, गलैँचा र पर्दा खरिदमा रोक

सकेसम्म नयाँ फर्निचर खरिद नगरी भएकोलाई मर्मत गरी उपयोग गर्नुपर्ने मापदण्डमा उल्लेख छ। नयाँ वा थप खरिदसम्बन्धी प्रस्ताव गर्दा मर्मत गरी प्रयोग गर्न नसकिने अवस्थामा पुगेको फर्निचरलाई अनिवार्य रूपमा लिलाम बिक्री गर्नुपर्नेछ। नयाँ भवनमा बाहेक कुनै पनि सरकारी निकायले अत्यावश्यक नभई कार्पेट, गलैँचा र पर्दाजस्ता सामग्री खरिद गर्न पाइनेछैन।

सरकारी खर्चमा भोजभतेर गर्न नपाइने, हेलिकोप्टर भाडामा लिन रोक

विदेशी अतिथि तथा पाहुनाका लागि गरिने अतिथि सत्कारका लागि अन्य अवस्थामा सरकारी खर्चमा भोजभतेर गर्न नपाइने भएको छ। नियमित प्रकृतिको कामलाई कार्यक्रम खर्चमा राखी सञ्चालन गर्न पाइनेछैन। कार्यक्रम खर्चबाट मर्मत, इन्धन, बैठक भत्ताजस्ता शीर्षकमा खर्च लेख्न नपाइने मापदण्डले तोकेको छ। प्रकोप, उद्धार, शान्ति सुरक्षा र विशेष सरकारी समारोहमा अतिविशिष्ट पदाधिकारी सहभागी हुनुपर्ने अवस्थामा बाहेक हेलिकोप्टर भाडामा लिन नपाइने भएको छ।

नियम कानुनको मस्यौदा परामर्श सेवाबाट गर्न नपाइने

स्वीकृत मापदण्डअनुसार सरकारी निकायको जनशक्तिबाट सम्पादन हुने कामका लागि बाह्य परामर्श सेवाबाट काम गर्न वा गराउन पाइनेछैन। त्यस्तै, ऐन, नियम, विनियम, कार्यविधि, मापदण्ड, दिग्दर्शन र निर्देशिकालगायतका नीतिगत दस्तावेजको मस्यौदा तर्जुमा गर्ने कार्य परामर्श सेवाबाट गराउन पाइनेछैन।

ल्यापटप, मोबाइलजस्ता उपकरण न्यूनतम पाँच वर्ष चलाउनुपर्ने

सरकारी निकायमा कर्मचारीले प्रयोग गर्ने गरी खरिद गरिएको ल्यापटप, आइप्याड, मोबाइलजस्ता विद्युतीय उपकरण न्यूनतम पाँच वर्षसम्म प्रयोग गर्नुपर्नेछ।

उदयपुर सिमेन्टको सम्पूर्ण बैंक खाता रोक्का

उदयपुरमा **विदुर कटुवाल**

सरकारी स्वामित्वको उदयपुर सिमेन्ट उद्योगका सम्पूर्ण बैंक खाता रोक्का भएका छन्। रौता सप्लायर्सलगायतले सामानको भुक्तानी नदिएको भन्दै काठमाडौं जिल्ला अदालतमा दर्ता गरेको रिटका कारण उद्योगका बैंक खाता रोक्का भएका हुन्। जिल्ला अदालतमा परेको रिटमा सुनुवाइ गर्दै ८ माघमा सबै खाता रोक्का गर्न अदालतले आदेश दिएको हो।

रौता सप्लायर्सका सञ्चालक सुवास राउतलगायतका सञ्चालकले दिएको मुद्दाउपर जिल्ला अदालतले बैंक खाता रोक्का गर्ने निर्णय गरेसँगै सम्पूर्ण खाता रोक्का भएको उद्योगका लेखा अधिकृत सञ्जीव रेग्मीले जानकारी दिए। उनले भने, 'सरकारी तथा निजी बैंकहरूमा भएका १८ वटा खाता रोक्का भएपछि आर्थिक कारोबार ठप्प भएको छ।' राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, नेपाल बैंकलगायतका बैंक उद्योगका खाता रहेका थिए।

उद्योगका निमित्त महाप्रबन्धक महेश साहले रौता सप्लायर्सको मात्र उद्योगले गर्नुपर्ने भुक्तानी ९५ लाख रहेको बताए। सोही रकम उद्योगले नदिएको भन्दै रौता सप्लायर्सले भुक्तानी माग गर्दै काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता गरेको थियो। तर, उद्योगसँग पैसा नभएकाले भुक्तानी नदिएको उनको भनाइ छ। उनले भने, 'काठमाडौं जिल्ला अदालतको निर्णयविरुद्ध हामी उच्च अदालत पाटन जाने तयारीमा छौं, खाता फुकुवा भएन भने उद्योग झनै समस्यामा पर्छ।'

अहिले चालू, पुँजीगत र बचत खाता सबै रोकिएका छन्। संघीय सरकारले

GREEN HOME LOAN
FOR SUSTAINABLE LIVING!
ATTRACTIVE FIXED INTEREST RATES STARTING FROM 7.99% p.a.
*T & C apply
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
GLOBAL CONNECT
Call Us: +977-1-5970600
globalconnect@gibl.com.np

दिएको १६ करोडबाट उद्योगमा मर्मत-सम्भारको काम भइरहेको थियो। मर्मत-सम्भार शीर्षकमा सरकारले दिएको १६ करोडबाटै भुक्तानी माग्दै सप्लायर्सका सञ्चालकले मुद्दा हालेपछि समस्या परेको उनको भनाइ छ।

चालू आर्थिक वर्ष ०८१/८२ को हालसम्म उदयपुर सिमेन्ट उद्योग १८ दिन मात्र चलेको छ। निमित्त महाप्रबन्धक साह भन्छन्, 'मुख्य समस्या कोइला किन्ने पैसाकै अभावले गर्दा उद्योग पूर्ण रूपमा बन्द हुँदै आएको छ।'

उद्योग बन्द भएपछि घाटा बढिरहेको छ। उद्योगले तिर्नुपर्ने दायित्व बढेर गएको छ। असोजदेखि माघसम्म पाँच महिना कर्मचारी तलबविहीन भएको निमित्त महाप्रबन्धक साह बताउँछन्। उनले भने, 'उद्योगमा दुई सय २० जना कर्मचारी र ५९ जना सुरक्षाकर्मीले हालसम्म तलब पाउन सकेका छैनन्।' जुन तलब-भत्ताबापत उद्योगले भुक्तानी गर्नुपर्ने रकम मासिक एक करोड ५० लाख हुन्छ।

उद्योगले भुक्तानी गर्नुपर्ने दायित्व एक अर्ब ५० करोड रहेको उनले बताए। उनले भने, 'मुख्य दायित्वमा उद्योगबाट अवकाश पाएका ९५ जनाको ४५ करोड, आपूर्ति तथा सप्लायर्सकर्ताको भुक्तानी ६५ करोड, विद्युत् प्राधिकरणको ३० करोड, कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषको १५ करोड, खानी रोयल्टी, अन्तःशुल्क र ठूला करदातालाई तिर्नुपर्ने भ्याट १५ करोड रहेको छ। यसबाहेक डेडिकेटेड फिडर र ट्रंक लाइनकै पुरानो विद्युत् बक्यौता ५५ करोडभन्दा माथि पुगिसकेको साहको भनाइ छ।

एक महिनापछि ग्वार्को फ्लाई ओभर बनाउन फर्कियो ठेकेदार कम्पनी

अप्रोच ट्र्याकको डिजाइन पनि पेस

मंगलबार ग्वार्को फ्लाई ओभर निर्माणस्थलमा देखिएको निर्माणसम्बन्धी गतिविधि।
तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

मिलन विश्वकर्मा/नयाँ पत्रिका

ललितपुरस्थित ग्वार्को चोकमा निर्माणाधीन 'फ्लाई ओभर' परियोजनाको निर्माण कार्य एक महिनादेखि अलपत्र पारेको ठेकेदार कम्पनी काममा फर्किएको छ। इपिसी (इन्जिनियरिङ प्रोक्योर्मेन्ट एन्ड कन्स्ट्रक्सन) मोडेलमा ठेक्का प्राप्त आरसी, समानान्तर र रेलिग्रे जेभीले पछिल्लो एक महिनादेखि परियोजनाको निर्माण कार्य ठप्प पारेका थिए। मंगलबारदेखि आंशिक रूपमा काम सुरु गरेको कम्पनीले बुधबार 'नोटिस टु करेक्ट' पत्रको जवाफ पनि एक पानामा सडक विभागलाई बुझाएको छ।

कुनै जानकारी नदिई काम छोडेको देखेपछि विभागले माघ पहिलो साता कम्पनीलाई ठेक्का तोडेर कालोसूचीमा राख्ने चेतावनीसहित 'नोटिस टु करेक्ट' पत्र पठाएको थियो। त्यसको जवाफ सात दिनभित्र नआएपछि विभागले १५ माघमा दोस्रोपटक कम्पनीलाई 'नोटिस टु करेक्ट' पत्र पठाएको थियो। बुधबार त्यसको जवाफ पेस गर्दै कम्पनीले मंगलबारदेखि काम सुरु गरेको र बाँकी काम आवश्यक तयारी पूरा गरेर गर्ने जानकारी दिएको छ।

> कुनै जानकारी नदिई काम छाडेको देखेपछि विभागले माघ पहिलो साता कम्पनीलाई ठेक्का तोडेर कालोसूचीमा राख्ने चेतावनीसहित 'नोटिस टु करेक्ट' पत्र पठाएको थियो

सडक विभागका सिनियर डिभिजनल इन्जिनियर प्रदीप भण्डारीले पनि निर्माण कम्पनीबाट पत्र प्राप्त भएको बताए। 'कम्पनीले एक पानाको जवाफ पेस गरेको छ। त्यसमार्फत मंगलबारदेखि नै काम सुरु गरेको जानकारी दिएको छ। बाँकी काम पनि आवश्यक तयारी पूरा गरेर सुरु गर्ने बताएको छ,' उनले भने।

कम्पनीले विभागबाट औँल्याइएका त्रुटि सच्चाउने योजना बनाउन काम रोकेको जवाफ दिएको छ। अब विभागले औँल्याएका त्रुटि सच्चाएर काम गर्ने कम्पनीको प्रतिबद्धता छ। विभागले कम्पनीलाई फ्लाई ओभरबाट सातदोबाटोतर्फ झन्डै ४० मिटर च्याम्प (फ्लाई ओभर र सडकलाई जोड्न बिचमा माटो भरेर निर्माण गरिएको विशेष संरचना)मा त्रुटि देखिएपछि विभागले त्यसलाई पुनःनिर्माण गर्न भनेको थियो। त्यसको पुनःनिर्माणका लागि योजना बनाउन काम रोक्नुपरेको बताइएको छ। मंगलबारदेखि कम्पनीले त्यहाँको माटो, कंक्रिट प्यानल तथा ब्लक झिक्न सुरु गरेको छ।

यस्तै, कम्पनीले बुधबार नै एप्रोच ट्र्याक (पुल र पर्खालबिच हुने स्ल्याब)को डिजाइन पनि पेस गरेको छ। त्यो डिजाइन विभागबाट स्वीकृत भएपछि निर्माण सुरु गर्ने प्रतिबद्धता कम्पनीले गरेको छ। साथै, आकासे पानीलाई व्यवस्थापन गर्नेलगायतको संरचनाको अन्तिम डिजाइन भने छिट्टै पेस गरिने कम्पनीको जवाफ छ।

सम्झौताअनुसार कम्पनीले १२ फागुन ०८० भित्र फ्लाई ओभरको निर्माण गरिसक्नुपर्ने थियो। तर, त्यस अवधिमा काम नसकिएपछि विभागले असार ०८१ सम्म म्याद थप गरिदिएको थियो। त्यस अवधिमा पनि काम नभएपछि अन्तिम मौकास्वरूप ९ पुस ०८१ सम्म म्याद थप गरिएको थियो। अन्तिम अवधिमा पनि काम नसकिएपछि कम्पनीले १० पुसयता हर्जाना तिरेर काम गरिरहेको छ। यसमा कम्पनीले ठेक्का रकमको १० प्रतिशतसम्म जरिवाना तिर्नुपर्छ, जुन एक करोड ७० लाख रुपैयाँ हाराहारी हुन आउँछ। हर्जाना लाग्ने मितिबाट २०० दिनभित्र कम्पनीले काम सम्पन्न गरिसक्नुपर्नेछ।

नागढुंगा सुरुङमार्ग परियोजनाको ८५ प्रतिशत काम सकियो

काठमाडौं/ सिस्नेखोला-नागढुंगा सुरुङमार्ग परियोजनाको भौतिक प्रगति ८४.९६ प्रतिशत पुगेको छ। आयोजना कार्यालयले बुधबार सार्वजनिक गरेको पछिल्लो विवरणअनुसार वित्तीय प्रगति भने ७६.८८ प्रतिशत पुगेको छ।

ठेक्का प्राप्त गर्ने जापानिज निर्माण कम्पनी हाज्मा एन्डो कर्पोरेसनले डिसेम्बर ०२० (पुस ०७७) देखि सुरुङ खन्न सुरु गरेको थियो। त्यसको चार वर्षमा करिब ८५ प्रतिशत काम सम्पन्न भएको देखिएको हो।

यस्तै, हालसम्म ४८.९० प्रतिशत सडक कंक्रिट गरिएको छ। परियोजनामा सुरुङभित्र र बाहिरका गरेर ६.४७ किमि लामो सडक छ, त्यसमा हालसम्म ३.१६ किमि सडक कंक्रिट भइसकेको छ। यस परियोजनाअन्तर्गतका सडकलाई कालोपत्रे नभएर विशेष प्रविधि प्रयोग गरी कंक्रिट गरिएको छ। परियोजनामा मुख्य र रेस्क्यु गरेर दुई सुरुङमार्ग हुनेछन्। पश्चिम धादिङको सिस्नेरीबाट सुरु भएको सुरुङमार्ग काठमाडौं नागढुंगामा निस्कनेछ। २६ सय ८८ मिटरको मुख्य सुरुङमार्ग ३ वैशाख र २५५७ मिटरको रेस्क्यु टनेल भने २२ साउन ०८० मा छिचोलिएको थियो। त्यसपछि मुख्य टनेल र क्रस प्यासेजमा कंक्रिट लाइनिङ (भित्ता र सिलिङको कंक्रिटिङ)को काम सम्पन्न भइसकेको छ। त्यसपछि सडक कंक्रिट गर्न सुरु गरिएको हो।

मुख्य टनेलको लेनलाई 'कन्टिन्युअस्ली रिइन्फोर्स्ड कंक्रिट पेवमेन्ट' (सिआरसिपी) प्रविधिबाट कंक्रिट गरिँदै छ। त्यसतर्फ हालसम्म १७०७ मिटर सडक कंक्रिट भएको छ, अब ९८१ मिटर सडक कंक्रिट गर्न बाँकी छ।

यस्तै, सुरुङबाहिरको सडक लेनलाई भने 'रिइन्फोर्स्ड कंक्रिट पेवमेन्ट' (आरसिपी) प्रविधिमा क्रंकिट गरिँदै छ। यसअन्तर्गत दुई हजार ८०० मिटर सडक लेन कंक्रिट गर्नुपर्नेछ, त्यसमा हालसम्म ८७७ मिटर सडक लेन कंक्रिट गरिएको छ। अब २२ सय ४९ मिटर सडक क्रंकिट गर्न बाँकी छ।

यस्तै, सुरुङभित्र र बाहिरको सडक जोडिने ठाउँमा भने 'जोइन्ट रिइन्फोर्स्ड कंक्रिट पेवमेन्ट' (जेआरसिपी) प्रविधिमा क्रंकिट गरिँदै छ। यसअन्तर्गत ९८३.८२ मिटर सडक कंक्रिट गर्नुपर्नेछ। त्यसमा हालसम्म ५८० मिटर सडक कंक्रिट गरिसकिएको छ। अब ४०३ मिटर सडक भने कंक्रिट गर्न बाँकी छ।

प्रभु बैंक लिमिटेड शाखा कार्यालय कमलादीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८१/१०/२४ गते बिहीबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.)बाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएको र यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८०/१२/०१ गते बिहिबारको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा ऋणी तथा जमनतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम बिक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैकको **प्रधान कार्यालय बबरमहल, काठमाण्डौ**मा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात् २०८१/११/०९ गते शुक्रबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **प्रधान कार्यालय बबरमहल, काठमाण्डौ**मा दिनको ठीक १:०० (एक) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ। पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लिखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

क. ऋणी, सञ्चालक तथा जमानतकर्ताको विवरण :

ऋणी : नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७३/०६/२० गते **दर्ता नं. १५७२५६**/०७३/०७४ मा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजश्व कार्यालय, महाराजगंज काठमाण्डौं बाट मिति २०७३/०७/२९ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०४३३९१२४ को प्रमाणपत्र प्राप्त **क्लिन एण्ड ग्रिन सोसाईटी प्रा.लि.** । **रजिष्टर्ड ठेगाना :** काठमाण्डौ जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. ७, हेपाली ।

सञ्चालक तथा जमानतकर्ता : सुरज अधिकारी	जमानतकर्ता : सिता न्यौपाने
(ना.प्र.नः २६१/२२३७२ जारी मिति : २०६५/०८/०१ जारी गर्ने कार्यालय जि.प्र.का. धादिङ्ग) ।	(ना.प्र.नं ३०३६/१४४, जारी मिति २०७०/२/२३ जारी गर्ने कार्यालय जि.प्र.का. चितवन) ।
स्थायी ठेगाना : धादिङ्ग जिल्ला गंगाजमुना गा.पा. वडा नं. ७ (साविक बुढाथुम गा.वि स., वडा नं. ९)।	स्थायी ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. २७ (साविक मेघौली गा.वि.स. वडा नं ७) ।
हालको ठेगाना : काठमाण्डौं जिल्ला, नार्गाजुन न.पा. वडा नं ५ आदेश्वर ।	हालको ठेगाना : काठमाण्डौं जिल्ला, नार्गाजुन न.पा. वडा नं ५ आदेश्वर ।
बाबु : हरी अधिकारी । बाजे : लाल बाहादुर अधिकारी ।	बाबु : विष्णु ब. न्यौपाने क्षेत्री । पति : सुरज अधिकारी/ससुरा : हरी अधिकारी ।

ख. धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :

१. क्लिन एण्ड ग्रिन सोसाईटी प्रा.लि.को नाममा मालपोत कार्यालय टोखा सरस्वती काठमाण्डौमा दर्ता श्रेष्ता कायम रहेका काठमाण्डौ जिल्ला, खड्का भद्रकाली गा.वि.स. वडा नं. ६ नक्सा सिट नं. १०२०९४७०७ स्थित कित्ता नं ७८ र ८२ को क्षेत्रफल ७३.३३ र ६२.०४ ब.मी. को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिग लगापात समेत.....१
२. सिता न्यौपानेको नाममा मालपोत कार्यालय कलंकी काठमाण्डौमा दर्ता श्रेष्ता कायम रहेका काठमाण्डौ जिल्ला, सितापाईला गा.वि.स. वडा नं. ९ नक्सा सिट नं. १०२१०६१०३ स्थित कि.नं. ८ क्षेत्रफल ५.९६ ब.मी. र ऐ.ऐ. वडा नं. ९ नक्सा सिट नं. १०२१०२१२३ स्थित कि.नं. ७४ को क्षेत्रफल १२३.११ ब.मी. को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको र भविष्यमा चर्चने सम्पूर्ण लिग लगापात समेत.....१
३. ऋणी क्लिन एण्ड ग्रिन सोसाईटी प्रा.लि.को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण १

पुनश्च :

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय कमलादी**बाट समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय कमलादीमा** सम्पर्क राख्न सकिनेछ।

prabhu Bank
प्रभु बैंक लिमिटेड
**प्रधान क

ग्लोबल आइएमईले इन्फोडेभलपर्सको सफ्टवेयर प्रयोग गर्ने

नयाँ पत्रिका

ग्लोबल आइएमई बैंक लिमिटेडले इन्फोडेभलपर्स प्राइभेट लिमिटेडले विकास गरेको बजेट सूचना व्यवस्थापन प्रणाली 'बजेट ३६०' प्रयोगमा ल्याउने भएको छ। यसका लागि ग्लोबल आइएई र इन्फोडेभलपर्सबिच सम्झौता भएको छ।

'बजेट ३६०' स्वचालित रूपमा वित्तीय व्यवस्थापन गर्ने एक आधुनिक वित्तीय व्यवस्थापन प्रणाली हो। ग्लोबल आइएमईका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र इन्फोडेभलपर्सका स्ट्राटेजी एन्ड इनोभेसन निर्देशक उमेश रघुवंशीले सम्झौतामा हस्ताक्षर गरेका छन्। उक्त सफ्टवेयरले बैंकको बजेट तथा योजना तर्जुमाका लागि क्षमता अभिवृद्धि गरी स्रोत परिचालनमा सहयोग पुग्ने विश्वास गरिएको छ।

बैंकका प्रमुख कार्यकारी अधिकृत रेग्मीले बैंकिङ इकोसिस्टममा बजेट ३६० को प्रयोगले बैंकको बजेट र योजना क्षमतामा वृद्धि हुनुका साथै स्रोतहरूको उपयुक्त परिचालन सुनिश्चित गर्न, बैंकको वित्तीय उद्देश्य पूरा गर्न र वित्तीय व्यवस्थापनमा प्रभावकारी निर्णय लिन मद्दत पुऱ्याउने बताए।

इन्फोडेभलपर्सका निर्देशक रघुवंशीले ग्लोबल आइएमईसँग सम्झौता गरेर बजेट ३६० कार्यान्वयन गर्न पाउँदा उत्साहित भएको बताउँदै यस सफ्टवेयरले बैंकको वित्तीय योजनाहरूको कार्यलाई सरल बनाउन र डेटा-आधारित निर्णय लिन सहयोग पुऱ्याउनेसमेत बताए।

इन्फोडेभलपर्सले विकास गरेको यस सफ्टवेयर स्वचालित लक्ष्य निर्धारण, रियल-टाइम रिपोर्टिङ, निरन्तर ट्र्याकिङलगायतको सुविधाजडित प्रणाली हो। यो सफ्टवेयर बैंकले आफ्नो अनुकूलतामा प्रयोग गर्न सकिने गरी डिजाइन गरिएको छ। यो प्रणाली कुनै पनि कोर बैंकिङ सिस्टम (सिबिएस)सँग सहज रूपमा इन्टिग्रेट गरेर जान सकिने गरी डिजाइन गरिएको छ।

डिलाइट ह्वाइटनर अब दुर्गम गाउँमा पनि सहजै उपलब्ध

काठमाडौं/ नेपालको राजधानीदेखि दुर्गम गाउँहरूमा डिलाइट डेरी ह्वाइटनर सहजै उपलब्ध हुने कम्पनीले जनाएको छ।

हुम्ला, जुम्ला, कर्णाली र लोमाङथानजस्ता हिमाली गाउँमा दुधको उत्पादन सीमित भए तापनि डिलाइट ह्वाइटनरले उपभोक्तालाई सहज बनाएको कम्पनीको भनाइ छ।

उपभोक्ताको मागलाई ध्यानमा राखेर किराना पसलदेखि बिबिएसएम, सेल्वे, सेल्सबेरी, र बिगमार्टजस्ता ठुला सुपरमार्केट तथा दराज, ठुलोडटकम, र स्मार्ट डोकोजस्ता ई-कमर्स साइटमा पनि एक क्लिकमै डिलाइट उपलब्ध हुने कम्पनीले जनाएको छ।

सिद्धार्थ हस्पिटालिटीको 'भिजन २०३०'

नयाँ पत्रिका

सिद्धार्थ हस्पिटालिटी ग्रुपले २७औँ वर्षमा प्रवेश गरेको अवसर पारेर 'भिजन २०३०' सार्वजनिक गरेको छ। सन् २०३० सम्म स्वदेश तथा विदेशमा समेत गरी ५८ वटा सानाठुला होटेल तथा रेस्टुरेन्ट सञ्चालन गर्ने योजना बनाएको ग्रुपका सिइओ कृष्ण न्यौपानेले बताए।

सन् १९९८ मा कैलालीको टीकापुरमा सामान्य होटेलबाट सुरु भएको कम्पनीको यात्रा यतिवेला देशभर फैलिएको छ। सिइओ न्यौपानेले देशको पर्यटन प्रवर्द्धन गर्दै सिद्धार्थ हस्पिटालिटीलाई विश्वव्यापी बनाउने योजनासाथ 'भिजन २०३०' मा काम गरिरहेको बताए। उनले भने, 'हामी भारतमा होटेल सञ्चालनको तयारी गरिरहेका छौँ, त्यसपछि अन्य देशमा पनि सेवा विस्तार गर्ने योजना छ।'

सिद्धार्थ हस्पिटालिटी नेपालको आतिथ्यता क्षेत्रमा अग्रणीमध्येमा पर्छ। सिद्धार्थले चाँडै भारतमा सेवा विस्तार गर्न लागेको सिइओ न्यौपानेले बताए। धनगढीमा पाँचतारे होटेल सञ्चालनको योजना पनि अगाडि बढाइएको छ। सिद्धार्थ ग्रुपको भैरहवामा पाँचतारे सिद्धार्थ भिलासा सञ्चालनमा आइसकेको छ। इलाममा लग्जरी रिसोर्ट सञ्चालनको योजना छ।

हाल सिद्धार्थका विभिन्न आउटलेटमा २५ सयभन्दा बढीले प्रत्यक्ष रोजगारी पाएका छन्। पाँचतारेस्तरमा सिद्धार्थ भिलासा, चारतारेस्तरमा सिद्धार्थ वैभव, तीनतारेस्तरमा सिद्धार्थ वाटिका ब्रान्डमा होटेल सञ्चालनमा छन्। ग्रुपले पूर्वमा बिर्तामोडदेखि पश्चिममा महेन्द्रनगरसम्म सेवा प्रवाह गर्दै आएको छ। सिद्धार्थले आफ्नै लगानीमा होटेल सञ्चालनदेखि अरूको लगानीका होटेल व्यवस्थापन गरिरहेको छ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड
Sana Kisan Bikas Laghubitta Bittiya Sanstha Limited

(Class "D" Microfinance Financial Institution Licensed by Nepal Rastra Bank)
Central Office, Babarmahal, Po.Box: 21956, Kathmandu, Nepal
Tel: +977-01-5320913, 5909612; Email info@skbbl.com.np; Web : www.skbbl.com.np

Interim Financial Statements
SANA KISAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LIMITED
Condensed Statement of Financial Position
As on Quarter Ended 29th Poush 2081

Particular	This Quarter Ending	Immediate Previous Year Ending
Cash & Cash Equivalent	4,489,726,646.21	4,035,969,250.46
Statutory Balances and Due from Nepal Rastra Bank	208,994,041.76	209,494,041.76
Placement with Banks & Financial Institutions	1,433,925,000.00	1,414,400,000.00
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loan and Advances to MFIs & Cooperatives	33,488,137,102.51	38,123,180,344.99
Loan & advances to customers	44,584,020.45	46,822,096.87
Investment Securities	26,250,238.19	26,250,238.19
Current Tax Assets	-	16,425,616.71
Investment Property	-	-
Property and Equipment	266,500,303.12	268,013,417.98
Goodwill and Intangible assets	93,730,173.53	93,067,834.77
Deferred tax assets	24,627,091.99	24,627,091.99
Other assets	313,746,711.93	92,543,743.37
Total Assets	**40,390,221,329.69**	**44,350,793,677.09**
Liabilities		
Due to Bank & Financial Institutions	7,435,985,293.46	11,322,434,480.01
Due to Nepal Rastra Bank	118,423,039.94	118,423,039.94
Derivative Financial Instrument	-	-
Deposits from Customers	2,825,613,734.73	2,838,929,397.87
Borrowing	19,524,077,186.25	20,146,222,372.50
Current Tax Liabilities	4,654,893.48	-
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other liabilities	511,634,225.02	437,702,917.61
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**30,420,388,372.88**	**34,863,712,207.93**
Equity		
Share Capital	4,312,621,513.76	3,806,373,798.57
Share Premium	18,269,713.60	18,269,713.60
Retained Earnings	1,541,630,185.16	1,757,955,758.41
Reserves	4,097,311,544.30	3,904,482,198.58
Total Equity	**9,969,832,956.81**	**9,487,081,469.16**
Total Liabilities & Equity	**40,390,221,329.69**	**44,350,793,677.09**

Condensed Statement of Profit or Loss
For the Quarter Ended 29th Poush 2081

Particular	Current Year		Previous Year Corresponding	
	This Quarter	Up to This Quarter (YTD)	This Quarter	Up to This Quarter (YTD)
Interest Income	731,758,237.85	1,564,378,307.47	1,033,395,193.19	2,165,860,016.54
Interest Expense	(256,101,609.96)	(596,226,973.41)	(559,680,419.00)	(1,175,641,743.83)
Net Interest Income	**475,656,627.89**	**968,151,334.06**	**473,714,774.19**	**990,218,272.71**
Fees & Commission Income	900,000.00	2,130,000.00	3,600,000.00	3,600,000.00
Fees & Commission Expense	-		-	-
Net Fee & Commission Income	**900,000.00**	**2,130,000.00**	**3,600,000.00**	**3,600,000.00**
Net Interest, Fee & Commission Income	**476,556,627.89**	**970,281,334.06**	**477,314,774.19**	**993,818,272.71**
Net Trading Income	-	-	-	-
Other Operating Income	913,059.40	4,224,256.72	39,140.64	184,287.38
Total Operating Income	**477,469,687.29**	**974,505,590.78**	**477,353,914.83**	**994,002,560.09**
Impairment (Charge)/ reversal for loans & other losses	(111,886,614.84)	(30,590,544.09)	(119,998,895.07)	(100,371,855.76)
Net Operating Income	**365,583,072.45**	**943,915,046.69**	**357,355,019.76**	**893,630,704.33**
Personnel Expenses	(54,734,882.83)	(146,389,867.99)	(60,660,899.23)	(148,400,563.57)
Other Operating expenses	(17,374,624.67)	(36,681,450.71)	(17,861,936.92)	(33,160,963.84)
Depreciation & Amortization	(4,013,275.97)	(8,084,151.08)	(4,851,862.05)	(7,505,767.88)
Operating Profit	**289,460,288.98**	**752,759,576.91**	**273,980,321.55**	**704,563,409.04**
Non Operating Income	-	-	1,200,585.41	1,200,585.41
Non Operating Expense	-	-	-	-
Profit before Income Tax	**289,460,288.98**	**752,759,576.91**	**275,180,906.96**	**705,763,994.45**
Income Tax Expense	(93,519,382.84)	(235,004,169.22)	(134,089,472.09)	(263,264,398.33)
Current tax	(93,519,382.84)	(235,004,169.22)	(134,089,472.09)	(263,264,398.33)
Deferred tax	-	-	-	-
Profit for the period	**195,940,906.14**	**517,755,407.69**	**141,091,434.87**	**442,499,596.12**
Condensed Statement Of Comprehensive Income				
Profit For the Period	**195,940,906.14**	**517,755,407.69**	**141,091,434.87**	**442,499,596.12**
Other Comprehensive Income	-	-	-	-
Total Comprehensive Income	**195,940,906.14**	**517,755,407.69**	**141,091,434.87**	**442,499,596.12**
Basic Earning Per Share		24.01		23.25
Diluted Earning Per Share		24.01		23.25
Profit For the Period	**195,940,906.14**	**517,755,407.69**	**141,091,434.87**	**442,499,596.12**
Total	**195,940,906.14**	**517,755,407.69**	**141,091,434.87**	**442,499,596.12**

Ratio As Per NRB Directive
For the Quarter Ended 29th Poush 2081

Ratios	Current Year		Previous Year Corresponding	
	This Quarter	Up to This Quarter (YTD)	This Quarter	Up to This Quarter (YTD)
Capital Fund to RWA		14.66%		18.50%
Non-Performing Loan (NPL) to Toal Loan		2.27%		2.00%
Total loan Loss Provision to Total NPL		193.06%		143.69%
Cost of Funds		3.71%		6.19%
Credit to Deposit and Borrowing Ratio		117.11%		111.03%
Base Rate		4.52%		6.80%
Interest Rate Spread		4.63%		3.94%

Statement of Distributable Profit or Loss For the Quarter Ended 29th Poush 2081 As per NRB Regulation

Particulars	Current Year (Upto This Qtr)	vious Year (Corresponding Quarter)
Net Profit for the period end Second Quarter	**517,755,407.69**	**442,499,596.11**
Appropriations		
a. General Reserve	(103,551,081.54)	(88,499,919.22)
b. Foreign exchage fluctuation fund		
c. Capital redemption reserve		
d. Corporate Social Responsiability	(5,177,554.08)	(4,424,995.96)
e. Employee training fund		
f. Client Protection fund	(5,177,554.08)	(4,424,995.96)
g. Other	(87,282,459.46)	(48,674,955.57)
Staff Welfare Fund	-	-
RSRF Loan Loss Provision Reserve	-	-
Institutional Strengthening Fund	(15,532,662.23)	-
Reconstruction Fund	(25,887,770.38)	-
Refund From CSR	-	-
Restructuring Reserve	(45,862,026.84)	-
Other	-	-
Profit or Loss before Regulatory Adjustment	**316,566,758.54**	**296,474,729.40**
Regulatory Adjustment	-	(27,880,844.34)
a. Interest receivable (-)/previous accrued interest received (+)	-	(27,880,844.34)
b. Short loan loss provision in accounts (-)/reversal (+)		
c. Short provision for possible losses on investment (-)/reversal (+)		
d. Short loan loss provision on Non Banking Assets (-)/reversal (+)		
e. Deferred tax assets recognized (-)/ reversal (+)	-	-
f. Goodwill recognized (-)/ impairment of Goodwill (+)	-	-
g. Bargain purchase gain recognized (-)/reversal (+)		-
h. Actuarial loss recognized (-)/reversal (+)	-	
i. Other (+/-)		
Net Profit for the period end Second Quarter available for distribution	**316,566,758.54**	**268,593,885.06**
Opening Retained Earning	1,757,955,758.41	1,685,135,984.19
Adjustment(+-)	-	-
Distribution:	**(532,892,331.80)**	**(499,742,730.67)**
Bonus Share Issued	(506,247,715.21)	(474,755,594.13)
Cash Dividend Paid	(26,644,616.59)	(24,987,136.53)
Total Distributable Profit or (Loss) as on Qtr End Date	**1,541,630,185.16**	**1,453,987,138.58**
Annualised Distributable Profit/Loss Per Share	**35.75**	**38.20**

Notes to interim Financial Statements:

1. The above figures are subject to change as per the direction of the Regulators and/or External Auditors.
2. The interim financial statements have been prepared in accordance with Nepal Financial Reporting Standards as issued by the Accounting Standards Board, Nepal and the carve out issued by ICAN.
3. Loan and advance to MFI and Co-operatives are presented net amount of impairment allowances.
4. Impairment (Charge) of loan and advances to MFIs and Co-operatives has been calculated as per directive No 2/079 along with amendment dated on 2081/4/16 issued by Nepal Rastra Bank.
5. Loan and advance to Customers are loans to employees, which are measured at amortized costs.
6. Borrowing is borrowing received from Nepal Government.
7. Figures has been rearranged and regrouped wherever necessary.
8. The interim financial statement has been updated in our website: https://www.skbbl.com.np/

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४
(नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

आ.व २०८१/८२ को दोश्रो त्रैमासिक प्रतिवेदन

१. वित्तीय विवरण :

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण :

यस संस्थाको आ.व.०८१/८२ को दोस्रो त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ।

सम्बन्धित पक्षहरुसंगको कारोबारमा यस वित्तीय संस्थाका संस्थापक शेयरधनी बैंक तथा वित्तीय संस्थाहरु कृषि विकास बैंक लि, नबिल बैंक लि, नेपाल बैंक लि, स्ट्यान्डर्ड चार्टर्ड बैंक नेपाल लि, हिमालयन बैंक लिमिटेड, नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेड, नेपाल एसबीआई बैंक लि., एभरेष्ट बैंक लिमिटेड, सिद्धार्थ बैंक लिमिटेड, ग्लोबल आईएम बैंक लिमिटेड, राष्ट्रिय बाणिज्य बैंक लिमिटेड संग विपन्न वर्ग कर्जा कारोवार तथा बैंक खाता सञ्चालन गरिएको छ। यस वित्तीय संस्थाको सञ्चालक समितिमा प्रतिनिधीत्व गर्ने संस्थापक शेयरधनी साना किसान कृषि सहकारी संस्था लि., चैनपुर र साना किसान कृषि सहकारी संस्था लि., आनन्दवनलाई कर्जा कारोबार गर्ने गरिएको छ।

(ख) प्रमुख वित्तीय अनुपातहरु

प्रति शेयर आम्दानी	रु.२४/०१	प्रति शेयर कुल सम्पत्तिको मूल्य	रु.९३६/५६
मूल्य आम्दानी अनुपात	३३.७८ गुणा	तरलता अनुपात	२७२.२८%
प्रति शेयर नेटवर्थ	रु.२३१/१८		

२. व्यवस्थापकीय विश्लेषण :

(क) यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलता आदि विवरण हेर्दा सन्तोषजनक रहेको छ। हालसम्म यस संस्थाको वित्तीय स्थिति व्यवस्थापनको योजना अनुरुप नै रहेको छ।

(ख) आगामी दिनहरुमा समेत व्यावसायिक विविधिकरण तथा साझेदार संस्थाहरुको चाहना बमोजिम वित्तीय एवं गैर वित्तीय सेवा तथा सुविधा उपलब्ध गराउने कुराहरुमा वित्तीय संस्था व्यवस्थापन प्रतिबद्ध छ।

(ग) यस वित्तीय संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था समीक्षा अवधिमा रहेको छैन।

३. कानुनी कारवाही सम्बन्धी विवरण :

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको भए :- नभएको।

(ख) यस संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए/नभएको - यस संस्थाको जानकारीमा नरहेको।

(ग) यस संस्थाको कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भए /नभएको - यस संस्थाको जानकारीमा नरहेको।

४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :

(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा : शेयर कारोबार खुल्ला बजारले निर्धारण गरेको मूल्य मान्यता अनुरुप हुने गरेको छ। यस वित्तीय संस्थाको शेयर कारोबार राम्रो भैरहेको बाट बजारले राम्रो प्रतिक्रिया जनाएको भन्ने हाम्रो बुझाई रहेको छ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन तथा कारोबार संख्या : नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेभसाईट www.nepalstock.com.np अनुसार यस त्रैमासिक अवधिमा यस संस्थाको शेयरको कारोबार निम्नानुसारले भएको देखिन्छ।

अधिकतम मूल्यः रु.९८४/३०	न्यूनतम मूल्यः रु.७९३/८०	अन्तिम मूल्यः रु.८११/–
कारोवार संख्या : ८९६६	कारोबार दिनः ५५	

५. समस्या तथा चुनौती :

(क) आन्तरिक समस्या तथा चुनौती :

आधुनिक डिजीटल प्रविधी उपयोगको गति तिब्र हुन नसकेको र मानव श्रोतको दक्षता अभिवृद्धि पूर्ण रुपमा भै नसकेको। उत्कृष्ट अभ्यास र संस्कृति कायम गर्दै मर्जरपछिको व्यवसाय र सेवालाई सुव्यवस्थित बनाउने चुनौती रहेको।

(ख) बाह्य समस्या तथा चुनौती :

देशका अधिकांश क्षेत्रबाट सेवा विस्तारका लागि माग भई आएता पनि भौगोलिक कठिनाई र बसाई सराईको कारण अपेक्षित रुपले सेवा विस्तार गर्न नसकिएको र नितिगत जोखिम कायम रहेको।

(ग) रणनीति :

शिक्षित युवाहरुको समेत संलग्नतामा कृषिको रुपान्तरण एवं उद्यमशील संस्कृतीको विकास गर्न वित्तीय संस्थाले विभिन्न कार्यक्रम सञ्चालन गरेको छ। समावेशि वित्तीय पहुच लगायत लघुवित्त क्षेत्रमा देखिएका ग्राहक दोहोरोपनाको समस्या कम गर्न संस्थाले वित्तीय सेवा वञ्चित क्षेत्रलाई प्राथमिकता दिने एवं एक कार्य क्षेत्र एक साझेदार संस्थाको नीति अवलम्बन गरेको छ। ग्राहकमैत्री सेवा सुविधामा जोड दिने एवं सूचना प्रविधिको समूचित उपयोग बढाउने नीति लिएको छ। वातावरण अनुकुल कृषिको आवलम्बन लगायत साना र विपन्न किसानलाई उद्यमशील र व्यवसायी बनाउन कृषि मूल्यश्रृंखला प्रवर्धनमा जोड दिइएको छ।

६. संस्थागत सुशासन :

यस वित्तीय संस्थाले संस्थागत सुशासन सम्बन्धी नेपाल राष्ट्र बैंक एवं सम्बन्धित नियमनकारी निकायहरुबाट प्राप्त मार्ग निर्देशनहरु उच्च प्राथमिकताका साथ पालना गर्दै आएको छ। संस्थाको सुशासन अभिवृद्धि एवं संस्थाले गर्ने कार्यहरु पारदर्शी एवं नियम संगत गर्नका लागि सञ्चालक समिति, लेखा परीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धीकरण अनुगमन समिति र आन्तरिक लेखा परीक्षण एकाई क्रियाशील रहेका छन्। संस्थाको कारोवारलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरु तर्जुमा गरी लागु गरिएको छ।

७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

नेपाली पेस्ट्री एवं बेकरी सेफ लिम्बू दुबईमा सम्मानित

काठमाडौं/ नेपाली पेस्ट्री एवं बेकरी सेफ ह्युमन लिम्बू दुबईमा सम्मानित भएका छन्। प्रतिष्ठित एसिया-नेपाल इन्टरनेसनल अवार्डको हस्पिटालिटी विधातर्फ लिम्बू सम्मानित भएका हुन्।

एसिया-नेपाल इन्टरनेसनल हस्पिटालिटी ग्रुप र शैली मिडियाले आयोजना गरेको अवार्ड समारोह दुबईस्थित विलासी हिल्टन होटेल अल सिफमा सम्पन्न भएको थियो। लिम्बूले प्रमुख अतिथि युएईका प्रख्यात अधिकारी वालिद अल हसन, नेपाली समाज युएईका अध्यक्ष रामबहादुर मोक्तान र एनआरएन दुबईका अध्यक्ष विकास शाहीबाट अवार्ड ग्रहण गरेका थिए।

लिम्बूले लेनोत्रे पेरिसमा पेस्ट्री र बेकरीमा विशेषज्ञता हासिल गरेका हुन्। दुबईको सोफिटेल होटेल जेबिआर मारिनामा प्रि-ओपनिङ टोलीमा सामेल भएपछि उनको करिअर सुरु भयो। २० वर्षभन्दा बढीको अनुभवका साथ लिम्बूले मध्यपूर्वमा १७ वटा पाँचतारे लक्जरी होटेल स्थापना गर्न र दुईवटा कन्फेसनरी उत्पादन गर्ने कम्पनी विकास गर्न महत्त्वपूर्ण भूमिका खेलेका छन्।

सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सको बिजनेस रिभ्यु बैठक सम्पन्न

काठमाडौं/ सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सले चितवनमा बिजनेस रिभ्यु बैठक सम्पन्न गरेको छ। कार्यक्रममा कम्पनीका अध्यक्ष रतनलाल केडिया, प्रमुख कार्यकारी अधिकृत शिवनाथ पाण्डे, वरिष्ठ नायब कार्यकारी अधिकृत राकेश पोखरेल, नायब प्रमुख कार्यकारी अधिकृत नीराजन कँडेलगायत कम्पनीका कर्मचारीको उपस्थिति थियो। कार्यक्रममा कम्पनीका अध्यक्षले सफलताका लागि नयाँ प्रविधि, नयाँ सोच र नयाँ अभिकर्ताको संख्या विस्तार कार्य तत्परताका साथ गर्नुपर्ने बताए। आफ्नो लक्ष्य प्राप्त गर्न र कम्पनीलाई नयाँ उचाइमा पुऱ्याउन परम्परागत कार्यशैलीलाई अपनाउनुपर्ने उनको भनाइ थियो।

त्यस्तै, प्रमुख कार्यकारी अधिकृत पाण्डेले कर्मचारी कम्पनीका गहना भएकाले सफलता पनि उनीहरूले गर्ने कार्य र योगदानमा निर्भर रहने बताए। साथै, कार्यक्रममा आव ०८१/८२ को अर्धवार्षिक समीक्षा अवधिमा विभिन्न विधामा उत्कृष्ट कार्य गर्ने क्षेत्रीय प्रबन्धक, एरिया म्यानेजर, शाखा तथा उपशाखाका प्रबन्धकलाई सम्मान गरिएको थियो।

मोटरसाइकल हरायो

मिति २०८१/१०/२२ गते अ.१९:०० बजेको समयमा काठमाडौं जिल्ला गोकर्णेश्वर न.पा.-४, माकलबारी स्थित पार्किङबाट मेरो निम्न व्होरा भएको कालो, रातो रंगको **220 CC** को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : हुलास फिन शर्म लिमिटेड (ऋणी : निमा तामाङ)
मो.सा.नं.: बा.प्र. ०२-०५४ प ९६२८
चेसिस नं.: MD2A13EX6RCE83057
इन्जिन नं.: DKXCRE33788
सम्पर्क न.: 9701632853

मोटरसाइकल हरायो

मिति २०८१/१०/१७ गते राति अ.२२:०० बजेको समयमा भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा.-६, घरअगाडी पार्किङबाट मेरो निम्न व्होरा भएको रातो, कालो रंगको **220 CC** को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : सुजर थापा
मो.सा.नं.: बा.प्र. ०२-०४२ प ८९२०
चेसिस नं.: MD2A13EX9MCJ97256
इन्जिन नं.: DKXCMJ31474
सम्पर्क : 9847315757, 9842401440

सर्टिफिकेट हरायो

मिति २०८१/७/१० गते पोखरा बाट चितवन सम्म आउँदा पोखरा युनिभर्सिटीबाट जारी भएको मेरो निम्न व्होरा भएको **प्रभिजनल, माइग्रेशन, ट्रान्सकिप्ट सर्टिफिकेट** हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

नाम: एन्जिला तामाङ
रजिष्ट्रेशन नं.: २०१८-२-०३-२०९४
रोल नं. : १९०३२३४७
सम्पर्क : ९८०६८२८०४१

मोटरसाइकल हरायो

मिति २०८१/१०/२० गते अ.२०:०० बजेको समयमा का.जि.का.म.न.पा.-७, चावहिल लामपोखरी सडक खण्ड स्थित पार्किङबाट मेरो निम्न व्होरा भएको कालो, रातो रंगको **220 CC** को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : हुलास फिन शर्म हायर पर्चेज लिमिटेड (ऋणी : गंगा राम खनाल)
मो.सा.नं.: बा.प्र. ०२-०५४ प ८८२९
चेसिस नं.: MD2A13EX6RCM83553
इन्जिन नं.: DKXCRM48493
सम्पर्क न.: 9849319975

विशेष साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०८१/१०/२४ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लिमिटेडको मिति २०८१/१०/१५ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको विशेष साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उल्लेखित मिति, स्थान र समयमा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु।

सभा हुने मिति, स्थान र समय :

सभा हुने मिति : २०८१ साल फागुन महिना ४ गते (तदनुसार १६ फेब्रुअरी २०२५)।
स्थान : वि.एल.सी सभा कक्ष, थापाथली, काठमाडौं।
समय : १२:३० बजे।

विशेष साधारण सभाको छलफलको विषयहरू :

विशेष प्रस्ताव :

१. कम्पनीको जारी पूँजी वृद्धि गरी रु. ७० करोड कायम गरी कम्पनीको प्रवन्ध पत्रमा आवश्यक शंशोधन गर्ने प्रस्ताव विशेष साधारण सभामा पेश गर्ने।
२. कम्पनीको हाल कायम रहेको चुक्ता पूँजीको ४०% बराबर हकप्रद (Right Share) शेयर जारी गर्न सञ्चालक समितीलाई स्वीकृती प्रदान गर्ने प्रस्ताव विशेष साधारण सभामा पेश गर्ने।
३. विविध।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

Norvic International Hospital
नर्भिक इन्टरनेशनल हस्पिटल एण्ड मेडिकल कलेज लि.
थापाथली, काठमाडौं, नेपाल
इमेल: info@norvichospital.com
फोन नं.: ०१-५९७०४३२

सत्येन्द्र र नेहाले मानव अधिकार आयोग पुगेर भने-

प्रहरीबाटै असुरक्षित भयौं

नयाँ पत्रिका

अन्तरजातीय विवाह गरेकै कारण पटक-पटक पक्राउ परेका सर्लाहीको बरहथवा नगरपालिका- १० का सत्येन्द्रकुमार राम (चमार) र बरहथवा- ५ की नेहा रौनियारले मानव अधिकार आयोगमा पुगेर प्रहरीबाटै असुरक्षित भएको भन्दै सुरक्षाको माग गरेका छन्। असुरक्षाकै कारण मंगलबार आयोगमा जान नसकेका उनीहरू बुधबार कानुन व्यवसायीको सहयोगमा उपस्थित भएर आफूहरूको सुरक्षाका लागि सहयोग गर्न आग्रह गरेका हुन्।

आफूहरूलाई छुटाउन प्रहरीले तीनपटक पक्राउ गरेर यातनासमेत दिएको भन्दै सत्येन्द्रले गत २१ पुसमा आयोगमा प्रहरीविरुद्ध उजुरी दिएका थिए। सोही उजुरीमा अनुसन्धानका लागि आयोगले दुवैजनालाई मंगलबार नै छलफलमा बोलाएको थियो। तर, मंगलबार असुरक्षाका कारण उपस्थित हुन नसकेका उनीहरू बुधबार कानुन व्यवसायी अधिवक्ता शैलेन्द्र अम्बेडकरको साथ लागेर अदालत पुगेका हुन्।

सत्येन्द्र र नेहाले आफूहरूमाथि राज्यबाट भएको अत्याचारबारे आयोगमा विस्तृत खुलाएका छन्। सत्येन्द्रले प्रहरीबाटै भएको असुरक्षाका कारण आफूहरूविरुद्धको मुद्दामा तारेख बुझ्न अदालतसमेत जान नसकेको गुनासो गरे। उनीहरूविरुद्ध जिल्ला अदालत सर्लाहीमा बालविवाहको मुद्दा छ। ३ पुसमै कपिलवस्तु जिल्ला अदालतमा 'कोर्ट म्यारिज' गरेका उनीहरूविरुद्ध ९ पुसमा बालविवाहको मुद्दा दर्ता भएको थियो।

'माघ १४ गते जिल्ला अदालत सर्लाहीमा मेरो तारेख थियो, तर असुरक्षाका कारण जान सकिनँ,' सत्येन्द्रले आयोगसमक्ष भने। त्यस्तै, नेहाले १६ पुसमा प्रहरीले पक्राउ गर्दा आफूमाथि दुर्व्यवहार गरेको आयोगलाई बताएकी छिन्। उनीहरूले मुद्दा-मामला र असुरक्षाका कारण अध्ययनलाई समेत निरन्तरता दिन नसकेको दुःखेसो पोखेका छन्। सत्येन्द्रले साइन्स र नेहाले म्यानेजमेन्ट विषयमा १२ कक्षासम्मको पढाइ पूरा गरे पनि स्नातक तह पढ्न पाएका छैनन्। डरधम्कीका कारण लुकी-लुकी बस्नुपरेको उनीहरूको गुनासो छ।

अधिवक्ता अम्बेडकरका अनुसार नेहाका बुबा सुरेन्द्रले प्रहरी शक्तिको दुरुपयोग गरी बारम्बार थुनाउने गरेकाले उनीहरूले अझै असुरक्षित महसुस गरेका छन्। 'प्रहरीले धम्क्याउने र पक्राउ गर्ने मात्र होइन, यातनासमेत दिने गरेको छ,' उनले भने, 'यस्ता घटनाका पीडितलाई प्रहरीले संरक्षण गर्नुपर्नेमा उल्टो यातना दिएपछि उनीहरू मानव अधिकार आयोगमा उपस्थित हुनसमेत डराएको अवस्था छ।'

अन्तरजातीय विवाह गरेकै कारण प्रहरीबाटै सत्येन्द्र र नेहाले खेपेको अत्याचारका विषयमा आयोगले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका दुई प्रहरीलाई झिकाएर बयानसमेत लिइसकेको छ। थप प्रहरीलाई पनि बोलाउने तयारी भइरहेको आयोग स्रोतले बतायो। उनीहरूलाई दुईपटक पक्राउ गर्ने कार्यालयका सहायक हवल्दार इन्द्र पोखरेलले माथिल्लो तहकै निर्देशन पालना गरेको आयोगसमक्ष बताएका छन्। नेहाका बुबा सुरेन्द्रकै खर्चमा उनीहरूलाई पक्राउ गर्न मुम्बई गएको पनि उनले स्वीकार गरेका छन्। प्रहरी स्रोतका अनुसार गृहमन्त्री रमेश लेखककै निर्देशनमा गत २१ मंसिरमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका तत्कालीन डिएसपी रुगमबहादुर कुँवर नेतृत्वको टोली मुम्बई पुगेर सत्येन्द्र र नेहालाई पक्राउ गरेको थियो। टोलीले उनीहरूलाई मुम्बईबाट दिल्लीसम्म ल्याएको थियो। तर, दिल्लीबाट नेपाल ल्याउने क्रममा टिकटमा नाम नमिलेपछि तथा सत्येन्द्र र नेहाले त्यहाँको सुरक्षाकर्मीसमक्ष समेत गुनासो गरेपछि प्रहरी टोली त्यसै नेपाल फर्किएको थियो।

अन्तरजातीय जोडीलाई न्यायिक लडाइँमा सघाउँदै आएका अधिवक्ता अम्बेडकर भन्छन्- युवक दलित भएकै आधारमा जबर्जस्ती मुद्दा चलाइएको छ

युवा-युवतीले उमेर पुगेर राजीखुसीले विवाह गरेको अवस्थामा समेत बालविवाहको मुद्दा चलाउनु मानव अधिकारको गम्भीर उल्लंघन हो। यो घटनामा प्रहरीले शक्तिको चरम दुरुपयोग गरेको छ। गृहमन्त्रीकै निर्देशनमा उनीहरूलाई मुम्बईबाट पक्राउ गरिएको भन्ने विभिन्न निकायबाट सुनेका छौं। घुम्न गएका केटाकेटीलाई पक्राउ गर्न मुम्बईसम्म प्रहरी टोली पठाउनुको उद्देश्य के हो ? यो कुनै हाइप्रोफाइल केस हो र ? केटा दलित भएकै कारण सम्बन्ध छुटाउनका लागि पक्राउ गरेर प्रहरीले यातना दिएको छ। सर्वोच्च अदालतमा समेत पुगेर यो मुद्दा टुंगिसकेको छ। १६ पुसमा प्रहरीले पक्राउ गरी नेहालाई परिवारको जिम्मा लगाएपछि नेहाको तर्फबाट सत्येन्द्रले सर्वोच्चमा बन्दीप्रत्यक्षीकरणको रिट दायर गरेका थिए। उक्त रिटमा २० माघमा सुनुवाइ गर्दै सर्वोच्चले दुवैको उमेर पुगेर विवाह गरेकाले नेहालाई सत्येन्द्रकै जिम्मा लगाइसकेको छ। १६ पुसमा पक्राउपछि आफूलाई बन्धक बनाएर यातना दिएको र विवाह बदरको मुद्दासमेत दायर गर्न लगाएको बयान नेहाले सर्वोच्चको बन्द इजलासमा दिएकी थिइन्।

समाचारमा प्रहरीको आपत्ति

अन्तरजातीय विवाह गरेका जोडीमाथि प्रहरीबाट भएको धरपकडको घटनाको प्रहरीले पनि बचाउ गरेको छ। बालविवाहको कसुरमा पक्राउ गरिएको भन्दै जातीय विभेदको घटनाको अनुसन्धानबाट पन्छिने प्रयास गरेको छ। सत्येन्द्र र नेहालाई प्रहरीले तीनपटकसम्म पक्राउ गरेको थियो। घुम्न मुम्बई गएका वेला डिएसपीको टोली उहीं पुगेर पक्राउ गरेको थियो। त्यस्तै, उनीहरूले अदालतमा 'कोर्ट म्यारिज' गरिसकेपछि अदालतमा बालविवाहको मुद्दा दायर गरियो। यो विषयमा नयाँ पत्रिकाले विवरण बाहिर ल्याएपछि प्रहरीले विज्ञप्ति जारी गरी खण्डन गरेको छ। प्रहरी प्रधान कार्यालयले सत्येन्द्रविरुद्ध बालविवाह मुद्दाका प्रतिवादी भएकाले पक्राउ गरिएको उल्लेख गरेको छ। तर, उनीहरूलाई पक्राउ गर्न मुम्बईसम्म टोली पठाइएकोदेखि जातकै आधारमा विभेद गरी शक्तिको आडमा बालविवाह मुद्दामा फसाइएको विषयमा विज्ञप्ति मौन छ।

■ अन्तरजातीय बिहे गर्ने दलित युवामाथि अत्याचारको विषयमा प्रमुख दलहरूको चासो

सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाही गर्न माग

कमलराज भट्ट/नयाँ पत्रिका

राज्यशक्तिकै दुरुपयोग गरेर अन्तरजातीय विवाह भत्काउन खोजेको विषयमा प्रमुख दलहरूले चासो व्यक्त गर्दै सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाहीको माग गरेका छन्। कांग्रेस, एमाले, माओवादी, रास्वपा, एकीकृत समाजवादीलगायतका दलले घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाहीको माग गर्ने तयारी गरेका छन्। प्रमुख दलहरूले 'अन्तरजातीय बिहे गर्ने दलित युवामाथि गृहमन्त्रीकै निर्देशनमा अत्याचार'को विषय सदनमा उठाउने बताएका छन्। उनीहरूले संसद्बाटै सरकारको जवाफ माग्ने तयारी गरेका छन्।

कांग्रेस केन्द्रीय सदस्य प्रकाश रसाइली स्नेहीले सत्यतथ्य छानबिन गरेर संलग्नलाई कारबाहीको दायरामा ल्याउनुपर्ने बताए। जातीय कारणले कुनै पनि व्यक्तिमाथि अन्याय हुन नहुने उनले बताए। जेसुकै भए पनि संवेदनशील विषयमा सत्यतथ्य छानबिन गरेर संलग्नलाई कारबाहीको दायरामा ल्याउनुपर्नेमा उनले जोड दिए।

'अन्तरजातीय विवाह गरेकै आधारमा दलित अपमानित हुनु भनेको सीधासीधा कानुनी दण्डको विषय हो। छुवाछुत र जातीय विभेदजस्तो अपराध नियन्त्रण गर्ने र कानुन पालना गराउने जिम्मेवारीमा रहनुभएका गृहमन्त्रीले जातीय विभेदमा भूमिका खेलेको भनेर जोडिएको छ। त्यसबारे हामीले पनि कुराकानी गर्यौं। गृहमन्त्री आफैं कानुनका पनि जानकार हुनुहुन्छ। उहाँले पदीय मर्यादा भुलेर गरेकोजस्तो देखिँदैन,' उनले भने, 'कतिपय अवस्थामा राज्यको तल्ला तहबाट पनि पदीय दुरुपयोग भएका हुन सक्छन्। जेसुकै भए पनि यो संवेदनशील विषयमा सत्यतथ्य छानबिन गरेर संलग्नलाई कारबाहीको दायरामा ल्याइनुपर्छ। अतिरञ्जना र राजनीतिक प्रोपोगान्डाको विषय बनाइनुहुँदैन। जातीयताका कारणले कुनै पनि व्यक्तिमाथि अन्याय हुनुहुँदैन।'

एमाले पोलिटब्युरो सदस्य जित गौतमले संविधानको धज्जी उडाउने काम भएको बताए। उनले प्रहरी-प्रशासन र न्यायालयको दृष्टिकोण र व्यवहारले सबैलाई गम्भीर बनाएको भन्दै अन्तरजातीय विवाह गर्ने जोडीलाई राज्यले शान्तिपूर्ण जीवनयापनको वातावरण बनाइदिनुपर्ने माग गरे। 'सत्येन्द्रकुमार राम र नेहा रौनियारबिचको अन्तरजातीय विवाह बिथोल्न परेको राज्यको कुदृष्टिले संविधानमाथि बलात् आक्रमण मात्र गरेको छैन, समाजलाई समेत बिथोलेको छ। घटनामा गृहमन्त्रीको संलग्नता छ वा छैन जानकारी भएन। तर, प्रहरी-प्रशासन र न्यायालयको दृष्टिकोण र व्यवहारले सबैलाई गम्भीर बनाएको छ। अन्तरजातीय विवाह गर्ने जोडीलाई मुम्बईसम्म प्रहरी पठाएर पक्राउ गर्ने कार्य निन्दनीय छ। कपिलवस्तुको अदालतले विवाह दर्ता गर्ने र सर्लाहीको अदालतले बालविवाहको मुद्दामा पक्राउको आदेश गर्नेजस्तो द्विविधाग्रस्त व्यवहार देखियो। यसले नेपालको संविधान र कानुनकै धज्जी उडाएको छ। र, अदालतप्रतिको विश्वास धर्मराएको छ। उनीहरूको वैवाहिक सम्बन्ध स्वीकार गर्नुपर्छ। साथै, राज्यले उनीहरूको शान्तिपूर्ण जीवनयापनको वातावरण बनाइदिनुपर्छ।'

पूर्वकानुनमन्त्रीसमेत रहेका माओवादी नेता अजयशंकर नायकले संविधान र कानुनको खिलापमा कोही पनि जान नमिल्ने बताए। गृहमन्त्रीको विषयमा कुरा उठेपछि सदनमा जवाफ दिनुपर्ने उनले बताए। 'गृहमन्त्रीले कमजोरी गरेको छ भने कठघरामा उभिनुपर्छ। सदनमा जवाफ दिनुपर्छ। नैतिक कुरा पनि हो। अझ संवैधानिक र कानुनी कुरा आएपछि पदमा बस्न मिल्दैन,' उनले भने, 'सांसदले संसद्मा कुरा उठाउनुभन्दा पहिला नै गृहमन्त्रीले जवाफ दिनुपर्छ। संविधान, कानुनभन्दा माथि कोही छैन। कानुनलाई सबैले पालना गर्नुपर्छ।'

रास्वापका प्रमुख सचेतक सन्तोष परियारले कल्पना गर्ने नसकिने गरी जातीय विभेद भएको बताए। कानुनभन्दा माथि कोही पनि भएको भन्दै उनले सत्यतथ्य छानबिन हुनुपर्ने बताए। 'अन्तरजातीय विवाहमा राज्यशक्तिको दुरुपयोग भनेर जुन विषय बाहिर आएको छ, आजका दिनमा त्यस्तो किसिमका जातीय विभेदको विषय कल्पना पनि गर्न सकिँदैन,' उनले भने, 'यसमा गृहमन्त्रीकै संलग्नता भनिएको छ। तर, त्यो पुष्टि हुनुपर्छ। यदि कसैबाट कानुनविपरीतको काम भएको छ भने त त्यो दण्डनीय हो। कोही पनि कानुनभन्दा माथि छैन। प्रोपोगान्डा बनाइनुहुँदैन, सत्यतथ्य छानबिन हुनुपर्छ।'

एकीकृत समाजवादीका सचिव गणेश विकले सदनमा कुरा उठाउने र सडक आन्दोलनबारे पनि छलफल भइरहेको बताए। 'कानुन कार्यान्वयन गर्ने निकायमा बसेकाहरूकै रवैयाका कारण जातीय छुवाछुत हट्न सकेको छैन। गृहमन्त्रीको कदम आपत्तिजनक छ। उहाँले संविधानविपरीत काम गर्नुभयो। आफैं रक्षक, आफैं भक्षक बन्नुभयो। उहाँलाई पदमा बस्ने छुट छैन। हामी गृहमन्त्रीको राजीनामा माग्छौं। सदनमा आवाज उठाउँछौं। सडक आन्दोलन पनि गर्छौं,' उनले भने।

नेपालको संविधान, जातीय छुवाछुत र भेदभाव (कसुर तथा सजाय) ऐन, २०६८ तथा विद्यमान ऐन कानुनअनुसार उक्त घटनाका दोषीहरूलाई तत्काल कारबाही गर्न, पीडितलाई क्षतिपूर्ति दिन र दलितमाथिको आपराधिक घटनाहरूको स्थायी समाधानका लागि विशेष कार्यक्रम घोषणा गर्न उनले माग गरे।

सर्लाहीको बरहथवा नगरपालिका- ४ का सत्येन्द्रकुमार राम (चमार) र बरहथवा- ५ की नेहा रौनियारलाई अन्तरजातीय प्रेमविवाह गरेकै कारण ज्यादती गरिएको थियो। उक्त घटनामा गृहमन्त्री र उच्च प्रहरी अधिकारीकै संलग्नता रहेको पाइएको छ। विवाह दर्तासमेत गरिसकेका उनीहरूको सम्बन्ध तोड्न राज्यशक्तिको दुरुपयोग गरिएको आरोप छ। गृहमन्त्रीकै निर्देशनमा प्रहरी शक्तिको चरम दुरुपयोग भएको राष्ट्रिय मानव अधिकार आयोगको प्रारम्भिक छानबिनको निष्कर्ष छ।

दलित अधिकारकर्मीको प्रदर्शन, गृहमन्त्रीको राजीनामा माग

जातीय विभेदमा संलग्नलाई संरक्षण गरेर सरकारले पीडितलाई अन्याय गरेको विरोधमा दलित अधिकारकर्मीले आन्दोलन गरेका छन्। बुधबार माइतीघरमा आन्दोलन गरेका उनीहरूले त्यहीं पत्रकार सम्मेलन गरेर गृहमन्त्री रमेश लेखकको राजीनामासमेत मागेका छन्। दलितका लागि दलित अभियानका संयोजक खगेन्द्र सुनारलगायतले अन्तरजातीय प्रेमविवाह गरेका सर्लाहीका सत्येन्द्र रामलाई पटक-पटक पक्राउ गरी थुनामा राख्ने दोषीमाथि कारबाही गरी पीडितलाई न्याय दिलाउन माग गरे। 'अन्तरजातीय विवाहलाई राज्यले प्रोत्साहन र संरक्षण गरेर जिम्मा लिनुपर्थ्यो,' सुनारले भने, 'सत्येन्द्रकुमार राम र नेहा रौनियारको जोडीलाई छुटाउन गृहमन्त्री रमेश लेखकले जुन किसिमको अपराध गरेका छन्, यो ६० लाख दलितहरूको आन्दोलनको इतिहासमा सबैभन्दा कालो काम गरेका छन्, यसविरुद्ध अब हाम्रो आन्दोलन यहाँबाट प्रारम्भ भएको छ।' त्यस्तै, एकीकृत दलित मुक्ति मोर्चा नेपाल, दलित महिला संघलगायतले पनि विज्ञप्ति निकालेर घटनाको निन्दा गरी दोषीमाथि कारबाहीको माग गरेका छन्।

विपिन जोशीको रिहाइ प्रयास

इजरायली राष्ट्रपतिसँग राजदूतको फोनवार्ता

काठमाडौं/ इजरायलका लागि नेपाली राजदूत धनप्रसाद पण्डितले हमासद्वारा बन्धक बनाइएका नेपाली नागरिक विपिन जोशीको रिहाइका लागि इजरायली राष्ट्रपति इसाक हरजोगसँग टेलिफोन संवाद गरेका छन्। बुधबार अपराह्न भएको फोनवार्तामा इजरायली राष्ट्रपति हरजोगले नेपाली नागरिक जोशीसहित हमासको बन्धक अवस्थामा रहेका सबैलाई सुरक्षित मुक्त गर्न हरसम्भव प्रयास भइरहेको जवाफ दिएका छन्।

जोशी २० असोज ०८० देखि हमास समूहको नियन्त्रणमा छन्। हमासको नियन्त्रणमा रहेका पाँचजना थाई नागरिकको मुक्तिसँगै जोशी मुक्त हुने आशा नेपाल सरकारको छ। परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले पनि यसअघि इजरायलका समकक्षी गिडिओन सारसँग जोशी रिहाइको प्रयास गरिदिन टेलिफोनमा कुराकानी गरेकी थिइन्।

'जोशी जीवित छन् र उनको उद्धारको प्रयास जारी छ भन्ने सन्देश इजरायलबाट आएको हुनाले हामी आशावादी छौं,' परराष्ट्रका एक उच्च अधिकारीले भने। नेपाली कूटनीतिक अधिकारीहरूका अनुसार जोशी २३ माघसम्म छुटिसक्ने विश्वास इजरायली कूटनीतिक च्यानलबाट प्राप्त भएको थियो। तर, यो सम्भव भएन। यद्यपि, ती अधिकारीले भने, 'हामी प्रयासरत छौं र आशावादी पनि छौं।'

प्यालेस्टाइनको गाजास्थित हमास समूहको नियन्त्रणबाट तेम्रो समूहअन्तर्गत १७ माघमा पाँचजना थाई र तीनजना इजरायली नागरिक मुक्त भएका थिए। इजरायल र प्यालेस्टिनी हमास समूहबिच ३ माघमा भएको युद्धविराम सम्झौताअनुसार हमास समूहले ६ साताभित्र उसको नियन्त्रणमा रहेका ३३ जनालाई नियन्त्रणमुक्त गर्नुपर्नेछ। यसलाई पहिलो चरण भनिएको छ। यो चरणमा इजरायली नागरिक मात्रै नियन्त्रणमुक्त हुने भनिएको भए पनि बिहीबार पाँचजना थाई नागरिकसमेत मुक्त भए। त्यसमा नेपाली विपिन पनि मुक्त हुने आशा थियो।

युद्धविराम सम्झौताअनुसार हमासले १९ जनवरीमा तीनजना, २५ जनवरीमा चारजना र बिहीबार आठजना गरी १५ जनालाई मुक्त गरिसकेको छ। १९ जनवरीदेखि लागू हुने गरी ६ साता अर्थात् फेब्रुअरीभित्र हमासले ३३ जनालाई मुक्त गर्ने प्रतिबद्धता जनाएको छ। त्यतिन्जेल इजरायलको जेलमा रहेका करिब दुई हजार प्यालेस्टिनी नागरिक पनि मुक्त हुनेछन्।

३२ करोडमा...

पृष्ठ १ बाट क्रमशः

चिकित्सक, नौजना चिकित्सकसहित ११४ जनाको दरबन्दी माग गरिएको ठाकुरले बताए। चिकित्सालयमा हाल २१ जना कर्मचारी मात्र कार्यरत छन्।

चिकित्सालय सुरु गर्दा एकजना मेडिकल सुपरिटेन्डेन्ट, एकजना कन्सल्टेन्ट, चारजना चिकित्सकसहित २७ जनाको अस्थायी दरबन्दी स्वीकृत गरिएको थियो। त्यसमध्ये कन्सल्टेन्टको दरबन्दी रिक्त छ। त्यस्तै, चारमध्ये एकजना चिकित्सक छैनन्। 'स्वीकृत अस्थायी दरबन्दी संख्या नै कम हो, त्यसमा पनि ६ जना चिकित्सकीय जनशक्ति रिक्त छ,' मेडिकल सुपरिटेन्डेन्ट ठाकुरले भने, 'प्रदेश सरकारले जनशक्ति थप गरे धेरैजसो विशेषज्ञ सेवा यहीं उपलब्ध गराउन सकिन्छ।'

चिकित्सालयमा जनशक्ति र साधन-स्रोतको अभावका कारण यहाँका नागरिकले आयुर्वेदिक पद्धतिबाट विशेषज्ञ उपचार सेवा पाउन सकेका छैनन्। चिकित्सालयको सेवा प्रभावकारी बनाउन प्रदेश सरकारले ध्यान दिएको छैन।

चिकित्सालय व्यवस्थापन समितिका अध्यक्ष नरेश विष्टले जनशक्तिका लागि पटकपटक पहल गरे पनि प्रदेश सरकारबाट सुनुवाइ नभएको बताए। चिकित्सालयमा विज्ञ चिकित्सक र उपकरणको अभावले सेवा प्रभावकारी हुन नसकेको उनले बताए।

प्रदेशको सामाजिक विकास मन्त्रालयका प्रवक्ता गणेशबहादुर सिंहले प्रादेशिक आयुर्वेदिक चिकित्सालयको कर्मचारी संगठन संरचना स्वीकृतिको प्रक्रिया अगाडि बढेको बताए। 'त्यो स्वीकृत भएपछि कर्मचारी पदपूर्ति कार्य अगाडि बढ्छ,' उनले भने।

मेडिकल सुपरिटेन्डेन्ट ठाकुरका अनुसार पञ्चकर्म, पूर्वकर्म, थेरापी, जलौका कर्म, क्षारसूत्र, कटीबस्ती, जानुबस्तीसम्बन्धी सामान्य सेवाहरू चिकित्सालयमा उपलब्ध छन्। आयुर्वेदिक पद्धतिबाट उपचार प्रभावकारी मानिने पायल्स, फिस्टुला, फिसरको उपचार सेवा पनि दिइरहेको उनले बताए। एक्सरे, भिडियो एक्सरे, ईसिजीसहितको प्रयोगशाला सेवा चिकित्सालयमा छ। चिकित्सालयमा आधारभूत सेवा र कतिपय औषधि निःशुल्क छन्। प्रयोगशाला शुल्क पनि तुलनात्मक रूपमा सस्तो छ।

धनगढीका सरकारी र निजी अस्पताल तथा क्लिनिकहरूमा बिरामीको चाप थेगिनसक्नु हुँदा प्राकृतिक पद्धतिबाट निःशुल्क र सस्तोमा उपचार हुने चिकित्सालय पुग्ने सेवाग्राही भने न्यून छन्। विशेषज्ञ सेवा नहुनु र प्रचारप्रसारको अभावले चिकित्सालयबाट सेवा लिनेको संख्या कम भएको बताइन्छ। यहाँबाट गत वर्ष सेवाग्राहीले दोहोऱ्याएरसमेत गरी करिब २६ हजारपटक सेवा लिएको तथ्यांक छ।

नक्कली भुटानी...

पृष्ठ १ बाट क्रमशः

उनले भने, 'अन्य विषय गलत हल्ला हुन्।' तर, जेलर कटवालले दुलाल र भण्डारी कारागार फर्किसकेको बताए पनि बुधबार साँझसम्म भने उनीहरू अस्पतालमै देखिएका थिए।

सानु भण्डारी तिनै व्यक्ति हुन्, जसको बयानको आधारमा यो मुद्दामा उच्चपदस्थ तानिएका थिए। नेताहरूले पैसा पनि लिएको, तर काम नगरिदिएको भन्दै उनले प्रहरीमा सबै यथार्थ बताइदिएका थिए। सोही आधारमा पूर्वगृहमन्त्री बालकृष्ण खाण, पूर्वऊर्जामन्त्री टोपबहादुर रायमाझी, पूर्वगृहसचिव टेकनारायण पाण्डे, तत्कालीन गृहमन्त्री रामबहादुर थापा बादलका सल्लाहकार डा. इन्द्रजित राई तथा पूर्वसांसद आडटावा शेर्पालगायत उच्चपदस्थ पक्राउ परेका थिए। मुद्दा दायर भएको २१ महिना हुँदा पनि यसमा जिल्ला अदालतमा सुनुवाइ हुन सकेको छैन। यही अवस्थामा मुख्य आरोपीलाई अस्पतालमा राखेर विभिन्न पक्षसँग छलफल गराइएको छ।

स्रोतका अनुसार केन्द्रीय कारागारका डिएसपी जीवन निरौलासमेत पूर्वगृहमन्त्री बालकृष्ण खाणनिकट हुन्। यही प्रकरणमा अनावश्यक चासो राखेको भन्दै यसअघि उपत्यका प्रहरी कार्यालयले उनलाई हटाउने तयारी गरे पनि पछि गृह मन्त्रालयकै निर्देशनमा त्यहीं राखिएको कारागार स्रोत बताउँछ। जेलर कृष्ण कटवालको पनि गृह मन्त्रालयले दुई महिनाअघि सरुवा गरेकोमा पछि थमौती भएको थियो। कारागार प्रशासनले उनीहरूलाई अस्पताल जानेदेखि भेटघाटका लागि विशेष सहुलियत दिएको स्रोत बताउँछ।

यो मुद्दाका मुख्य बिचौलिया बेचन झा गत असारमा पक्राउ परेकै आधारमा पुष्पकमल दाहाल नेतृत्वको सरकार ढलेको आरोप माओवादी र रास्वपाका नेताहरूले लगाउँदै आएका छन्। झामाथि विस्तृत छानबिन नहुँदा यसमा मुछिएका थप उच्चपदस्थमाथि अनुसन्धान हुन सकेको छैन।

शान्तिसँग बाँच्न...

पृष्ठ १ बाट क्रमशः

हामीले सबै घटना सत्य-सत्य भनिदियौं।

फेक डकुमेन्टका कारण फस्ने डर भएपछि हामीलाई पक्राउ गर्ने नेपाली प्रहरी दिल्ली विमानस्थलबाट भागे। अब त बाँचियो भनेर हामी ढुक्क भयौं। तर, उनीहरूले हाम्रो पैसादेखि सबै सामान लगेका थिए। धन्न नागरिकता साथमै रहेछ। अनि नेपाल फर्किन पार्यौं। हामीले कपिलवस्तु जिल्ला अदालत आएर ३ पुसमा 'कोर्ट म्यारिज' गर्यौं।

प्रेमविवाहलाई कानुनी वैधता दिएपछि राज्यको दुरुपयोग अन्त्य हुने आशा पलायो। अनि टीकाथली (ललितपुर) आएर डेरामा बस्यौं। तर, हामीमाथिको अत्याचार रोकिएन। प्रहरीहरू डेरामै आएर कुटपिट गरे। हामीले विवाहको 'डकुमेन्ट' देखाउँदा पनि कुटपिट गर्न छाडेनन्। तेरो (नेहा) भविष्य सकाइदिन्छौं भन्दै कुटपिट गरे। थप दुःख दिन बालविवाहको मुद्दा दायर गरे। हामीजस्ता सामान्य युवायुवतीको प्रेमविरुद्ध राज्यले नै यति ठुलो षड्यन्त्र रच्यो।

भारतको बम्बईदेखि टीकाथलीसम्म हामीलाई कुटपिट गर्ने प्रहरी रुगम कुँवर र इन्द्रमणि पोखरेल हुन्। बम्बईमा पक्राउ पर्दा त उनीहरू प्रहरी हुन् भन्ने हामीलाई थाहा नै थिएन। टीकाथलीमा पक्राउ गर्न पनि उनीहरू नै आएपछि मात्रै थाहा भएको हो। उनीहरूले कक्षा १० र १२ को शैक्षिक प्रमाणपत्र पनि खोसे (नेहाको)। मंगलसूत्रदेखि सबै गहना पनि लुटे। प्रहरीले गहना कहाँ लगे अहिलेसम्म थाहा छैन।

टेकुमा पुऱ्याएपछि रुगम र इन्द्रमणिले 'तिमीहरूका कारण बम्बई जाँदा हाम्रो यत्रो धेरै खर्च भयो' भनेर पैसासमेत मागे। इन्द्रमणिले 'मेरो गृहमन्त्रीसँग पहुँच छ' भन्थ्यो। मानव अधिकार आयोगमा पनि उसले गृहमन्त्रीकै आदेशमा पक्राउ गरिएको हो भनेर बयान दिएको सुनेका छौं। उनीहरूमाथि कारबाही होस्।

हाम्रो सम्बन्ध टुटाउन बुबा सुरेन्द्र रौनियार (नेहाका)को पछाडि बसेर गाउँकै रामनारायण यादव भन्ने व्यक्तिले भूमिका खेलेको छ। उसले नै जातको विषय निकालेर यस्तो गरेको हो। उसैले बुबालाई काठमाडौं लगेर गृहमन्त्रीसँग भेट गराएको पनि थाहा पाएका छौं।

सरकारलाई यति मात्र भन्न चाहन्छौं कि हामीलाई शान्तिपूर्वक बाँच्न दिइयोस्। जातकै कारण हामीले जस्तो दुःख कसैले भोग्न नपरोस्। हामीले प्रहरी र समाजका कारण धेरै दुःख पार्यौं। सुरक्षाकर्मीबाटै असुरक्षित भएपछि साह्रै दुःख लाग्दोरहेछ। कोर्ट म्यारिज गरेपछि सर्लाही, रौतहट, धनुषा सबैतिर हामीले पेपर पठाएका थियौं, तैपनि सुनुवाइ भएन। ६ महिनादेखि लुकिलुकी बस्नुपरेको छ। पढ्नसमेत पाएका छैनौं। हाम्रो परिवारले दुःख पाइरहेका छन्। परिवार र हामी सबै शान्ति चाहन्छौं।

हामीले आँट गरेर यो कुरा उठायौं, अरू भएको भए मारिन पनि सक्थे। हाम्रो समाजमा यस्ता धेरै घटना भएको सुनेका छौं। ठिक छ, हामीले प्रेमविवाह गर्‍यौं, हामीलाई छुटाएर समाजले के पाउँछ ? प्रहरीले के पाउँछ ? दलित जातिमाथि किन यस्तो विभेद भइरहेको छ ? हामी सरकार र समाजलाई सोध्न चाहन्छौं।

रविविरुद्ध समान...

पृष्ठ १ बाट क्रमशः

ठगीको मुद्दा मात्र लगाइएको छ।

मंगलबार आफूविरुद्ध मुद्दा दर्ता भएपछि रवि बुधबार १० बजे चितवन जिल्ला अदालतमा हाजिर भएका थिए। उनलाई इजलास नम्बर २ मा न्यायाधीश दयाराम ढकालको इजलासमा साढे तीन बजेसम्म बयान लिइएको थियो। बयानपछि थुनछेक बहस सुरु भयो। चितवन जिल्ला अदालतमा दरबन्दी भएका सबै सरकारी वकिलहरू न्यायाधिवक्ता रवि न्यौपाने, सहायक जिल्ला न्यायाधिवक्ता अमृत सुवेदी र बुद्धबहादुर थापाले बहस गरे। जाहेरवालाका तर्फबाट रमेश काफ्लेले बहस गरे। तर, थुनछेक बहस नसकिएपछि बिहीबार बिहान १० बजे अदालतमा उपस्थित गराउने गरी न्यायाधीशले रविलाई प्रहरीको जिम्मा लगाएका छन्। उनका कानुन व्यवसायीले परिवारको जिम्मा जामानीमा छाड्न अनुरोध गरे पनि न्यायाधीश ढकालले यसअधिकै प्रचलनअनुसार भन्दै न्यायिक हिरासतमा राख्न आदेश गरेका हुन्। यसअघि रुपन्देही जिल्ला अदालतका न्यायाधीश प्रह्लादकुमार योगीले रविलाई थुनछेक बहसकै क्रममा परिवारको जिम्माजमानीमा आफैं उपस्थित हुने सुविधा दिएको थियो।

न्यायाधिवक्ता रवि न्यौपानेलगायत सरकारी वकिलहरूले साहारा सहकारीको १० करोड ८० लाख गोर्खा मिडियामा गएको, रवि लामिछानेले तलबबाहेक पनि २७ लाख रकम बुझिलिएको, गोर्खा मिडियामा प्रवेशअघि र पछि पनि चेक काटेको तथ्य देखाउँदै उनलाई थुनामै राख्नुपर्ने बहस गरेका थिए। बिहीबार जाहेरवालाका तर्फबाट बहस सकिएपछि प्रतिवादीका तर्फका कानुन व्यवसायीहरूले बहस गर्नेछन्। त्यसपछि सरकारी वकिलले जवाफी बहस सकाएपछि न्यायाधीशले आदेश गर्नेछन्।

यसअघि कास्की जिल्ला अदालतले रविलाई ६५ लाख, काठमाडौं जिल्ला अदालतले ६० लाख र रुपन्देही जिल्ला अदालतले १ करोड धरौटी माग गरेको थियो। धरौटी रकममा चित्त नबुझेपछि रविले पोखराको उच्च अदालतमा पुनरावेदन गरेका छन्। सरकारले पनि उनलाई थुनामै राख्नुपर्ने भन्दै उच्च अदालतमा पुनरावेदन गरेको छ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय
गण्डकी प्रदेश, पोखरा

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति : २०८१/१०/२४

यस कार्यालयको मिति २०८१/०७/१४ को बोलपत्र आव्हानको सूचना नं. LIDPO/PKR/IFB/WORKS/09/081-82, मिति २०८१/०८/२१ को बोलपत्र आव्हानको सूचना नं. LIDPO/PKR/IFB/WORKS/11/081-82 र मिति २०८१/०९/०७ को बोलपत्र आव्हानको सूचना नं. LIDPO/PKR/IFB/WORKS/12/081-82 अन्तर्गत तपसिलका ठेक्काहरूको लागि दर्ता हुन आएका बोलपत्र सम्बन्धी प्रस्तावहरू मध्येबाट तपसिलका बोलपत्रदाताहरूले पेश गरेका बोलपत्रहरू न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रको रुपमा छनौट भएको हुदाँ सार्वजानिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल :

सि. नं.	ठेक्का नं.	ठेक्काको नाम, जिल्ला	बोलपत्रदाताको नाम, ठेगाना	कबोल अङ्क (मु.अ. कर र पि.एस. बाहेक)
१	LIDPO/PKR/W/NCB/115/081

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

■ एनओसी निर्वाचनबारे आइओसीले भन्यो-

हामी घटनाक्रम नियालिरहेका छौं

१३ पुसमा भएको एनओसी निर्वाचन र साधारणसभालाई मान्यता दिइनसकेको तथा नजिकबाट अध्ययन गरिरहेको आइओसी र ओसिएको पत्र, श्रेष्ठ नेतृत्वको एनओसीलाई धक्का

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आइओसी)ले नेपाल ओलम्पिक कमिटी (एनओसी)को निर्वाचनलाई अहिलेसम्म मान्यता दिइनसकेको र घटनाको नजिकबाट अध्ययन भइरहेको बताएको छ। ओलम्पिक सोलिडारिटीका निर्देशक जेम्स म्याकलेओ र ओलम्पिक काउन्सिल अफ एसिया (ओसिए)का जनरल डाइरेक्टर हुसैन अल मुस्लामले मंगलबार जीवनराम श्रेष्ठ अध्यक्ष रहेको एनओसीलाई पत्र पठाउँदै सबै पक्षलाई मिलाएर चाँडो समस्या समाधान गर्न आग्रह पनि गरेका छन्। अदालत र सरकारको निर्देशनविपरीत १३ पुसमा एनओसीको निर्वाचन भएको थियो।

'एनओसीको निर्वाचनमा धेरै सदस्यले कानुनसम्मत प्रश्न उठाएका छन्, सरकार वा अदालतबाट यसको निर्णय नहुँदासम्म हामीले केही निर्णय गरेका छैनौँ,' आइओसीको पत्रमा भनिएको छ, 'हामीले पछिल्लो घटनाक्रम नजिकबाट नियालिरहेका छौँ।' सो पत्रमा एनओसीका अध्यक्ष र महासचिवलाई सम्बोधन गरिएको छैन।

आइओसीले साधारणसभा र निर्वाचनको विषयमा उठाएको प्रश्नबारे आफूहरू सचेत रहेको जानकारी एनओसीका सदस्यहरूलाई दिएको छ। अन्तर्राष्ट्रिय खेलकुदको प्रमुख संस्थाको यो पत्रसँगै जीवनराम श्रेष्ठ अध्यक्ष रहेको एनओसीको निर्वाचनले अन्तर्राष्ट्रिय मान्यता अहिलेसम्म पाइनसकेको देखिन्छ। यद्यपि, एनओसीले आफूहरूको निर्वाचनलाई मान्यता प्रदान गरेको दाबी गरिरहेको छ।

यसैबिच एनओसीले बुधबारै जारी गरेको विज्ञप्तिमा आफूहरूको निर्वाचनलाई मान्यता नदिएको विषयमा सत्यता नरहेको दाबी गरेको छ। '१३ पुसमा भएको ओलम्पिकको निर्वाचनलाई आइओसी र ओसिएले लेखेको पत्रमा अमान्य र अवैधानिक भनेर कहींकतै उल्लेख छैन,' एनओसीका अध्यक्ष, महासचिव वा प्रवक्ताको हस्ताक्षरविना जारी भएको विज्ञप्तिमा भनिएको छ, 'अदालतमा विचाराधीन मुद्दाको अन्तिम किनारा नलागेसम्म केही धारणा व्यक्त गर्न नसकिने मात्र भनिएको छ र सबै पक्षलाई मिलाएर जतिसक्दो चाँडो समस्या समाधान गर्न पनि आग्रह मात्र गरिएको छ।' निर्वाचनअघि विधान संशोधन गर्ने कार्य राम्रो नहुने भन्दै आइओसीले तत्कालीन एनओसीलाई सुझाव दिएको थियो।

INTERNATIONAL OLYMPIC COMMITTEE

> एनओसीको निर्वाचनमा धेरै सदस्यले कानुनसम्मत प्रश्न उठाएका छन्, सरकार वा अदालतबाट यसको निर्णय नहुँदासम्म हामीले केही निर्णय गरेका छैनौँ

NEPAL OLYMPIC COMMITTEE

> '१३ पुसमा भएको ओलम्पिकको निर्वाचनलाई आइओसी र ओसिएले लेखेको पत्रमा अमान्य र अवैधानिक भनेर कहींकतै उल्लेख छैन

■ मिलेर समाधान खोज्न निर्देशन

आइओसी र ओसिएका पदाधिकारीले साधारणसभा र निर्वाचनको विवाद अदालतमा पुगेको र अन्तिम निर्णयको प्रतीक्षामा रहेको जनाएका छन्। उनीहरूले एनओसीलाई सबै पक्ष मिलेर समाधान खोज्न निर्देशन दिएका छन्। 'ओलम्पिक चार्टर, सुशासन र सर्वमान्य सिद्धान्तका आधारमा समाधान खोज्न सुझाव छ। यस्तै, सबैलाई स्वीकार्य हुने गरी छिटो र सौहार्दपूर्ण तरिकाले समाधान निकाल्न जरुरी छ,' आइओसीको पत्रमा उल्लेख छ। यसअघि आइओसी र ओसिएले पत्र पठाउँदा एनओसी अध्यक्ष र महासचिवको नाममा पत्र आउने गर्थ्यो। यसपटक दुवैको नाममा नभएर सबै सदस्यलाई एकैसाथ सम्बोधन हुँदा एनओसीको निर्वाचनलाई अन्तर्राष्ट्रिय संस्थाले मान्यता नदिएको दाबी स्रोतले गरेका छन्। 'अध्यक्ष वा महासचिवको नाममा पत्र नआउनुको अर्थ आइओसी र ओसिएले निर्वाचनलाई वैधानिक मानेको छैन। यदि निर्वाचनलाई मान्यता दिएको भए, सीधै अध्यक्ष वा महासचिवको नाममा पत्र आउनुपर्ने थियो,' स्रोतले भन्यो।

■ अनलाइन भोटिङ

सर्वोच्च अदालतको आदेश र राष्ट्रिय खेलकुद परिषद्को निर्देशनको बाबजुद एनओसीको गत पुसमा अनलाइन भोटिङमार्फत निर्वाचन भएको थियो। परिषद्ले अदालतको आदेशविपरीत निर्वाचन हुन लागेको भन्दै संघलाई भाग नलिन निर्देशन दिएको थियो। अदालत र सरकारको निर्देशनविपरीत भएको निर्वाचनबाट श्रेष्ठ तेस्रो कार्यकालका लागि निर्वाचित भए। अध्यक्षमा उम्मेदवारी दिएका तत्कालीन एनओसीका महासचिव निलेन्द्रराज श्रेष्ठ निर्वाचन प्रक्रियामा सहभागी भएनन्।

निर्वाचनमा २७ मध्ये २० सदस्यले अनलाइनबाट मत दिएका थिए। फुटबल, एथलेटिक्स, कुस्ती, सुटिङ, ट्रायथलन, हक्की र फेन्सिङ संघले निर्वाचनमा भाग लिएनन्। फेन्सिङ संघका अध्यक्ष सुनीलकुमार श्रेष्ठले एनओसीको निर्वाचन प्रक्रियाको विरोध गर्दै आइरहेका छन्। जीवनरामले तेस्रो कार्यकाल अध्यक्षका लागि आफैँ महासचिव हुँदा बनाएको विधान संशोधन गरेका थिए। जीवनरामको यो निर्णय गैरकानुनी भन्दै अदालतमा मुद्दा दायर भएको थियो।

उच्च अदालत पाटनले साधारणसभा रोक्न आदेश र सर्वोच्च अदालतले निर्वाचन नगराउन अन्तरिम आदेश दिएको थियो। राष्ट्रिय खेलकुद ऐन, २०७७ र ओलम्पिक कमिटीको २०११ को विधानमा पनि लगातार दुई कार्यकाल निर्वाचित हुन पाउने उल्लेख छ। विधान संशोधन गरी निर्वाचन प्रक्रिया अघि बढाएपछि ओलम्पिकको विवाद सुरु भएको हो। अहिले सर्वोच्चमा एनओसी अध्यक्षमाथि अदालतको मानहानिको अर्को मुद्दा पनि छ।

■ त्रिकोणात्मक टी-२० आई सिरिज

नेपालविरुद्ध नेदरल्यान्ड्स १० विकेटले विजयी

नयाँ पत्रिका

नेपाली महिला राष्ट्रिय क्रिकेट टोली त्रिदेशीय अन्तर्राष्ट्रिय टी-२० सिरिजमा लगातार पाँच खेलमा पराजित भएको छ। त्रिवि क्रिकेट मैदानमा नेपाल बुधबार नेदरल्यान्ड्ससँग १० विकेटले पराजित भयो। यू-१९ टोलीकी कप्तान पूजा महतोले अर्धशतकीय इनिङ्स खेले पनि फितलो बलिङ र फिल्डिङका कारण नेपालले लजास्पद हारको सामना गरेको हो।

नेदरल्यान्ड्सको क्रिकेट इतिहासमा यो कीर्तिमानी जित हो। यसअघि नेदरल्यान्ड्सले कुनै पनि टोलीविरुद्ध दश विकेटको जित निकालेको थिएन। पहिलो ब्याटिङ गरेको नेपालले २० ओभरमा चार विकेट गुमाउँदै १४५ रनको योगफल बनायो। प्रत्युत्तरमा नेदरल्यान्ड्सले १९.४ ओभरमा विनाविकेट क्षति १५१ रन जोडेको थियो। जितसँगै नेदरल्यान्ड्सले शीर्ष स्थानमा रहँदै उपाधि जित्ने सम्भावना कायमै राखेको छ। नेपालको भने उपाधि यात्रा समाप्त भइसकेको छ।

पाँच खेलमा तीन जितसँगै नेदरल्यान्ड्सले ६ अंक जोडेको छ। नेदरल्यान्ड्सले बिहीबार शीर्ष स्थानमा रहेको थाइल्यान्डको सामना गर्नेछ। थाइल्यान्डले चारै खेलमा जित निकाली सर्वाधिक ८ अंक बनाएको छ। सिरिजमा नेदरल्यान्ड्सले नेपाललाई यसअघि २० र १५ रनले हराएको थियो। नेपाल थाइल्यान्डसँग चार विकेट र पाँच रनले पराजित भएको थियो।

■ कीर्तिमानी साझेदारी

१४६ रन पछ्याएको नेदरल्यान्ड्सका लागि ओपनर कालिस र मोल्केनबोएरले कीर्तिमानी साझेदारी गरेका थिए। दुवैले अविजित १५१ रनको साझेदारी गरी नेदरल्यान्ड्सलाई दश विकेटको जित दिलाए। कालिस शतकीय इनिङ्स खेल्न २ रनले चुकेकी थिइन्। उनले ६९ बलमा ११ चौका र दुई छक्कासहित अविजित ९८ रन बनाइन्। मोल्केनबोएरले ४९ बलमा चार चौकाको सहयोगमा ४८ रन बनाइन्।

चालू सिरिजमा यी दुई खेलाडीबिचको साझेदारी कुनै पनि विकेटका लागि अहिलेसम्म भएको सर्वाधिक हो। नेपालकी सीता रानामगर महँगो बलर बनिन्। उनले तीन ओभरमा २६ रन खर्चिन्। सीतासहित पूजा, मनीषा उपाध्याय, कविता जोशी, कप्तान इन्दु बर्मा, रुविना क्षेत्री विकेटविहीन रहे।

■ पूजाको अर्धशतक

उत्कृष्ट फर्ममा रहेकी पूजाले नेदरल्यान्ड्सविरुद्ध अर्धशतक बनाइन्। चालू सिरिजमा नेपालबाट अर्धशतक बनाउने उनी पहिलो खेलाडी हुन्। पूजाले ५१ बलमा पाँच चौकासहित अविजित ६२ रनको योगदान गरिन्। अन्तर्राष्ट्रिय टी-२० मा उनको यो दोस्रो अर्धशतक हो। गत वर्ष एसिसी प्रिमियर कपमा उनले माल्दिभ्सविरुद्ध अविजित ५९ रन बनाएकी थिइन्। पूजाले कप्तान इन्दु बर्मासँग तेस्रो विकेटका लागि ७८ रनको साझेदारी गरेकी थिइन्। इन्दुले ३७ बलमा पाँच चौकासहित ३९ रनको योगदान गरिन्। पूर्वकप्तान रुविना क्षेत्रीले २० रन बनाइन्।

विकेट लिन नसक्नु दुर्भाग्य

● **पूजा महतो**, खेलाडी, नेपाल

ब्याटिङमा राम्रो गरेका थियौँ, तर बलिङ र फिल्डिङ खराब रह्यो। नेपाली टोलीमा फिल्डिङमा धेरै समस्या छ। धेरै क्याच मिस गरेका छौँ। ब्याटिङमा राम्रो गरे पनि बलिङमा राम्रो गर्न सकिँ। नेपाली क्रिकेटमा धेरै समर्थक छन्। त्रिवि क्रिकेट मैदानमा विपक्षीको एक विकेट लिन नसक्नु लजास्पद हो। यो एक किसिमले दुर्भाग्य हो।

खेल संक्षेप

ग्रेट हिमालय सेमिफाइनलमा

काठमाडौं/ ग्रेट हिमालय क्रिकेट एकेडेमी प्रधानमन्त्री कप पुरुष क्रिकेट काठमाडौं जिल्ला छनोटको सेमिफाइनलमा प्रवेश गरेको छ। मूलपानीको माथिल्लो क्रिकेट मैदानमा ग्रेट हिमालयले बालुवाटार क्बललाई १८ रनले हरायो। तीन खेलमा ६ अंक जोडेर ग्रेट हिमालयन समूह 'बी'को विजेता हुँदै अन्तिम चारमा पुगेको हो। २ अंक जोडेको बालुवाटार प्रतियोगिताबाट बाहिरियो। महावीर क्लब पनि सेमिफाइनलमा पुगेको छ। अर्को खेलमा एन्जल्स स्पोर्टस् एकेडेमीले ग्रेट हिमालयको 'ए'लाई सात विकेटले पराजित गरेको छ। ग्रेट हिमालयले दिएको १४४ रनको लक्ष्य पछ्याएको बालुवाटारले २० ओभरमा पाँच विकेट गुमाउँदै १२५ रन मात्रै बनाउन सक्यो। बालुवाटारका लागि प्रसिद्ध जैसीले ५३ बलमा ५२ र सुजल खड्गीले ४३ बलमा ५१ रन बनाए। ग्रेट हिमालयले २० ओभरमा पाँच विकेट गुमाउँदै १४३ रनको योगफल बनायो।

विश्वविद्यालय खेलकुद सुरु

कास्की/ त्रिभुवन विश्वविद्यालयका सुशीलकुमार बानियाँ र मधेश प्रदेश विश्वविद्यालयकी हिमाली शाहीले पोखरामा बुधबारदेखि सुरु दोस्रो विश्वविद्यालय खेलकुद प्रतियोगिताअन्तर्गत चार सय मिटर दौडमा पुरुष र महिलातर्फ पहिलो स्थान हात पारेका छन्। पोखरा रंगशालामा बानियाँले निर्धारित दूरी ५३.९१ सेकेन्डमा पूरा गरे। शाहीले १ मिनेट १०.४६ सेकेन्डमा दूरी पार गर्दै स्वर्ण पदक जितिन्। प्रतियोगिताको उद्घाटन राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले गरेका थिए।

अन्तरविद्यालय स्केट शनिबार

काठमाडौं/ दोस्रो ज्ञान संस्कार राष्ट्रिय अन्तरविद्यालय स्केट प्रतियोगिता शनिबार हुने भएको छ। ज्ञान संस्कार इन्टरनेसनल स्कुल र नेपाल स्केटिङ तथा स्केटबोर्डिङ संघको संयुक्त आयोजनामा हुने प्रतियोगितामा दुई सय खेलाडीको सहभागिता रहने ज्ञान संस्कारकी प्रधानाध्यापक नीलम बानियाँ बड्डूले बताइन्। प्रतियोगितामा छात्र र छात्रामा १२ स्पर्धामा खेल हुनेछ। प्रधानाध्यापक नीलमले अन्तर्राष्ट्रिय मञ्चमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडी उत्पादन गर्न प्रतियोगिताले सहयोग पुऱ्याउने बताइन्।

चर्च ब्वाइज उपाधिनजिक

धरानमा केदार बस्नेत

चर्च ब्वाइज युनाइटेड क्लब २५औँ बुढासुब्बा गोल्डकप फुटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ। 'ए' डिभिजन लिग विजेता चर्च ब्वाइजले भुटानको रोयल थिम्पु कलेजलाई ७-० को फराकिलो अन्तरले हराउँदै अन्तिम दुई स्थान पक्का गरेको हो। चर्च ब्वाइजलाई उपाधिनजिक पुऱ्याउन समीर तामाङ र अर्मान्ड भिदोङले ह्याट्रिक गरेका थिए।

समीरले खेलको २१औँ, ५६औँ र ८५औँ मिनेटमा गोल गर्दै प्रतियोतिगामा पहिलो ह्याट्रिक लगाए। अर्मान्डले खेलको २७औँ, ५०औँ र ५२ औँ मिनेटमा गोल गर्दै ह्याट्रिक पूरा गरे। चर्च ब्वाइजका पदम भट्टराईले २९औँ मिनेटमा एक गोल थपे। खेलको २१औँ मिनेटमा चर्च ब्वाइजले १-० को अग्रता लिएको थियो।

कमजोर फिनिसिङ र रक्षापंक्ति प्रदर्शन गरेको रोयल थिम्पुले खेलको १९औँ मिनेटमा गोल अवसर खेर फालेको थियो। नियन्दा योसेलले चर्च ब्वाइजका गोलरक्षकविरुद्ध वान भर्सेस वानमा पनि गोल गर्न सकेनन्। रोयल थिम्पुले पहिलो खेलमा राष्ट्रिय जागृति क्लब इटहरीलाई ४-१ ले हराएको थियो। चर्च ब्वाइजले नेपाल पुलिस क्लबमाथि १-० को जित निकाली सेमिफाइनल स्थान बनाएको थियो। प्रतिस्पर्धामा बिहीबार एनआरटीले युकेएफसी भारतविरुद्ध सेमिफाइनलमा प्रतिस्पर्धा गर्नेछ। २६ माघमा हुने फाइनलको विजेताले १० लाख र उपविजेताले पाँच लाख प्राप्त गर्नेछन्।

■ आहारारा पोखरा गोल्डकप

एपिएफलाई हराउँदै मच्छिन्द्र अन्तिम आठमा

कास्कीमा रोहितराज पराजुली

मच्छिन्द्र फुटबल क्लबले २४औँ आहारारा पोखरा गोल्डकप फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा स्थान पक्का गरेको छ। दोस्रो प्रिक्वार्टरफाइनलअन्तर्गत पोखरा रंगशालामा बुधबार भएको खेलमा मच्छिन्द्रले नेपाल एपिएफ क्लबलाई २-० गोल अन्तरले पराजित गर्दै अन्तिम आठमा स्थान बनाएको हो। मच्छिन्द्रले २७ माघको सेमिफाइनल प्रवेश खेलमा थ्री स्टार क्लबविरुद्ध प्रतिस्पर्धा गर्नेछ।

पहिलो हाफमा दुवै टोलीले गोलरहित बराबरी खेलेका थिए। दोस्रो हाफमा मच्छिन्द्रले उत्कृष्ट फिनिसिङ देखाउँदा एपिएफको केही लागेन। खेलको ७४औँ मिनेटमा मच्छिन्द्रले एपिएफको बलियो रक्षापंक्ति तोड्दै १-० को अग्रता लियो। आदित्य शाक्यले अग्रता दिलाएका हुन्। उनले आयुष घलानको पासमा उत्कृष्ट फिनिसिङ गरेका थिए। मैदानको मध्यभागबाट आयुषले आदित्यलाई पास दिएका थिए। आयुषले एपिएफका तीन रक्षकलाई छलाउँदै डिबक्सभित्रबाट दोस्रो बारमा सीधै गोल गरे। खेलको ८१औँ मिनेटमा विदेशी खेलाडी स्टेफन कामाहाले मच्छिन्द्रलाई २-० को अग्रता दिलाए। कामाहाले देवेन्द्र तामाङको फ्रिकिकबाट आएको बललाई डिबक्सभित्र हेडिङ गोल गरेका हुन्।

कमजोरी सुधार्न बाँकी छ

● **सन्तोष न्यौपाने**, प्रशिक्षक, मच्छिन्द्र

एपिएफविरुद्ध खेलाडीले राम्रो खेलेका थिए। जित निकाले पनि अझै पनि कमजोरी देख्छु। यसमा सुधार गर्न आवश्यक छ। आगामी खेलमा ती सबै कमजोरी सुधार गरी प्रतिस्पर्धा गर्नेछौँ।

हामी फिनिसिङमा चुक्यौँ

● **जीवेशकुमार पाण्डे**, प्रशिक्षक, एपिएफ

मच्छिन्द्रविरुद्धको खेलमा एपिएफले राम्रो प्रदर्शन गरेको थियो। खेलाडीले फिनिसिङमा कमजोरी गरे। खेल जित्न स्कोर आवश्यक पर्छ। हामीले सहज गोल अवसर पनि चुकायौँ।

न्युटन र ग्रिनल्यान्ड विजयी

नयाँ पत्रिका

न्युटन र ग्रिनल्यान्डले प्रथम फेरिल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको जुनियर पुरुषमा जित निकालेका छन्। बुधबार भएको खेलमा न्युटनले हिमालयलाई २८-१६ ले पराजित गऱ्यो। ग्रिनल्यान्डले सेन्ट जोसेफलाई १५-१२ ले हरायो। जुनियर पुरुषमा वसुन्धरा नेसनल एकेडेमीले पिक प्वाइन्टमाथि ३५-२५ को जित निकाल्यो। किङडम हिमालयनले गुरुकुललाई ५१-२८ ले पाखा लगायो। जुनियर महिलामा न्युटनले सेन्ट जोसेफलाई २६-१४ ले हरायो। बौद्ध चिल्ड्रेन हेभेनले मन्जरीलाई ३७-२२ र ग्रिनल्यान्डले लोयल्टी एकेडेमीलाई १७-१२ ले पाखा लगाए। एनसिसिएसले एपेक्स लाइफलाई २४-१७ ले पन्छायो।

Kalika Municipality
Office Of Municipal Executive
Redcrossgram, Chitwan

INVITATION FOR BIDS

Contract Identification No: 16/Works/NCB/KM/081/082
First date of publication: - 2081-10-24 (6th February, 2025)

1. Kalika Municipality, Office of Municipal Executive, Redcrossgram, Chitwan invites electronic bids from eligible bidders for the Construction of below mentioned work under National Competitive Bidding - procedures, mentioned in the table below.

S. N.	Contract No.	Description of Work	Key Qualifications	Bid Validity/Bid Bond Validity Period	Bid Security Amount (NRs.)	Price of Bid Document (NRs.)
1	16/Works/ NCB/KM/ 081/082	Construction of Bridge at Kalika Na Pa 10 Kayar Khola	• Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: **NRs 52.10 Million.** • Minimum Work experience of similar size and nature: **One Pre-stressed Concrete Bridge Construction Work** Contracts & value of the project not less than **NRs 31.26 Million.**	120 days from the date of Bid opening.	15,00,000/-	5,000/-

Account details for purchasing bidding document and bid security deposit
Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.
Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.
Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, राजस्व शिर्षक नं : १४२१९
Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata
Last Date of Bids Submission Date: Before 12 PM on 2081-11-25 (9th March, 2025)
Bids Opening Date: At 13:00 PM on 2081-11-25 (9th March, 2025)
Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Kalika Municipality, Office of Municipal Executive during office hours or may visit PPMO's e-GP system **www.bolpatra.gov.np/egp.**

Chief Administrative Officer

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com